# विकल्पमा समाजवाद

(प्रारम्भिक ज्ञान)

विष्णु रिमाल
उमेश उपाध्याय



**विकल्पमा समाजवाद (प्रारम्भिक ज्ञान)**

**लेखक :**
विष्णु रिमाल
उमेश उपाध्याय

**आवरण, लेआउट/डिजाइन**
**तथा मुद्रण व्यवस्थापन :**
एम्ज माउस, ४२६५९४४
ई-मेल : msmouse@wlink.com.np

**सुद्धासुद्धी :**
कविन्द्र शेखर रिमाल
अग्निशिखा

**प्रकाशक :**
नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पोष्ट बक्स १०६५२, काठमाडौं
फोन : ४२४८०७२
फ्याक्स : ४२४८०७३
ई-मेल : office@gefont.org
वेबसाइट : www.gefont.org

**मूल्य रु. ८०/-**

© GEFONT 2004

ISBN : 99946-940-2-2

**जिफन्ट प्रकाशन नं. : ८०**

**प्रकाशन सहयोगी :** फ्रेडरिख इबर्ट स्टीफटुङ-नेपाल

## हार्दिक आभार

यो पुस्तक लेख्ने क्रममा विभिन्न विज्ञहरूका लेख, रचना, सुझाब तथा रायलाई हामीले आधार बनाएका छौं । नेकपाका संस्थापक महासचिव **पुष्पलाल**, जर्मन बुद्धिजीवी **थोमस मायर**, दक्षिण अफ्रिकी ट्रेड यूनियन आन्दोलन-कोसाटु लगायत विभिन्न संस्थाहरूका प्रकाशन, इन्टरनेट वेवसाइट तथा समसामयिक प्रकाशनहरूलाई सन्दर्भ सामग्रीको रूपमा उपयोग गरिएको छ । जिफण्ट राष्ट्रिय कमिटीका नेताहरू तथा इटहरी, हेटौडा, बुटवल तथा काठमाडौंका छलफल कार्यक्रमहरूमा सहभागी जिफण्टका विभिन्न तहका कमिटीहरूमा आबद्ध नेताहरूको अमूल्य सुझाबलाई यसमा ग्रहण गरिएको छ । फ्रेडरिख इवर्ट स्टिफटुङ - नेपालका प्रमुख **देवराज दाहाल**का राजनीतिक-सैद्धान्तिक सुझाब उल्लेखनीय छ ।

# विषय प्रवेश


→ विषय प्रवेश /१

१ प्राचीन समाजहरू /७

२ पूँजीवाद र उदारवादी राज्य /१५

३ नेपालको सामाजिक स्वरूपः अर्ध सामन्ती, अर्ध औपनिवेशिक /२१

४ प्रजातन्त्र के हो? /२५

५ प्रजातन्त्र र समाजवाद /३१

६ नेपालमा प्रजातान्त्रिक आन्दोलन /४९

७ जनताको बहुदलीय जनवादः समाजवादतर्फको नेपाली प्रजातान्त्रिक बाटो /७३

८ जनताको बहुदलीय जनवाद र समाजवाद /८१

९ सामाजिक क्रान्तिको सन्दर्भमा श्रमिक वर्गको भूमिका /८७

# समाजवादी विकल्पबारे दुई शब्द



आज समाजवादको बारेमा विभिन्न कोणहरूबाट अनेकौं प्रश्नहरू उठिरहेका बेला नेपाल ट्रेड यूनियन महासंघले समाजवादको प्रारम्भिक ज्ञान पुस्तकाकारको रूपमा प्रकाशन गरेको छ । समाजवाद के हो र असली समाजवाद र नक्कली समाजवाद बीचको भिन्नता के हो भन्ने बारे विश्वव्यापी रूपमै गंभीर मत मतान्तरहरू छन् । ठूला-ठूला दार्शनिकहरू, समाजशास्त्रीहरू समेत यी मतभेदको भुमरीमा रुमल्लिएका छन् । दुई सय वर्षदेखि समाजवादको बारेमा बहस चलिरहेको छ । रवर्ट ओवेन र फुरिर्यको समाजवाद खण्डित भयो र मार्क्सको समाजवाद अगाडि आयो । मार्क्सवादी समाजवाद पनि दुई धारमा विभाजन भयो । दोस्रो अन्तरराष्ट्रिय र तेस्रो अन्तरराष्ट्रियको नाममा त्यो विभाजन अगाडि आयो ।

पूँजीवादलाई हेर्ने दृष्टिकोणमै गंभीर समस्या उत्पन्न भएर पूँजीवाद र समाजवाद बीचको भिन्नतालाई रेखाङ्कन गर्ने समस्या समेत उत्पन्न भयो । लेनिनको नेतृत्वमा भएको अक्टोबर क्रान्ति पश्चात "युद्ध-साम्यवाद" को घोषणा गरियो र पूँजीवादको विकास बिना सामाजवाद सम्भव छैन भन्ने कुरालाई समेत बिर्सियो । सन् १९२१ मा लेनिनले आफ्ना भुलहरूलाई सच्चाउने क्रम नयाँ आर्थिक कार्यक्रम अगाडि सारेर शुरू गरे । रुसका समग्र क्षेत्रमा आर्थिक विकासलाई तीव्र पार्न निजीक्षेत्रको सहभागितालाई अनिवार्य बनाए । यदि लेनिन स्वस्थ र लामो कालसम्म जीवित रहेको भए समाजवादको अवधारणा कति विकास हुन्थ्यो त्यो अनुमान गर्न सकिदैन । तर, लेनिनको मुत्यु पश्चात्, सैद्धान्तिक बहसहरू र वैचारिक मतमतान्तरलाई स्वस्थ रूपमा मार्क्सवादी पद्धति अन्तर्गत टुंगो लगाउने बाटो रुसको पार्टीले अवलम्बन गर्न सकेन । लेनिनको मृत्यु भएको तीन वर्ष नपुग्दै लेनिनले अघि सारेको आर्थिक कार्यक्रम समाप्त पारियो । अन्तर पार्टी जनवाद समाप्त भयो र पार्टीभित्र एक व्यक्ति अधिनायकवाद लादियो । राजकीय पूँजीवादको स्तरमा रहेको रुसी समाजलाई समाजवादी समाज भनेर घोषणा गरी निजी क्षेत्रको भूमिकालाई पूर्ण रूपले समाप्त गरियो ।

यसको परिणाम रुसी समाजवाद अग्रगतितर्फ हैन पछाडि धकलियो । समाजवादका आर्थिक जराहरू रुसको समग्र क्षेत्रमा फस्टाउन सकेनन् । जनताको जीवनस्तर हरेक क्षेत्रमा उच्च र स्वावलम्बी बन्न सकेन । समाजवादलाई सुदृढ बनाउने तथा जनताको आर्थिक-राजनीतिक जीवन र स्वतन्त्रतालाई उँचो उठाउने भन्दा पनि आफ्नो शासनलाई कसरी टिकाउने, विरोधीलाई कसरी दवाउने र मुलुकमा बाहिरी ज्ञानको प्रवेशलाई कसरी रोक्ने भन्ने कुरातर्फ मात्र पार्टीको ध्यान गयो । आन्तरिक रूपमा जनताको जीवन जस्तो सुकै रहे पनि बाह्य रूपमा पूँजीवादसँग उछिन-पाछिन गर्ने हिसाबले योजनाहरू बने । ठूला-ठूला कारखाना खोल्ने र अमेरिकासँग प्रतिस्पर्धा गर्ने अनि फलाम, कोइला र ग्यासको उत्पादनको मात्रा नापेर पूँजीवादलाई उछिन्ने घोषणा गर्दै रुसलाई साम्यवादमा प्रवेश गरेको घोषणा गर्ने जस्ता काम रुसी नेतृत्वले गऱ्यो ।

राजकीय पूँजीवादलाई समाजवाद देख्ने र सामाजिक पूँजीवादलाई साम्यवाद देख्ने रुसी कम्युनिस्ट पार्टीको विश्लेषण र व्याख्याकै पछाडि प्रायः एसियाका सबै कम्युनिस्ट पार्टीहरू पुगे । वास्तवमै रुसको यो व्याख्याले मार्क्स र एंगेल्सको समाजवादको धारणालाई उल्टाउने काम गरेको थियो । तर स्टालिनको आलोचना गर्न नसक्ने र शक्तिको पूजा गर्ने मनोवृति बोकेका कम्युनिस्ट पार्टीहरूले आफ्नो स्वतन्त्र चिन्तनलाई समेत कमजोर बनाइ सकेका थिए । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व मात्र केही हदसम्म स्वावलम्बी र स्वतन्त्रताको पक्षमा उभियो । त्यसले अप्रत्यक्ष रूपमा भए पनि स्टालिनको गलत शैलीसँग जुध्दै उनको गलत कुरामा असहमति जनायो । त्यो पार्टीको समाजवाद र पूँजीवादको अन्तरविरोधको

व्याख्या पनि एकहदसम्म ठिकै देखिन्छ तर पनि समाजवाद सम्बन्धी अवधारणाको बारेमा भने त्यसका पनि व्याख्याहरू अधुरा नै देखिन्छन् ।

रुसी मोडेलको समाजवादको पतनपछि समाजवादी अवधारणा र त्यस सम्बन्धी व्याख्या विश्लेषणहरू थप संकटमा परेका छन् । पूर्व सोभियत मोडेलबाट बनेका सोचहरू पूराका पूरा उल्टिएका छन् र संसारभरि नै कम्युनिस्ट पार्टीको भविष्य र समाजवादको भविष्यबारे बहसहरू भइरहेका छन् ।

हाम्रो देशको कम्युनिस्ट आन्दोलन पनि यो कुराबाट अछुतो रहन सक्दैन । हाम्रो देशको कम्युनिस्ट आन्दोलनले कहिल्यै पनि मार्क्सवादलाई मार्क्सकै चिन्तन, सोच र सिद्धान्तको आधारमा बुझ्ने कोसिस गरेन । लेनिन जीवित रहेसम्म लेनिनको आँखाले मार्क्सवादलाई हेऱ्यो । लेनिनका लिखितबाट मार्क्सवाद बुझ्न खोजियो, मार्क्सका लिखतबाट होइन । काउत्स्की किन गलत थिए भन्नेले काउत्स्की पढेन । रुसी पार्टी र युरोपेली पार्टीको विवादलाई सही ढंगले पहिचान गर्न उसले युरोपका पार्टी पढेन केवल रुस पढ्यो । रुसलाई क्रान्तिको नाभिकेन्द्र मानी आफै रुसी जस्तो भयो । लेनिनको मृत्यु पछि स्टालिन र स्टालिन पछि माओको आँखाबाट मार्क्सवाद बुझ्ने काम भयो । वास्तवमा सिद्धान्तको ठाउँमा ती पार्टीहरूले व्यक्तिलाई पछ्यायो, नीतिका ठाउँमा नेता पछ्याए र विचारका ठाउँमा शक्तिको पछि लागे । नेपाल मात्र होइन, एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका प्रायः सबै पार्टीको हविगत यस्तै रह्यो । आज रुसको पतन पछि यी देशका पार्टीहरू केहीलाई छोडेर भन्ने हो भने डामाडोल भएका छन् र कतिपयले त समाजवाद भन्ने शब्द सुन्न पनि चाहँदैनन् । समाजवाद अति नै उत्तम र समृद्ध व्यवस्था हो । श्रमिक र श्रमजीवी जनताको लागि यो भन्दा उत्तम विकल्प छैन । तर लामो कालमा सत्ताको लालसामा छटपटाएका समाजका अनेकौं तत्त्वहरूले सत्ता प्राप्त गर्न वा सत्ता प्राप्ति पछि यसको नाउँमा गरेका गलत क्रियाकलाप र व्यवहारले आज समाजवादप्रति विश्वभरि नै एक प्रकारको भ्रम र अन्यौलता सृजना भएको छ । हाम्रै देशमा पनि समाजवाद र मार्क्सवादकै व्याख्यामा अनेकौं भ्रमहरू छन् ।

यिनै भ्रमलाई चिर्न र श्रमिकहरूलाई सचेत पार्ने उद्देश्यले नेपाल ट्रेड यूनियन महासंघले विगत केही वर्षदेखि समाजवादको बारेमा छलफल र बहस गर्दै आइरहेको छ । दुई वर्ष अगाडि “समृद्ध जीवनको लागि समाजवाद” भन्ने पुस्तिका प्रकाशन गरेको थियो र त्यसलाई देशव्यापी रूपमा प्रशिक्षण पुस्तिकाको रूपमा लग्यो । समाजवादको समग्र र प्रारम्भिक चरणको ज्ञानको आवश्यकता महसुस गरी यसलाई अझ व्यापक बनाउने हिसाबले समाजवादको छलफललाई अरू व्यापक बनाउन अनेकौं गोष्ठी सेमिनार समेत गरिए । यिनै बहस र छलफल पछि उठेका धारणाहरू र विचार तथा दुनियाका समाजवादी विचारकहरूका विचार र भिन्न मतहरूलाई समेत संकलन गर्दै नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष विष्णु रिमाल र उपमहासचिव उमेश उपाध्यायको प्रयास पछि यो ‘विकल्पमा समाजवाद’ (प्रारम्भिक ज्ञान) पुस्तकको रूपमा प्रकाशित भएको छ । यो प्रारम्भिक ज्ञान भनिए पनि यसको पूर्ण अध्ययनले नेपाली श्रमजीवी वर्गलाई समाजवादको बारेमा धेरै कुरा दिनेछ । अहिले सम्म हाम्रो देशमा चर्चा नभएका समाजवादका व्याख्याताहरूका बारेमा जानकारी गराउने छ ।

पुस्तकमा कहाँ के छ भनेर खोतल्ने यो भूमिकाको आसय हैन । सबै श्रमिक साथीहरूले पुस्तकबाटै पुस्तकले भन्न खोजेका कुरा बुझ्नु हुनेछ । खाली श्रमिकहरूलाई मात्र हैन आफूलाई ५० औं वर्षदेखिको मार्क्सवादको खरो शिष्य ठान्ने नेपालका कम्युनिस्ट नेताहरू जो आज पनि रुढीवाद र जडसूत्रवादको दल-दलबाट बाहिर निस्कन सकेका छैनन्, उनीहरूको लागि पनि केही मात्रामा उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु । अन्त्यमा यसका लेखकद्वयलाई धन्यवाद दिंदै यो कृति श्रमजीवी जनताको लागि उपलब्धिमूलक हुनेछ भन्ने आशा व्यक्त गर्दछु ।

**मुकुन्द न्यौपाने**
अध्यक्ष
नेपाल ट्रेड यूनियन महासंघ

# पुस्तकबारे लेखकहरूको भनाइ

१. यो पुस्तक ट्रेड यूनियन  आन्दोलनका सामान्य कार्यकर्ताको लागि तयार गरिएको हो । यसमा प्रयोग गरिएका कतिपय शब्दहरू बुझ्न कठिन ठानिएकोले सरल रूपमा बुझाउन **गाढा कालो रंगमा (बोल्ड)** चिन्हबाट संकेत गरिएको छ । शब्द रहेकै पानाको छेउमा शब्दको परिभाषा भन्ने बाकसमा त्यसको अर्थ तथा व्याख्या राखिएको छ ।

**शब्दको परिभाषा**

समाजवाद

..........................

२. पुस्तकमा उल्लेख गरिएका ऐतिहासिक पात्रहरूको नामलाई पनि **गाढाकालो रंगबाट** संकेत गरिएको छ । नाम भएकै पानामा ती पात्रहरूका चित्र र परिचय पनि राखिएको छ । थप परिचय आवश्यक नपर्ने कतिपय पात्रहरूको चित्र र नाम मात्र उल्लेख गरिएको छ । केही सान्दर्भिक विचारक वा व्यक्तिहरूको चित्र सहित परिचय दिइएको छ ।

कार्ल मार्क्स



.....................

३. पुस्तकमा विज्ञ (जान्ने व्यक्ति) लाई ठाउँ ठाउँमा प्रयोग गरिएको छ । यसको कारण सिधै विषयका विज्ञहरूको आधिकारिक धारणा हाम्रा पाठकहरूले थाहा पाउनुहोस् भन्ने हो । विज्ञहरू नकिटिएको स्थानमा फरक रंगको बाकसमा खास विषयको व्याख्या दिइएको छ ।

विज्ञको भनाइ

.....................

४. सहिष्णुता प्रजातन्त्रको एउटा आधार हो । विचारहरू माथि बहस गर्दा वा आफ्नो धारणा तयार गर्दा आग्रही वा पूर्वाग्रही हुनुहुन्न । यही मान्यतामा अडेर यो पुस्तकमा सकेसम्म सबै विचारहरूको निष्पक्ष परिचय सहित नेपाल ट्रेड यूनियन महासंघको ध्येय अनुरूपको विकल्प- **समाजवाद**को पक्षपोषण गरिएको छ ।

..........................
..........................
..........................

५. यो पुस्तक प्रशिक्षण सामग्री हो, संगठनको आधिकारिक दस्तावेज वा मुखपत्र होइन । पुस्तक तयार गर्दा 'समाजवादलाई गन्तव्य सहितको निरन्तर यात्रा र सृजनात्मक प्रयोग' को रूपमा स्वीकार गरिएकोले यसमा उल्लेखित विचार माथि जो कोही पनि बहस गर्न स्वतन्त्र हुनुहुन्छ ।  निरन्तर बहस, अन्तरक्रिया र छलफलद्वारा विचारलाई समृद्ध पार्ने र प्रयोग तथा परिमार्जन मार्फत उन्नत समाजवादको विकास र अभ्यास गर्न सकिन्छ भन्नेमा हामी विश्वास गर्छौं । त्यसैले यो पुस्तकले बहुलतामा आधारित मान्यता - "**सयौं फूलहरूलाई फुल्न देऊ, अनेक विचारहरू बीच प्रतिस्पर्धा हुन देऊ** !" लाई आत्मसात गरेको छ ।

# विषय प्रवेश



# विषय प्रवेश



मानव जीवन, मानव सभ्यता, समाज, समाज भित्रको वर्ग-समूह-समुदाय, समाज व्यवस्था, राज्य, राज्यव्यवस्था, राजनीति, विचारधारा, प्रजातन्त्र, दर्शन, अर्थतन्त्र, समाजवाद, सामन्तवाद, पूँजीवाद, साम्राज्यवाद, विश्वव्यापीकरण जस्ता धेरै शब्दहरू सामान्य जीवनमा पनि हामी सधैं सुनिरहन्छौं । हामी सबैले सामान्य कुराकानीमा पनि यस्ता शब्दहरू भनिरहेका हुन्छौं। शब्दहरू उनै भए पनि विश्लेषणका दृष्टिकोण र तरिका अनुसार बेग्लाबेग्लै अर्थमा बुझ्ने र व्याख्या गर्ने गरेको देखिन्छ। समाजलाई परिवर्तन गर्ने वा यथास्थितिमा राख्ने, परिवर्तन गर्ने हो भने पनि कसरी र कस्तो परिवर्तन गर्ने भन्ने विषयमा धेरै थरी विचारहरू हुन्छन् ।

त्यसैले आफ्नो समाज, आफ्नो देश र बाँकी विश्वमा भइरहेका परिवर्तनहरू बुझ्न र आफ्नो देश तथा समाजको परिवर्तनको ठिक बाटो ठम्याउन नेपाली श्रमजीवी वर्गलाई सजिलो पार्ने हिसाबले यो पुस्तक तयार गरिएको हो। यसमा प्रस्तुत हाम्रो विश्लेषण समाजवादी दृष्टिकोणमा आधारित विश्लेषण हो । समाजवादलाई राजनीतिक, सामाजिक, ऐतिहासिक र आर्थिक धरातलमा उभ्याउने दर्शन मार्क्सवादी भौतिकवादी दर्शन हो । त्यसैले समाजवादी दृष्टिकोणको मूल मुहान मार्क्सवाद नै हो । समाज र विकासलाई व्याख्या गर्ने मार्क्सवादी पद्धतिबाटै हामीले यस पुस्तकमा श्रमजीवी वर्गका लागि शैक्षिक सामग्री पस्केका छौं । तर सबै विचार र विश्लेषणहरू मानव सभ्यताको उपलब्धि नै हुन्, त्यसैले हामीले पूर्वाग्रहमुक्त रही सकेसम्म सबैखाले जानकारीहरूको सार समेटेका छौं ।

कार्ल मार्क्स



(सन् १८१८-१८८४)
समाज विकास र क्रान्तिकारी परिवर्तनका युगान्तकारी विचारक, वैज्ञानिक समाजवाद र साम्यवादका प्रवर्तक, जसको प्रभाव विश्वव्यापी रूपमा सर्वाधिक फैलिएको छ ।

शब्दको परिभाषा

**अन्तरविरोध**

सामान्यतः शब्दको हिसाबले आपसी मनमुटावलाई अन्तरविरोध भनिन्छ। तर राजनीतिक अर्थमा अन्तरविरोध भन्नाले दुई विपरित समूह वा पक्ष बीच रहेको विवादहरू र द्वन्द्वहरू हुन्।

मार्क्सवादी विश्लेषणका दुई आधार छन्- द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद । द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी दर्शन हो, जसले प्रकृति, इतिहास र समाजलाई धार्मिक ग्रन्थमा व्याख्या गरे अनुसार वा आध्यात्मिक दृष्टिकोणबाट नभएर वस्तुवादी दृष्टिकोणबाट व्याख्या गर्दछ । यसले सबै कुरालाई परिवर्तनको प्रक्रियासँग जोड्छ । हरेक परिवर्तन वस्तुभित्रै रहेको द्वन्द्व र **अन्तरविरोध**का कारण हुन्छ भन्नु द्वन्द्ववाद हो । यसरी तथ्यबाट सत्य पत्ता लगाउने द्वन्द्व आधारित भौतिकवादी दर्शन नै द्वन्द्वात्मक भौतिकवाद हो ।

यस्तै, समाज र मानव इतिहासको ठोस अध्ययन भनेको ऐतिहासिक भौतिकवाद हो । "हाम्रो इतिहास वर्गहरू र वर्ग संघर्षको इतिहास हो" भन्ने सिद्धान्तमा यो आधारित छ ।

मार्क्सवादको आधारभूत विचार भनेको "समाजलाई वर्गीय दृष्टिकोणबाट बुझ्नु पर्छ" भन्ने हो । मार्क्सवादले भन्छ- आर्थिक नीति, प्रजातन्त्रको प्रकृति वा विचारहरूको संयोजन जस्ता धेरै पक्षहरूलाई वर्गीय दृष्टिकोणबाट मूल्यांकन गरिनु पर्छ । यसको अर्थ हो ठालुलाई गतिलो लाग्ने नीति श्रमजीवी जनताको हितमा कामै नलाग्ने पनि हुन सक्छ ।

फ्रेडरिख हेगेल




(सन् १७७०-१८३१)
जर्मनीका आदर्शवादी सिद्धान्तकार र १९ औं शताब्दीका शुरुका ज्यादै प्रभावशाली विचारक तथा द्वन्द्ववादका प्रर्वतक

## वर्ग के हो

वर्ग भनेको समाजमा उस्तै सामाजिक र आर्थिक हैसियत उपभोग गरिरहेका जनताको अलग-अलग समूह हो । यो शब्द सबै भन्दा पहिले मार्क्स र एंगेल्सले प्रचलनमा ल्याएका हुन् । वर्ग संघर्ष हरेक प्रकारको समाज व्यवस्थामा रहेको हुन्छ । दास, सामन्तवादी वा पूँजीवादी हरेक समाजमा मुट्ठीभर व्यक्तिले उत्पादनका साधनमाथि नियन्त्रण गर्दछन् । यिनीहरू नै शासक वर्ग बनेका छन् । अत्यन्त ठूलो संख्यामा रहेका जनताको हातमा साह्रै थोरै चिज रहन्छ, उनीहरू आफ्नो काम गर्ने क्षमताको मात्र मालिक हुन्छन् । शासक वर्गले आफ्नो 'आर्थिक शक्ति' प्रयोग गरी श्रमिकको अतिरिक्त श्रमको शोषण गर्दछ । अर्को शब्दमा भन्नुपर्दा 'मजदुरहरू आफ्नो रोजी-रोटीको लागि मात्र होइन, शासक वर्गको आवश्यकता पूरा गरिदिन' पनि काम गर्न बाध्य हुन्छन् । त्यसैले, मार्क्सवादले वर्ग भनेको समाजको "उत्पादन प्रक्रिया" को परिणाम हो भन्दछ । समाजमा "धनी" र "गरीब" छन् भन्नुको अर्थ समाजमा वर्ग छ भन्ने कुराको प्रमाण मात्र हो ।

फ्रेडरिख एंगेल्स



(१८२०-१८९५)
मार्क्सका सहयोगी राजनीतिक विचारक र सिद्धान्तकार

सबै प्रकारको उत्पादन दुई आधारभूत कुरामा अडेको हुन्छ -

पहिलो, **उत्पादक शक्ति** : उत्पादक शक्ति भनेको श्रम शक्ति र उत्पादनका साधनको एकता हो । उत्पादनका साधन भनेको मेसिन, यातायात, जमिन, कच्चा पदार्थ, पूँजी हो भने श्रम शक्ति भनेको व्यक्तिगत तथा सामूहिक श्रम हो ।

दोस्रो, **उत्पादन सम्बन्ध** : उत्पादन सम्बन्ध भनेको उत्पादन प्रक्रियामा रोजगारदाता, व्यवस्थापक र श्रमिक आदिको व्यवहार वा सम्बन्धको कुरा हो ।

उत्पादक शक्ति र उत्पादन सम्बन्धको आधारमा समाजको प्रकृति दुई मूल प्रकारको देखिन्छ-

१. **वर्गीय समाज** (दास समाज, सामन्ती समाज र पूँजीवादी समाज) - यो समाजमा एउटा वर्गको श्रममा समाजकै अर्को वर्ग बाँचिरहेको हुन्छ । बचेको सम्पत्तिमा शोषक वर्गको नियन्त्रण हुन्छ ।

२. **वर्गविहीन समाज** (आदिम साम्यवाद र समाजवाद) सिंगो समाजले नै उत्पादनको क्रममा बचेको सम्पत्तिलाई के गर्ने भन्ने सामूहिक निर्णय गर्दछ । समाजले यस्तो बचतलाई केटाकेटी, बुढापाका वा समृद्ध जीवनका लागि आवश्यक पर्ने अन्य काममा खर्च गर्न सक्दछ ।

## विचार र विचारधारा

विचार भनेको व्यक्तिगत चिन्तन हो । मार्क्स भन्छन्- “विचार वास्तविकतामा आधारित हुन्छ । विचारले समाजलाई र समाजले विचारलाई प्रभावित पारेको हुन्छ । यो भनेको नै द्वन्द्वात्मक प्रक्रिया हो ।”

व्यक्तिको विचारलाई जब धेरैले स्वीकार गर्छन्, त्यो संस्थागत र सामूहिक बन्छ र त्यसले सैद्धान्तिक आकार ग्रहण गर्छ । अनि, त्यसलाई विचारधारा भनिन्छ । त्यसैले विचारधारा भनेको विचारको सामूहिक र संस्थागत रूप हो ।

विचारधारा उदारवादी वा अनुदारवादी, प्रगतिशील वा यथास्थितिवादी हुने गर्छ । तर यी सबै विचार वा विचार समूह या विचारधाराहरू पूँजीवादी र समाजवादी गरी दुई खेमामा बाँडिएका छन् ।

विचार वा सिद्धान्त तटस्थ हुँदैन, त्यो वर्गीय हुन्छ- वर्गीय समाजको शक्तिमा आधारित हुन्छ । यो वर्ग, लिंग, जाति आदि सामाजिक हैसियत तथा अनुभवबाट

प्रभावित भएको हुन्छ । मार्क्स भन्छन्- शासक वर्गको विचार नै हरेक युगमा राज्यको विचार हुन्छ । किनकि शासक वर्गले उत्पादनको साधनमाथि मात्र नभएर बौद्धिक उत्पादनमा समेत नियन्त्रण गरेको हुन्छ ।

## राज्यबारे केही कुरा

सामान्य अर्थमा राज्य भनेको 'सेना-प्रहरी-प्रशासन, जनतामाथि कर लगाउने र जनताको बफादारितामाथि एकाधिकार भएको' संस्था हो ।

यो शुरूमा हैकम र दासताको संघर्षमा विकास भएको हो । टाठाबाठा र बल-वुद्धिवालाले अरूलाई दासताको बन्धनमा बाँधेर आफूले मात्र विलासितापूर्ण सुखी जीवन बिताउने **प्रभुता**को आकांक्षाले राज्यको विकास भएको हो ।

निर्धाहरूले चाहिँ नियमहरूमा बलियालाई बाँध्नका लागि राज्यको विकास गर्न खोजेका हुन् भने बलियाले निर्वाध रूपले हैकम चलाउन राज्यलाई दुरूपयोग गर्ने हिसाबले चाहेको हो । दासयुगमा राज्यको शुरूवात भएदेखि नै आ-आफ्नो हिसाबले यसलाई संचालन गर्ने प्रयास हुँदै आएको छ । दासयुगमा र सामन्ती युगमा मालिकहरू, जमिन्दारहरू, सामन्तहरू र राजाहरूको हालीमुहाली रह्यो तर जनताले राज्यलाई आफ्नो पक्षमा प्रयोग गर्न खोज्दा संघर्ष, वलिदान र सुधारहरू पनि हुँदै गए ।

पूँजीवादी युगमा आइपुग्दा राज्य सबैको साझा भन्ने अवधारणाले सिद्धान्ततः **मूर्त**रूप पायो । तर शोषणको साम्राज्य रहेसम्म व्यवहारमा यो सम्भव भएन । त्यसैले राज्यव्यवस्थालाई साँच्चै साझा बनाउनका लागि थप समाजवादी चिन्तनहरू अगाडि आए । एकातिर राज्यलाई सामाजिक संझौताको रूपमा विकास गरियो भने अर्कातिर राज्यविहीन र वर्ग विहीन समाज मात्रै शोषणमुक्त पूर्ण समानताको समाज हुनेछ, पूर्ण समृद्धिको समाज हुनेछ भन्ने वैज्ञानिक समाजवादी धारणा आयो । व्यक्तिगत सम्पत्ति र राज्य रहेसम्म मानव समाज **समृद्ध**, सुखी र **समतामूलक** हुन सक्दैन भन्ने धारणा आयो । अहिले पनि राज्य छ, र संघर्ष चलिरहेछ । सुधारहरू र परिवर्तनका प्रयत्नहरू पनि निरन्तर चलिरहेछन् ।

**शब्दको परिभाषा**

**प्रभुता-सम्प्रभुता-प्रभुसत्ता**

प्रभुता शब्दको अर्थ मालिक बन्ने ठालु भावना हो। व्यक्तिको मालिक्याईं प्रभुता हो, राष्ट्रको स्वतन्त्रता र जनताको आफ्ना विषयमा आफैं निर्णय गर्ने हक अधिकार सम्प्रभुता हो। सम्प्रभुतालाई अर्को शव्दमा प्रभुसत्ता पनि भनिन्छ।

**मूर्त**

प्रष्ट बुझिने, देखिने भन्ने अर्थमा मूर्त शब्दको प्रयोग गरिन्छ।

**समृद्धि**

आर्थिक हिसाबले सम्पन्न हुनु र व्यक्ति, परिवार र सिंगो समाजको सुख र आनन्दको अवस्था नै समृद्धि हो।

**समतामूलक**

शाब्दिक अर्थमा सबैलाई समान व्यवहार गर्ने व्यवस्था भन्ने बुझिन्छ। प्रणालीको हिसाबले सबैलाई समान व्यवहार र अवसर प्रदान गर्ने समाजवादी समाज व्यवस्था बुझ्नु पर्छ।

## राजनीति के हो ?

कुनै पनि राज्यमा सार्वजनिक हितको निम्ति तयार गरी लागू गरिने नीतिहरूको सामूहिक नाम राजनीति हो । राजनीति सार्वजनिक, प्रजातान्त्रिक, प्रतिनिधिमूलक, सहभागितामूलक र ☞ **पारदर्शी** हुनपर्छ । यस अर्थमा राज्यको लोक हित गर्ने नीति भनेको नै राजनीति हो ।

राजनीति भनेको राज्य र जनताका सम्पूर्ण सरोकारका विषयमा अपनाइने नीति निर्णयको प्रक्रिया पनि हो । यस्ता नीति निर्णय प्रक्रियाको सुचारु र व्यवस्थित संचालनका लागि विविध राजनीतिक संस्था र संयन्त्रहरू बनाइन्छन् र त्यसका लागि आवश्यक कानुनी र संवैधानिक आधार तयार गरिन्छन् । संगठन (मुख्यतः राजनीतिक पार्टी, नागरिक समाजका साधनहरू र जनहितका संस्थाहरू), निर्वाचन र मत-अभिमत राजनीतिका अभिन्न अंग हुन् ।

राजनीतिको संचालन विचारधाराले गर्दछ । तर यसलाई सीमित वर्गको स्वार्थी खेलमा कहिले सामन्तहरूको हातमा, कहिले पूँजीपतिको हातमा र कहिले ☞ **बहुराष्ट्रिय कम्पनी**हरूको हातमा पारेर आमजनता विरुद्ध राज्य व्यवस्थाको दुरूपयोग हुँदै आएको छ ।

### 'राजनीति र नौटंकी'

एक जना सामान्य मुसहर श्रमिकलाई 'राजनीति र नौटंकी बीच के फरक छ?' भन्ने प्रश्न गर्दा उनको जवाफ यस्तो थियो- राजनीतिमा जनताले भाग लिन्छन्, नौटंकीमा एउटा सानो झुण्डले तमासा देखाउँछ । राजनीतिले जनतालाई चेतनामूलक शिक्षा दिन्छ-उनीहरू जिन्दावाद, मुर्दावाद भन्छन् र नेताहरूलाई प्रश्न सोध्छन्, तर नौटंकीले त्यस्तो कुनै शिक्षा दिंदैन । राजनीति खराब हुँदा पूरा पाँच वर्ष सखाप हुन्छ, तर नौटंकी नराम्रो हुँदा तत्काल नमज्जा हुनसक्छ, त्यसको असर दीर्घकालीन हुँदैन ।

**शब्दको परिभाषा**

**☞ पारदर्शी**

शाब्दिक अर्थमा पारदर्शी भन्नाले प्रष्ट र खुल्ला बुझ्नु पर्दछ। राजनीतिक हिसाबले सरकारका काम-कार्वाही र राज्यका सबै निकायका गतिविधिको जानकारी जनतामा निरन्तर गराइरहनु र जनमतको आधारमा काम गर्नु पारदर्शिता हो।

**☞ बहुराष्ट्रिय कम्पनी**

व्यापार-व्यवसाय वा उद्योग सञ्चालन गरी असीमित लाभ कमाउन देश-देशका सीमापार गरी एकै पटक दुई वा दुई भन्दा बढी देशमा कारोबार संचालन गरिरहेको एउटै कम्पनी छ भने त्यो बहुराष्ट्रिय कम्पनी मानिन्छ। उदाहरणको लागि पेप्सीकोला, कोका कोला, डावर नेपाल आदिलाई लिन सकिन्छ।

# १ प्राचीन समाजहरु



# प्राचीन समाजहरू

# १

## आदिम युगको साम्यवाद

मानव सभ्यताको विकासक्रमको पहिलो चरणमा निजी केही पनि थिएन र सिंगो जीवन सामूहिकतामा आधारित थियो । मृत्यु मात्र एक्लो हुन्थ्यो तर जीवनका सबै भाग सामूहिक थिए । विवाह थिएन, परिवार थिएन । सम्पत्तिको कुनै अर्थ थिएन । आवश्यकता पनि सीमित, आवश्यकता पूर्तिका साधन पनि सीमित थिए । सबैले श्रममा बराबर भाग लिन्थे । कोही बेरोजगार थिएनन् । हरेकको श्रमले समाजमा मूल्यवान योगदान गरेको थियो । राम्रो समयमा सबैले मज्जाले खान पाउँथे, अभावमा सबै भोकै रहन्थे । आधुनिक समाजको जस्तो धनी, गरीब, कुलीन र **विस्थापित**हरूबीचको जस्तो सम्पन्नता र गरीबीको विशाल खाल्डो थिएन ।




**शब्दको परिभाषा**

**विस्थापित**

एउटा वस्तु, विचार वा समूहलाई अर्को वस्तु, विचार वा समूहले पाखा लगाउनु नै विस्थापित गर्नु हो। उदाहरणको लागि हिंसात्मक द्वन्द्वका कारण गाउँबाट शहर वा सदरमुकाम आउन बाध्य भएका परिवार विस्थापित हुन्।

इमाइल दुर्कहाइम



(सन् १८५८ -१९१७)
आधुनिक समाजशास्त्रमा पिता मानिने विचारक

मान्छे बथानमा अर्थात समूहमा थियो । कुनै उच-नीच भेदभाव थिएन । यो समाज आदिम युगको साम्यवादी समाज थियो । यो समाजको अवधि हजारौं हजार वर्षको थियो र यो प्राकृतिक समाज थियो ।

शारीरिक बलको **तुजुक**ले मानिसमा निजी स्वामित्व र निजी सुख सुविधाको भावना जगायो । महिला माथि एकाधिकार कायम राख्न चाहने भावनाले विवाहको परम्परालाई जन्म दिने एक आधारको काम गऱ्यो । आदिम साम्यवादी ढाँचाको समाज आ-आफ्ना समूहहरूमा बाँडिएको थियो । अपरिचित समूहहरूको बीच मूलतः शिकारहरूको लुटका लागि र सुन्दरी महिला लुट्नका लागि हिंसक लडाईंहरू हुने गर्दथे । शक्तिको यो खेलमा मातृसत्तात्मक ढाँचा ओरालो लाग्दै गयो । पितृसत्तात्मक ढाँचाले जरा गाड्यो । फलतः पराजित समूहका महिलाले दासता बेहोर्नु पऱ्यो । पशुपालन र खेती गर्ने काम हजारौं वर्षको विकासक्रममा शुरू भयो । त्यसपछि अर्को समूहसँगका युद्धहरूमा जितेका पुरुषहरूलाई **नरमेध** अर्थात् देवतालाई बलि दिनुको सट्टा काममा जोत्ने उद्देश्यले दास बनाउने जुक्ति टाठाबाठाले झिके । यसरी दासयुगले आकार लियो र दास समाज शुरू भयो ।

शब्दको परिभाषा

**तुजुक**

बलको आधारमा लगाइने धाक

**नरमेध**

मान्छेको बलिदिने प्रथा हो। प्राचीन कालमा युद्धमा जितेका बन्दीहरुलाई देवता खुशी पार्न मूर्ति अगाडि काट्ने र रगतको भोग दिने प्रचलन थियो। पछिसम्म पनि अन्धविश्वासी मानिसहरूले मानिसको फाटफुट बली दिने गरेको पाइन्छ।

• विज्ञको भनाइ



मोदनाथ प्रश्रित

## प्राचिन नेपाली समाज

**प्राचीन गणसमाज** : नेपालको पूर्वी तराई र उत्तर बिहारमा ई.पू. १४०० को आसपासबाट विदेह गण जाति (जनकवंशीहरू) बस्दै आएका संकेत 'रामायण', 'वृहत् आरण्यक उपनिषद्' आदि ग्रन्थमा पाइन्छ ।

वाग्मती उपत्यकामा ई.पू. १००० तिर नागगण, गोपालवंशी र महिषपाल वंशी आभीर गणहरू रहेको कुरा नेपालका वंशावलीहरूले बताएका छन् ।

यजुर्वेदमा किरातहरूको उल्लेख छ । किरात र रुद्रहरूको सम्बन्ध राम्रो थियो । इतिहास पूर्वको नेपाललाई किरात देश पनि भनिन्थ्यो । **'तैत्तिरीय ब्राम्हण'** मा किरातहरूलाई गुफावासी भनिएको छ । किरातगण हिमाली र महाभारत क्षेत्रमा रहन्थे ।

शाक्यगण गौतम बुद्ध भन्दा निकै पुस्ता अघि अयोध्यातिरबाट आएर 'कपिलवस्तु' को स्थापना गरेर बसेका थिए । नवलपरासीका कोलीयगण पनि शाक्यहरूकै समयदेखि बस्दै आएका थिए ।

**मातृतन्त्री समाज** : नेपालमा ई.पू. ३००० सम्म मातृतन्त्री समाज जीवित थियो ।

शब्दको परिभाषा

**तैतिरीय ब्राम्हण**

हिन्दु धर्म र चिन्तन परम्परामा वेद, उपनिषद, ब्राम्हण ग्रन्थ र पुराणगरी चारखालका धार्मिक-दार्शनिक पुस्तकहरु पाइन्छ। चार वेदहरू, धेरै उपनिषद ग्रन्थहरु र ब्राम्हण ग्रन्थहरु तथा अठार पुराणहरू प्रचलित छन्। ब्राम्हण ग्रन्थहरु मध्ये तैत्तरीय ब्राम्हण पनि एउटा ग्रन्थको नाम हो।

त्यसका केही अवशेष अहिलेसम्म पनि रहेका छन् ।


'किरात मुन्धुम्' भित्रको येहाङमुन्धुममा मानव सृष्टिको शुरूवातमा दाजु र बहिनी सुसुङ्गेलालाङ्गे र लाहाङदोनाको विवाहबाट किरातवंशको थालनी भएको कथा छ ।

तामाङहरूको 'तम्बा कहतेन' मा पनि दाजु-बहिनी फोडुप र मोडुपको सम्पर्कबाट तामाङवंशको शुरूवात भएको उल्लेख छ ।

कपिलवस्तुको शाक्यवंश ओक्काक राजाका निर्वासित चार छोरा र चार छोरीको विवाहबाट चलेको कुरा बौद्ध साहित्यमा उल्लेख छ ।

फर्पिङको खड्गयोगिनी र साँखुको बज्रयोगिनीमा प्राचीनकालदेखि नै अखण्डधुनी जगाउने परम्परा छ । तीमध्ये एक ठाउँमा आगो निभेमा अर्कोबाट आगो ल्याएर बाल्ने चलन छ । यो प्राचीन मातृतन्त्रको अवशेष हो ।

## नेपाल र मानव सभ्यताको शुरूवात



शब्दको परिभाषा

**मातृसत्ता-पितृसत्ता**

समान्य अर्थमा मातृसत्ताले आमाको शासन र पितृसत्ताले बाबुको शासन बुझाउँछ । समाजशास्त्रीय अर्थमा भने समाज वर्गमा विभाजित हुनु अघि रहेको महिलाको उच्च स्थानलाई मातृसत्ता भनेर बुझिन्छ । यस्तै पितृसत्ताले आजको वर्गीय समाजमा रहेको पुरुषको हैकमलाई बुझाउँछ ।

नेपालका विभिन्न जनजातिहरूमा चल्दै आएको मामाचेली-फुपूचेली विवाह गर्ने चलनले पनि प्राचीन मातृतन्त्रको संकेत दिन्छ ।

काठमाडौं उपत्यकाको गुह्येश्वरी पूजा, कुमारी पूजा, आँगनमा गर्ने मातृ (अजिमा) पूजा पनि मातृतन्त्री समाजका अवशेष हुन् ।

यी विभिन्न कुराले प्राचीन समयमा नेपालका या बाहिरबाट आएका जाति-जनजातिहरूमा मातृतन्त्री समाज भएको प्रष्ट हुन्छ ।

**पितृसत्तात्मक गणतन्त्र**: ई.पू. ३०००-३५०० तिर (रामायणकाल) को जनकपुरमा जनकवंशीहरूमा गणप्रधान भएको पितृसत्तात्मक समाज थियो । वाग्मती उपत्यकाका गोपालबंशी र महिषपाल वंशीहरूमा पनि पितृसत्तात्मक गणतान्त्रिक समाज थियो र त्यहाँ लिंगपूजाको प्रचलन पनि थियो । किरातवंशी राजाहरूको नामावलीले त्यहाँ पनि पितृतन्त्र चलेको देखिन्छ । बुद्धको समयमा कपिलवस्तु र देवदह (नवलपरासी) मा **पितृसत्ता** चलेको थियो । ती सबै ठाउँमा गणतन्त्रात्मक व्यवस्था थियो ।

## दासयुगको शुरूवात

शब्दको परिभाषा

**यन्त्रणा**

अरुलाई शारीरिक, मानसिक र भौतिक किसिमले सताउने, दुःख दिने कामलाई यन्त्रणा मानिन्छ।

दासयुग निरंकुश शासनको युग थियो । दासयुगमा नै राज्यको उत्पत्ति र विकास भयो । दासहरूले भोग्नु परेको चरम यातना, अमानवीय व्यवहार र पशु सरह किनबेच एवं हत्या-वलात्कार- **यन्त्रणा**ले गर्दा दास विद्रोहहरू हुनु स्वाभाविक थियो । फलतः आफ्नो सम्पन्नता र सुख सुविधाको राज कायम राख्न र सके अझ बढाउन दास मालिक र हैकमवालाहरू दासलाई स्वतन्त्रता दिएर किसान बनाई उनीहरूको मेहनतको प्रतिफललाई फेरि पनि आफ्नै भकारीमा भित्र्याइरहने प्रणालीको विकासमा लागिरहे । यसले क्रमशः सामन्तवादी संरचनाको विकासको लागि बाटो खन्दै गयो ।

विज्ञान र प्रविधिको आविष्कार र विकास जति जति छिटो हुँदै गयो त्यति नै समाजको रूप परिवर्तन छिटो-छिटो हुनु स्वाभाविक छ । दास-समाज त्यति धेरै लामो रहेन । केही शताब्दीहरूको विकास क्रममा नै सामन्ती युगले जन्म लियो ।

दास समाजको उत्पादन प्रक्रियामा दास मालिक र दास दुई वर्ग थिए । दास सहित सम्पूर्ण उत्पादक शक्तिको स्वामित्व दास मालिकमा हुन्थ्यो । दास भनेको मालिकका कैदी जस्ता थिए । उदाहरणको लागि पश्चिम नेपालका जमिन्दारहरू कमैया सहितका मालिक कहलिएका छन् ।

विज्ञको भनाइ



रूद्र गौतम

## नेपालमा दास प्रथा

नेपालमा दास प्रथाको शुरूवात कहिले भयो यकिनकासाथ भन्न नसकिए तापनि ईसापूर्व १००० तिर भारतको सिन्धु घाँटी हुँदै नेपालको मिथिला र लुम्बिनी क्षेत्रमा प्रवेश गरेका आर्यहरूद्वारा शुरू गरिएको भन्ने इतिहासमा भेटिन्छ । यो प्रथा पहिलो वा दोस्रो शताब्दीतिर बाग्मती उपत्यकामा प्रवेश गरेको अनुमान गरिएको छ । मध्ययुगमा बिर्तावालहरूमा दास राख्ने र किनबेच गर्ने परिपाटी रहेको पाइन्छ । त्यसबेला खासगरी राज्य विरुद्ध विद्रोह गर्ने, युद्धबन्दी, राज्यकर वा भूमिकर तिर्न नसकेका गरीब, सामाजिक अपराध गरेका व्यक्तिहरूलाई दासको रूपमा राखिन्थ्यो । त्यसबेला पनि दास प्रथा समाजको कलंक भएकोले अन्त्य गर्ने प्रयास नभएका होइनन् तर तत्कालिन शासक र सामन्तको अगाडि यस्ता प्रयासहरू सफल हुन सकेनन् ।

लिच्छवीकालमा दास प्रथा रहेको कहीं कतै उल्लेख पाइँदैन । तर पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौं उपत्यकामा विजय गरेपछि दास धनदत्त नेवारलाई मुक्त गर्दै भविष्यमा कसैलाई पनि दास बनाउन नपाइने घोषणा गरेबाट मल्लकालमा दास प्रथा भएको पुष्टि हुन्छ । त्यस्तै दनुवार केटाकेटीलाई दासको रूपमा बेचबिखन गर्न नपाउने पृथ्वीनारायण शाहको वि.सं. १८३० को घोषणा र उनको राज्यकालको अन्त्यतिर दासहरूलाई मुक्त गरी सेनामा भर्ना गरिएबाट त्यसवेला दास प्रथा निकै मौलाएको अनुमान गर्न सकिन्छ । पृथ्वीनारायण शाहको देहावसान पछि यो प्रथाले अझ फष्टाउने मौका पायो ।

नेपालले कुमाउ विजय गरेपछि त्यहाँबाट युद्धबन्दी बनाइएका सयौं हजारलाई दासको रूपमा बिक्री गरियो ।

वि. सं. १८६५ तिर पहाडी क्षेत्रबाट प्रशस्त मात्रामा ३ देखि ३० वर्षसम्मका मानिसलाई रु. १० देखि रु. १५० सम्ममा बिक्री गर्ने गरेका प्रमाणहरू पाइन्छन् र यस प्रथाबाट पश्चिमका मगरहरू बढी प्रभावित भएको देखिन्छ ।

श्री ३ जंगबहादुर राणाको पालाको मुलुकी ऐन (वि.सं.१९११) मा पनि कुनै पनि प्रकारले कसैलाई दास बनाउन नपाइने व्यवस्था गरिएको थियो । त्यसबेला २० देखि ३० हजार दासदासी रहेको अनुमान छ । तर त्यसबेला यो कानुनले पनि काम गर्न सकेन । चन्द्रशमसेरले पुनः वि.सं. १९८१ मा टुँडीखेलमा भारदारहरूको सभा गरी दास प्रथाको अन्त्य गर्न अपिल गरे । यस सभाको निष्कर्ष अनुसार वि.सं. १९८२ मा एक विभागको

गठन गरी लगत लिने काम गरियो र वि.सं.१९८३ मा ५९,८७३ मुक्त भएका दास दासीहरू मध्ये ४६५१ लाई मालिकहरूले आफैं मुक्त गरे, ११४ जना आफ्नो मोल आफैं तिरेर मुक्त भए भने बाँकी ५१७८२ जनालाई पशुपति नाथको कोषबाट ३ लाख ६७ हजार खर्च गरेर मुक्त गरियो । यसपछि दासदासीहरू राखी मोज गर्न पल्केका शासक वर्ग, सामन्त, जमिन्दार, बिर्तावाल आदिले दास प्रथाको विकल्पको खोजी गर्दै रहे र उनीहरूले विभिन्न ठाउँमा दास प्रथाको अवशेषका रूपमा कमैया, हलिया, हरुवा, चरुवा आदि प्रथाको विकास गरे ।

## सामन्तवादी समाज र वर्ग संघर्ष

सामन्तवादी समाज कृषिमा आधारित, किसान आधारित, जमिन्दारहरूको स्थानीय हैकम र जमिन्दारहरूमाथि नियन्त्रकको रूपमा सामन्त-महासामन्त शासकहरूको निरंकुश हकुमबाट चल्ने समाज हो । कथित घरानियाहरूको मनपरीतन्त्र र उनीहरूको नायकको रूपमा राजाको स्वेच्छाचारी तन्त्र नै सामन्तवादी समाज व्यवस्था र राज्य व्यवस्था हो । पूर्वीय समाजमा महाभारत युद्ध काल दासयुगको अन्त्य र सामन्ती युगको शुरूआतको **संक्रमणकालीन** युग हो ।

वर्गीय दृष्टिकोणबाट सामन्तवादमा जमिनको मालिक जमिन्दारहरू र त्यसमा काम गर्ने कृषि श्रमिक गरी दुई वर्ग उत्पादक शक्ति थिए । कृषि श्रमिक दास होइनन् । त्यसैले उनीहरू थोरै भए पनि ज्याला वा सानो टुक्रा जमिन माथिको हकदार हुन्छन् । उनीहरू हलो, कुटो, कोदालो वा एक हल गोरु, गाडाका मालिकसम्म हुन सक्छन् । कृषि मजदुर, साना किसान र मध्यम किसानलाई यस्ता वर्गमा उल्लेख गर्न सकिन्छ ।

**शब्दको परिभाषा**

**संक्रमणकाल**

दुई अवस्था बीचको विशेष समय अवधि हो। राजनीतिक अर्थमा पुरानो व्यवस्थाको अन्त्य र नयाँ व्यवस्था स्थापित भइ नसक्दाको अवस्था नै संक्रमणकाल हो। उदाहरणका लागि पंचायतको अन्त्यपछि गठित कृष्ण प्रसाद भट्टराईको अन्तरिम सरकारको अवधि पंचायत र बहुदलीय व्यवस्था बीचको संकमणकाल हो।

### सामन्ती समाजका विशेषता

१. भूमि, कमारा र किसान आधारित अर्थ व्यवस्था
२. जमिन्दारहरू र रैतीहरूको सामाजिक-आर्थिक सम्बन्ध
३. सामन्त र उच्च जाति वा विशेष समूहहरूको **वर्चस्व**
४. जमिन्दार मार्फत स्थानीय तहमा राज्य चल्ने व्यवस्था
५. केन्द्रीय तहमा कुलीन परिवारहरू-भाइभारदारहरू र राजाको निरंकुश शासन
६. धर्म गुरुहरूको शासनमा बेजोड प्रभाव, पूर्वीय हिसाबले हेर्दा ठालू वर्ग र ठूला जातिहरूको वर्चस्व
७. पूर्वीय समाजमा व्यावसायिक वैश्यहरूको क्रमशः विकास हुँदै जाने । रैती भनेको शूद्र वा सो सरह ।
८. महिलाको स्थान भोग्या र दासीको रूपमा तर पुस्तकका पोथामा माता र देवीको रूपमा गुणगान गर्ने संस्कृति ।

**शब्दको परिभाषा**

**वर्चस्व**

कुनै एक व्यक्ति, समूह वा संस्थाको अरू व्यक्ति, समूह वा संस्थामाथि विचार वा भौतिक हिसाबले पूरा नियन्त्रणको स्थिति नै वर्चस्व हो।

विधान र सम्विधान वा कानुनभन्दा धार्मिक नियम र धर्म गुरुका सल्लाह तथा राजाका हुकुम र सनक एवं भाइभारदार, पदाधिकारी, सामन्त र जमिन्दारहरूका लहड र हुकुममा आधारित शासन नै सामन्ती समाजको विशेषता हो । तर रैतीहरूका आन्दोलन र विरोधहरू तथा शासक वर्ग वा परिवारहरू भित्रका अन्तर्कलह, अन्तर्विरोध तथा उदारवादी वा मानवीय सोच राख्ने कतिपय असल मानिसका विचारको प्रभावले सामन्ती समाजमा आएका परिवर्तनहरूले पछिल्लो अवधिमा नियमहरूले क्रमशः कानुनी ढाँचा लिंदै गएको देखिन्छ । तर कानुन र नियमहरूको व्यवस्था पनि मूलतः निरंकुश परिपाटीलाई व्यवस्थित र टिकाउ बनाउने उद्देश्यबाट भएको थियो, सामाजिक-आर्थिक-राजनीतिक प्रणालीलाई मानवीय र समुन्नत बनाउने उद्देश्यबाट होइन । यसैले सामन्तवादी समाज यथास्थितिमा आधारित समाज हो र सबैखाले परिवर्तनको विरोधी प्रणाली हो ।

## नेपालको प्राचीन सामन्ती राज्यहरू

नेपालमा ईसाको दोस्रो शताब्दीतिर लिच्छवीहरूले काठमाडौंमा किरात गणतन्त्रलाई जितेर सामन्ती राज्यव्यवस्था कायम गरेका थिए । चौथो शताब्दीको अन्त्यमा पाँचौं शताब्दीको शुरूतिर लिच्छवी राजा शंकरदेवको समयबाट राजतन्त्रले वंशगत रूप लिएको थियो र हिन्दू धर्म अनुसार शासन शुरू भएको थियो । मानदेव प्रथम (वि.सं ५२१-५६२) को समयमा नेपालको सिमाना पूर्वमा कोशीदेखि पश्चिममा गण्डकी पारीसम्म (लगभग कर्णालीसम्म) फैलिएको थियो । त्यसबेला शासनमा न्याय, प्रशासन, सेना आदि विभागहरू छुट्टिएका थिए ।

ई. ७५६ देखि लिच्छवी राज्य छिन्न-भिन्न हुँदै गएपछि फेरि इलाकीय रजौटातन्त्र र जनजातीय गणतन्त्रहरू कायम भए । पश्चिममा जुम्ला केन्द्र भएको खस, मल्ल र पालहरूको सामन्ती राज्य वि.सं १०५३ देखि १६५० सम्म चलेको थियो । त्यसको सिमाना एक समय पूर्वमा काठमाडौंदेखि पश्चिममा कुमाउसम्म र उत्तरमा तिब्बतको केही भागसम्म फैलिएको थियो । पूर्वको तराइमा वि.सं ११५४ देखि १३८२ सम्म कर्णाट (डोम) वंशी सामन्ती राज्य नारायणीदेखि कोशीसम्म चलेको थियो । वि.सं १५७० देखि १८१९ सम्म पाल्पादेखि मोरङ-सुनसरीसम्म सामन्ती सेन राजतन्त्र चलेको थियो । पछि त्यो तीन टुक्रामा विभाजित भयो । वाग्मती उपत्यकामा वि.सं १२५७ देखि १८२५ सम्म मल्ल राज्य चल्यो । सामन्ती चरित्रको त्यो राज्य यक्ष मल्लका छोराहरूदेखि तीन-चार टुक्रामा बाँडिएको थियो ।

यस प्रकार नेपालको इतिहासमा के देखिन्छ भने झण्डै २००० वर्ष अघिदेखि विस्तारित हुँदै आएका कुनै पनि राज्यले स्थायी रूप लिन सकेनन् । ठूलठूला नदीहरू र विकट पहाडी क्षेत्र भएको यस देशमा जाति-जनजातिको ठूलो विविधता, भाषा र संस्कृतिमा रहेको


विज्ञको भनाइ



मोदनाथ प्रश्रित

विविधता, पूर्वपश्चिम यातायात व्यवस्थाको अभाव, उद्योग व्यापारको विस्तार नभएको अवस्था आदि कारणले गर्दा केन्द्रबाट टाढाटाढासम्म सैनिक, प्रशासनिक र न्यायिक नियन्त्रण हुन नसक्दा राजाहरूको नेतृत्वमा बन्दै आएको राज्यहरू स्थायी हुन सकेनन् ।

## सामन्ती समाज र राज्यको चरित्र



# १ पूँजीवाद र उदारवादी राज्य



# पूँजीवाद र उदारवादी राज्य

३

स्वेच्छाचारी, सारै ☝ **केन्द्रिकृत** र चरम निरंकुशतामा टिकेको शासन प्रणाली भएकाले सामन्ती समाजमा सुधार र परिवर्तनका लागि कुनै ठाउँ थिएन । त्यसैले क्रमशः त्यसको विस्थापन हुनु नै विकासको स्वाभाविक परिणाम थियो । उद्यमी-व्यवसायी वर्ग सामन्ती समाजमा प्रगतिशील वर्गको रूपमा विकसित भयो । त्यसले किसान र अन्य श्रमजीवी रैतीका भावनालाई पनि समेटेर सामन्त र जमिन्दारहरूको स्वर्गलाई चुनौती दिन थाल्यो । तर यस्तो चुनौती सोझो विद्रोहबाट मात्र होइन, बरु सामन्त र जमिन्दार वर्गलाई पनि व्यवसायी वर्गमा फेर्ने आकर्षण पैदा गरेर समेत दियो । त्यसैले सामन्तवादको गर्भभित्र पूँजीवादको विकास १६ औं शताब्दीको मध्यबाट शुरू भयो । ठूलो मात्रामा उत्पादन र अन्तरराष्ट्रिय व्यापारले आकार लिएपछि उद्यमी वर्गको शासनमाथि प्रभाव र हस्तक्षेप बढ्दै गयो । पूर्वीय वर्ण व्यवस्थामा वैश्य भनिने व्यवसायी समूह पूँजीपति वर्गको रूपमा विकसित भयो र किसान रैतीहरू भित्रैबाट परम्परागत सीप भएको मजदुर वर्ग विकसित हुन थाल्यो । यो प्रक्रिया तेज गतिले अगाडि बढ्यो । यसले उत्पादक शक्तिको तीव्र विकास हुँदा विज्ञान र प्रविधिको क्षेत्रमा ठूलो परिवर्तन ल्यायो । यसले पूँजीवादलाई झन् झन् बलियो पार्दै गयो ।

शब्दको परिभाषा

☝ केन्द्रिकृत

शाब्दिक हिसाबले कुनै पनि कुरा एक ठाउँमा थुप्रिनुलाई केन्द्रिकृत मानिन्छ। तर राजनीतिक अर्थमा शासन संचालन वा निर्णय प्रक्रिया एक व्यक्ति, संस्था वा एक निश्चित निकायको हातमा रहनु केन्द्रिकृत अवस्था हो। केन्द्रिकृतको ठीक उल्टो विकेन्द्रीकरण र शक्ति पृथकीकरण हुन्छ।

वर्गीय हिसाबमा पूँजीवादमा पनि शोषण गर्ने-शोषित हुने दुई वर्ग नै हुन्छन् । ☝ **बुर्जुवा** वा पूँजीपति (ठालु) वर्गले शोषण गर्छ र गरीब मजदुर र सर्वहाराहरू उनीहरूबाट शोषित हुन्छन् । दास युगमा जस्तै पूँजीवादमा पनि उत्पादनका मुख्य साधन- कारखाना, खानी, मेसीन, बैंक, पसल आदिको मालिक मजदुर होइन, पूँजीपतिहरू हुन्छन् । तर दास समाजमा जस्तो दास जस्तै मजदुर बेचिंदैनन् । उनीहरूले आफूलाई हैन, ज्यालामा आफ्नो श्रमलाई बेचिरहेका हुन्छन् ।

शब्दको परिभाषा

☝ बुर्जुवा

फ्रेन्च भाषामा ठालुहरूलाई बुर्जुवा भनिन्छ। राजनितिक अर्थमा यस शब्दको प्रयोग पूँजीपति वर्ग र त्यस सम्बन्धी विचारका पक्षपातीहरूलाई जनाउन गरिन्छ।

पूँजीवादमा मजदुरहरू दास जस्ता, मालिकका कैदी होइनन् तर उनीहरू आफ्नो भाग्य आफैं निर्णय गर्ने तहमा स्वतन्त्र पनि छैनन् । बेरोजगारी र अभावले श्रमिक वर्गलाई पूँजीवादी प्रणालीमा काम गर्न बाध्य पारिहेको हुन्छ । सामन्तवादमा किसान मजदुरहरू आफ्नो औजारद्वारा जमिन्दारको जमिनमा काम गर्न बाध्य थिए । तर पूँजीवादमा पूँजीपतिहरूले नै खडा गरेको कल-कारखाना खानी, बैंक तथा प्रतिष्ठानहरूमा श्रमिकहरू काम मात्र गर्दछन् । त्यसैले संगठनको दृष्टिले पूँजीवाद सामन्तवाद भन्दा प्रगतिशील प्रणाली हो जसले हजारौं श्रमिकहरूलाई एकै सूत्रमा बाँधिने वातावरण बनाइ दिएको छ । मार्क्स-एंगेल्सले "पूँजीवादले आफ्नो चिहान खन्ने फौज आफैंले जन्माएको छ" भनेका पनि त्यही नै हो ।

यसबाट पूँजीवाद मूलतः वर्गीय शोषणमा आधारित समाज व्यवस्था हो भन्ने बुझिन्छ। यसका अतिरिक्त पूँजीवादी समाजले आफ्नो शासन टिकाउन सामाजिक विभाजन मार्फत अन्य संयन्त्रको पनि प्रयोग गर्छ। लिंगीय विभेद र जातीय विभेद त्यस्तै सामाजिक विभाजन हो। पितृसत्तात्मक व्यवहारबाट लिंगीय विभेदलाई निरन्तरता दिइन्छ, जहाँ समाजको सबै तह - अर्थतन्त्र, घरायसी काम, विद्यालय, धर्म, राज्य र कानुन आदिमा पुरुषको हैकम स्थापित गरिन्छ। पितृसत्ता विभिन्न समुदायमा विभिन्न रूपमा रहन्छ। जसले विभिन्न वर्ग र जाति समुदायका महिलाहरूमा उत्पीडन थोपर्छ। जातीय तथा लिंगीय विभेदको आधारमा पूँजीवादले

## पूँजीवाद के हो ?

पूँजीवाद भनेको यस्तो आर्थिक प्रणाली हो, जहाँ राज्य वा सरकारले आर्थिक क्षेत्रमा कुनै हस्तक्षेप गर्दैन। शास्त्रीय अर्थशास्त्री **एडम स्मीथ**ले मूलतः व्याख्या गरेको यो प्रणालीमा उत्पादन र सम्पूर्ण आर्थिक गतिविधिमा निजी क्षेत्रको नै बर्चस्व हुन्छ। त्यो सरकार नै सर्वोत्तम सरकार हो जसले न्यूनतम शासन गर्दछ भन्ने शास्त्रीय भनाइले नै पुष्टि गर्दछ कि राज्यको काम अत्यन्त सीमित हुनु पर्दछ। शान्ति, सुरक्षा, प्रशासन संचालन र न्याय सम्पादन नै राज्यको काम हुन् भन्ने कुरामा पूँजीवाद आधारित छ। सामाजिक न्याय यसको लक्ष्य होइन।

पूँजीवादमा सबै कुरा बजार आधारित हुन्छ, त्यसैले यसलाई बजार अर्थव्यवस्था पनि भनिन्छ।

बजारका मूल नियन्त्रक तत्त्व भनेको लाभको सम्भावना र मूल्य नै हो। मूल्यलाई पूँजीवादमा मूल्ययन्त्र पनि भनिन्छ। सबै वस्तु र सेवाको मूल्यको आधारमा वस्तुको माग उपभोक्ताले गर्दछ, उत्पादकले मूल्यको आधारमा नै लाभको सम्भावनाको हिसाब गर्दछ। कति उत्पादन र बिक्री गर्दा निजी लाभ अधिकतम हुन्छ भन्ने ठहर गरी उत्पादन र बिक्रीको मात्रा तय गर्दछ। अर्थव्यवस्थामा मूल्यलाई केन्द्र पारेर सबै गतिविधि स्वतः संचालित हुन्छन्। राज्यको काम त बजारलाई सहयोग पुऱ्याउने मात्र हुनु पर्छ भन्ने कुरा पूँजीवादको मूलभूत सिद्धान्त हो। यसै आर्थिक कडीमा आधारित राज्य प्रणाली नै समग्रमा पूँजीवाद हो। त्यसैले पूँजीवादमा बहुराष्ट्रिय कम्पनीहरू राज्यभन्दा शक्तिशाली हुन पुगेका छन्।

पूँजीवादका धेरै रूपहरु छन्। उदार पूँजीवादी र प्रजातान्त्रिक समाजवादीहरूले बजारलाई नियन्त्रण गरेर सम्पत्ति माथि कर लगाएर सामाजिक न्यायको दायरा फराकिलो बनाएका छन्।

**एडम स्मीथ**



**(१७२३-१७९०)**
**पूँजीवादको पक्षधर, आधुनिक अर्थशास्त्रका पिता मानिने अर्थशास्त्री, बजार अर्थतन्त्रका सिद्धान्तकार**

सित्तैमा काम गराउनेदेखि मानिस मानिस बीच ज्याला र अवसरमा भेदभाव गर्दै नाफा कमाउँछ ।

पूँजीवादले व्यक्तिगत र संगठन स्वतन्त्रतालाई गति दियो । राज्य संचालनको निरंकुश र स्वेच्छाचारी ढाँचालाई विस्थापित गर्न दलीय संरचनाहरू विकसित भए । यसले शासन प्रणालीमा ☝ **आमूल परिवर्तन** ल्यायो । लिखित सम्विधान र कानुनहरूको लहर शुरू भयो । राजतन्त्रहरू ढल्दै गए, नढलेकाहरूले खोपीको ढुंगा हुन स्वीकार गर्दै गए । त्यसैले शासनको लागि निर्वाचन र संसद जस्ता संस्थाको विकास हुनु अनिवार्य भयो । यसमा **फ्रान्सको राज्य क्रान्ति** कोशेढुंगा हो ।

## फ्रान्सको राज्य क्रान्ति के हो?

सन् १७८९ देखि १७९९ सम्म फ्रान्समा भएको राजनीतिक उथल-पुथललाई फ्रान्सेली राज्यक्रान्तिको नामले चिनिन्छ । बन्धुत्व, स्वतन्त्रता र समानताको लक्ष बोकेको त्यो क्रान्ति, जुलाई १४, १७८९ बाट शुरू भएको थियो ।

त्यो बेलाको फ्रान्सेली समाज तीन तहमा बाँडिएको थियो, जसलाई स्टेट (तह) भनिन्थ्यो । पहिलो स्टेटमा पोप-पादरीहरू थिए । दोस्रोमा सम्भ्रान्त परिवार र तेस्रो तहमा बुर्जुवा वर्ग र जनसाधारण थिए । त्यो समाजमा सम्पूर्ण अधिकार पहिलो र दोस्रो तहका व्यक्तिको हातमा थियो । लुई सोह्रौं र मेरी एण्टोने त्यो बेलाका राजा-रानी थिए । सन् १७८९ मा फ्रान्सले ठूलो राष्ट्रिय संकट व्यहोरिरहेको थियो । स्थिति सुधार्न गरिएका थुप्रै प्रयासहरू असफल भएपछि राजा लुईले तीनै तहका 'स्टेट'को सभा-'स्टेट्स-जनरल' को ☝ **समाव्हान** गरे, जुन वर्षौंदेखि तेस्रो स्टेटले माग गर्दा पनि बोलाएका थिएनन् । युरोपको जागरणबाट प्रभावित बुर्जुवा वर्ग र जनसाधारणहरू माथिल्लो दुई तहको शोषणबाट असन्तुष्ट थिए । सभा शुरू भएपछि उनीहरुसँग बाँकी दुईको विवाद शुरू भयो । तेस्रो दिन (जुन १७) जनताको प्रतिनिधिको रूपमा उनीहरूले आफैलाई 'राष्ट्रिय सभा' घोषणा गरे र बाँकी दुई स्टेटलाई भाग लिन आमन्त्रण गरे । राजा लुई सोह्रौंले त्यो निर्णय मानेनन्, उनले सभा भइरहेको दरबारमा ताला लगाइदिए । त्यसपछि उनीहरूले विशाल जनसमुदायको सामु 'राष्ट्रिय सभा' को बैठक टेनिस कोर्टमा शुरू गरे । आजभोलि 'टेनिसकोर्ट-सपथग्रहण' भनेर चर्चित सपथ, राष्ट्रिय सभाका सदस्यहरूले त्यहीं लिए र 'लिखित सम्विधान प्राप्त नभएसम्म आफ्नो विद्रोह जारी राख्ने' घोषणा गरे । पेरिसका नागरिकहरू सडकमा उत्रिए र फ्रान्सेली क्रान्तिको शुरूवात गरे ।

वास्टिलको त्यो घटनापछि 'सामन्तवादी प्रणाली' को अन्त्य भयो। पहिलो र दोस्रो

**शब्दको परिभाषा**

☝ **आमूल परिवर्तन**

कुनै पनि वस्तु, विचार वा सामाजिक एकाइ, मात्राले मात्र नभई गुणै समेत फेरिनु नै आमूल परिवर्तन हो। उदाहरणको लागि सामन्तवादको ठाउँमा पूँजीवाद र पूँजीवादको ठाउँमा समाजवाद आउनु आमूल परिवर्तन हो।

**मोन्टेस्क्यु**




(सन १६५९-१७५५)
अठारौं शताब्दीका ठूला फ्रान्सेली राजनीतिक विचारक, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बीच शक्तिको बाँडफाँडको सिद्धान्त-शक्ति पृथकीकरणका सिद्धान्तकार

**शब्दको परिभाषा**

☝ **समाह्वान**

सामान्य अर्थमा आग्रहसाथ बोलाउनु भने पनि राजनीतिक हिसाबले संसदको बैठक बोलाउने कुरा वा संस्थागत प्रतिनिधिलाई फिर्ता बोलाउने प्रसंगमा समाह्वान शब्दको प्रयोग गरिन्छ।

**जे एम किन्स**



(सन् १८८३ -१९४६)
पूँजीवादको आधुनिकीकरण गरी मरणासन्न पूँजीवादलाई दोस्रो विश्व युद्धकाल र त्यसयता पुनर्जीवन दिने अर्थशास्त्री

तहका व्यक्तिहरूको अधिकार खोसियो । अगस्त १७८९ मा 'नागरिक अधिकार' को घोषणा गरियो । त्यही वर्ष विशाल जनसमूहले राजा लुई सोह्रौं र रानी मेरी एन्टोनेलाई भर्सिलिजबाट टुलेरको दरबारमा जान बाध्य पार्‍यो । सन् १७९१ मा राजाको अधिकार कटौती गरिएको संविधान लेखियो । फ्रान्स छोडेर भाग्न लागेका राजा लुइ र रानी मेरी सिमानामा समातिए । सन् १७९२ मा टुलेरको दरवार पनि जनताले कब्जा गरे । सन् १७९३ मा प्रतिक्रान्तिकारीहरूसँग मिली राष्ट्र विरुद्ध गद्दारी गरेको अभियोग राजा-रानी माथि लगाइयो, जनताले राजा लुई सोह्रौं र रानी मेरी एन्टोनेको टाउको छिनाएर गणतन्त्र घोषणा गरे । नेपोलियन वोनापार्टको सत्तारोहणपछि यो क्रान्तिको अन्त्य भयो ।

शासनको निरंकुशताको पुरानो सामन्तवादी रूप पूँजीवादी क्रान्ति पछि समाप्त भयो । संसदीय ढाँचामा आधारित शासनमा राज्यको निरंकुशता कायम रहे पनि निर्ममताको पुरानो सामन्ती स्वरूपको अन्त्य भयो । त्यसैले विधिको शासनको प्रणाली र आवधिक निर्वाचन तथा त्यस प्रणालीको संचालनका लागि अन्य संस्थाहरूको विकास हुँदै गयो ।

सामन्तवादी समाजको तुलनामा निकै गतिशील र प्रगतिशील सामाजिक-आर्थिक व्यवस्था बोकेको भए पनि पूँजीवाद निर्मम शोषणमा आधारित रहेको छ । धनको केन्द्रीकरण माथिल्लो सीमित वर्गतर्फ हुँदै जानाले आम मानिसहरूको जीवनस्तर, सम्पत्ति र आम्दानीको स्तर अत्यन्त कमजोर हुन्छ । पूँजीवादमा उत्पादनको नयाँ प्रणाली, आविष्कारहरू र सदैव कम खर्चिलो नयाँ तरिका र प्रविधिको खोजीले गर्दा उपभोक्ताका लागि छनौटका अनगिन्ती विकल्पहरू तयार हुन्छन् । उपभोग्य वस्तु र सेवा अनगिन्ती हुन्छन् तर सामन्तवादमा भन्दा बढी आम्दानी भए पनि पूँजीवादमा आवश्यकताको तुलनामा आम मानिसको आम्दानी अत्यन्त अपर्याप्त हुन्छ, आम श्रमजीवीको जीवन अत्यन्त कष्टकर हुँदै जान्छ ।

सामन्तवादमा जस्तो शोषणको स्थानीय र देशीय स्वरूप मात्र रहँदैन, शोषण र पूँजी दुवैले राष्ट्रिय सीमालाई नाघेर अन्तरराष्ट्रिय रूप लिन्छन् । त्यसैले पूँजीवादमा बहुराष्ट्रिय कम्पनीहरू र **अन्तरराष्ट्रिय वित्तीय संस्था**हरू विश्वव्यापी रूपमा पूँजी र शोषणको जालो सृजना गर्दछन् । त्यसैले पूँजीवादको प्रारम्भिक अवस्थाबाटै घनीभूत हुँदै जाने शोषणको प्रक्रियाले गर्दा चिन्तकहरूलाई उन्नत विकल्पको खोजीमा समाजवादको चिन्तन विकसित गर्नेतिर प्रेरित गरेको पाइन्छ । पूँजीवादको उच्चतम विकास पछि २ वटा संभावना रहन्छन् । पूँजीको विकास प्रक्रिया निजी स्वामित्व र बजार अर्थतन्त्रमा आधारित भए यो साम्राज्यवादमा रूपान्तरित हुन्छ ।

**शब्दको परिभाषा**

**अन्तरराष्ट्रिय वित्तीय संस्था**

पूँजीको एक देशबाट अर्को देशमा, संसारको एक कुनाबाट अर्को कुनामा बिना बाधा-अवरोध चलखेल गराउने संस्थाहरू अन्तरराष्ट्रिय वित्तीय संस्था हुन्, उदाहरणमा विश्वबैंक, अन्तरराष्ट्रिय मुद्राकोष आदिलाई लिन सकिन्छ।

यदि पूँजीको विकास लोक कल्याण र सामाजिक न्यायको दिशातिर रहेको भए समाजवादमा रूपान्तरित हुन्छ ।

समाजवादी चिन्तनको विकाससँगै पूँजीवादलाई मानवीकरण गर्ने र त्यसलाई सुधार्दै उदार र टिकाउ बनाउने प्रयत्न पनि चलि नै रह्यो । यस प्रयत्नले **लोककल्याणकारी** राज्यको अवधारणा विकास गऱ्यो, राज्यको उदारवादी ढाँचाको विस्तार गऱ्यो । तथापि, लोककल्याणकारी राज्यको अवधारणा अनुसारको राज्यव्यवस्था पनि पूँजीवादको एउटा स्वरूप भएरै बीसौं शताब्दीको अन्तिम दशकमा समाप्त भयो ।

## पूँजीवाद र नवउदारतावादी विश्वव्यापीकरण

शास्त्रीय रूपमा तीनवटा विशेषताबाट पूँजीवादलाई उल्लेख गर्न सकिन्छ -

- पूँजीवादले व्यापारको लागि वस्तु उत्पादन गर्छ, निजी प्रयोगको लागि होइन । उदाहरणको लागि एउटा उद्योगपतिले कारहरूको उत्पादन नाफा कमाउनको लागि गर्छ । आफैंले प्रयोग गर्नको लागि मात्र होइन ।
- पूँजीपतिले मजदुरहरूको श्रमशक्ति खरीद गर्छ, त्यसैले यो प्रणालीमा ज्यालादारी श्रमशक्ति हुन्छ ।
- यो प्रणालीमा स्वामित्व र उत्पादनका साधनमाथि निजी व्यक्तिको नियन्त्रण हुन्छ ।

**उदारतावाद** भनेको खुल्ला बजार प्रणाली हो । यस्तो प्रणालीमा सरकार वा नियम-कानुनको कम भन्दा कम नियन्त्रण हुन्छ । '**नव**' भनेको नयाँ हो । उदारतावादी विचारधारा सन् १९३० भन्दा अघि पूँजीवादी विश्वलाई प्रभाव पार्ने विचार थियो । सन् १९९० पछि समाजवाद प्रतिरक्षात्मक अवस्थामा झरे पछि यसले नयाँ रूप धारण गरेर फेरि विश्वमा हावी हुँदै आएको छ । उदारतावादी विचारलाई **स्वच्छन्द अर्थतन्त्रमा आधारित विचार** पनि भनिन्छ । स्वच्छन्द शब्द '**लेसेज फेयर**' शब्दको नेपाली भाव-अर्थ हो । यसलाई निम्न अनुसार बुझ्न सकिन्छ ।

- राज्य मृत अवस्थामा हुन्छ । मृत अवस्थाको जीव वा वस्तुबाट सक्रियता र क्रियाशीलता खोज्नु बेकारको कुरा हो ।
- त्यो सरकार नै **सर्वोत्तम सरकार** हो जसले **न्यूनतम शासन** गर्दछ ।
- समाज भन्दा व्यक्ति महत्वपूर्ण हुन्छ । हरेक व्यक्तिलाई आफ्ना स्वच्छन्द मूल्य-मान्यता राख्ने हक हुन्छ ।
- समाज, समूह वा व्यक्तिकोलागि सबभन्दा महत्त्वपूर्ण कुरा भनेको सामाजिक, राजनीतिक र सांस्कृतिक हैन कि आर्थिक लाभहानी हो ।
- सबै व्यक्तिले आ-आफ्नो क्षमता, गच्छे र वर्कत अनुसारको नाफा-फाइदा र लाभ बढाउँदै लगेमा त्यो व्यक्ति, समाज र राज्य समृद्ध, शक्तिशाली, प्रतिष्ठित र कल्याणकारी हुन्छ ।

**शब्दको परिभाषा**

**लोककल्याणकारी**

लोककल्याण भनेको सामान्य अर्थमा जनताको हित हो। लोककल्याणकारी शब्द राज्यसंचालनको सन्दर्भमा धेरै प्रयोग गरिएको छ। लोककल्याणकारी राज्य भनेको जनतालाई गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सुविधाहरु राज्यले व्यवस्था गर्ने परिपाटी हो। यसलाई छोटोमा भन्दा सामाजिक सुरक्षाको ग्यारेन्टी गरिएको राज्य व्यवस्था हो।


-. सबै प्रकारका आर्थिक क्रियाकलाप र नाफा नोक्सानलाई १,२,३,४ गरी गणना र तुलना गर्न सकिन्छ र कुनै एक वस्तु वा सेवालाई अर्को जुनसुकै वस्तु वा सेवासँग साटासाट गर्न सकिन्छ ।

**विश्वव्यापीकरण** भनेको विश्वभरी हावी हुनु हो । नव-उदारतावादी विचार अहिले विश्वव्यापी भएको छ । विश्वव्यापीकरणलाई विभिन्न तरीकामा बुझाउने गरिएको छ । एउटा उदाहरण हेरौं -

बेलायतकी राजकुमारी डायनाको कार दुर्घटनामा मृत्यु भएको धेरैलाई थाहा छ । उनी चर्चित भएकोले उनी मरेको खबर साना ठुला सबैले थाहा पाए । तर हाम्रो पहाडको हली कान्छो, मधेशको बुधुनी चौधरी र काठमाडौंको हाकुचा मरेको छिमेकीलाई नै थाहा भएन । ठूलाको कुरा सबैले थाहा पाउनै पर्ने र सानाको कसैले वास्ता नगर्ने विश्वव्यापीकरणको सामाजिक पक्ष हो ।

यसलाई अर्को तरिकाले पनि व्याख्या गर्न सकिन्छ । बेलायतकी राजकुमारी डायना **इजिप्ट**को आफ्नो प्रेमीसँग **फ्रान्स**मा भ्रमण गर्दै थिइन् । उनको **स्पेन**मा बनाएको सीट कभर हालिएको **जर्मनी**मा बनेको कारमा **साउदी अरब**को तेल हालिएको थियो । **जापान**मा बनेको क्यामराबाट **इटाली**का फोटोग्राफरले फोटो खिच्न पिछा गर्दा उनीहरूबाट बच्न तीव्र गतिमा कार दौडाएकाले दुर्घटना भयो । **डेनमार्क**का डाक्टरले उपचार गर्दा गर्दै उनको मृत्यु भएपछि उनको शवलाई **अमेरिका**मा बनेको हवाइजहाजबाट स्वदेश फिर्ता ल्याइयो ।

## पूँजीवादी-उदारवादी समाज र राज्यको चरित्र



# ३

# नेपालको सामाजिक स्वरूप:

## अर्ध सामन्ती, अर्ध औपनिवेशिक



# नेपालको सामाजिक स्वरूपः अर्ध सामन्ती, अर्ध औपनिवेशिक


# ३

नेपालको अहिलेको सामाजिक स्वरूप पूर्ण सामन्ती वा पूँजीवादी होईन, अर्ध सामन्ती हो । अर्ध सामन्ती भनेको राजनीतिक अर्थमा ठ्याक्कै आधा सामन्तवाद भनेर बुझ्नु गल्ती हुनेछ । सीमित मात्रामा पूँजीवादी उत्पादन प्रणाली पनि प्रवेश गरिसकेकोले यसलाई अर्को भाषामा 'खण्डित सामन्तवादी' समाज पनि भन्न सकिन्छ ।

अर्ध सामन्तवादमा दुई प्रकृतिका शोषक र शोषित रहन्छन् । पहिलोमा सामन्तवादमा जस्तै जमिन्दार एकातिर र मजदुर किसान अर्कोतिर रहेको दुई मूल वर्ग उत्पादक शक्तिको रूपमा हुन्छन् । त्यस्तै गरी सीमित पूँजीवादी प्रणाली पनि भित्रिएकोले पूँजीवादी उत्पादन प्रणालीका "ठालुहरू र मजदुरहरू" गरी दोस्रो प्रकृतिका शोषक र शोषित पनि यो प्रणालीमा उत्पादक शक्तिको रूपमा रहन्छन् । यी दुई वर्ग बीच थुप्रै उप वर्ग हुन्छन् । अर्ध सामन्ती समाजमा पूँजीवादले एउटा खुट्टा अगाडि तिर व्यापारमा र अर्को खुट्टा पछाडि तिर कृषिमा टेकाएको हुन्छ । अहिलेको नेपाली समाज त्यस्तै अर्धसामन्ती समाज हो । हामी मध्ययुगीन सामन्तवादमा जस्तो जमिन्दारको दादागिरीमा मात्र मिचिएका छैनौं, आधुनिक पूँजीवादको ठालुहरूको शोषण पनि झेलिरहेका छौं । चीन जस्ता पूर्व अर्धसामन्ती देशको इतिहासले के बताउँछ भने एक दिन सामन्तवादको अन्त्य र पूँजीवादी उत्पादन प्रणालीको स्थापना हाम्रो समाजमा पनि अनिवार्य रूपमा हुनेछ ।

नेपाली समाजलाई अर्ध औपनिवेशिक समाज पनि भनिन्छ । अंग्रेजसँग नेपालले युद्ध हारेपछि सन् १८१६ मा सुगौलीमा भएको सन्धि अनुसार 'परराष्ट्र लगायतका कतिपय नीतिगत मामिलामा वेलायतको स्वीकृत वेगर नेपालले आफैंले केही गर्न नपाउने' भयो । यसरी यो सन्धि पछि नेपालको सार्वभौमसत्ता एक प्रकारले खण्डित हुनपुग्यो । विदेशी राष्ट्रको नियन्त्रणमा, उनीहरूकै सरकार रहेको मुलुकलाई उपनिवेश भनिन्छ, नेपालको आफ्नै सरकार छ- विदेशी सेनाको यहाँ उपस्थिति छैन । तैपनि, सुगौली सन्धि पछिका घटनाक्रमबाट विकसित अवस्थाले आफूले चाहे अनुरूप परराष्ट्र लगायतका नीतिगत विषयमा वेलायत, भारत, अमेरिका जस्ता मुलुहरूको प्रभावका कारण स्वतन्त्र रूपले नेपालले निर्णय गर्न सक्दैन । यस्तो अवस्था भनेको अर्ध औपनिवेशिक अवस्था हो ।

विज्ञको भनाइ



बालचन्द्र शर्मा

## अंग्रेजहरूसितको युद्ध र सुगौली सन्धि

ईस्ट इन्डिया कम्पनीका अधिकारीहरू प्रारम्भदेखि नै नेपाल राज्य अन्तरगत इलाकाहरूको बाटो भोटमा आफ्नो व्यापार बढाउन खोज्दै थिए । सतलजदेखि टिस्टासम्म नेपालीहरूकै अधिकार भएकोले भारतबाट भोट पस्ने सम्पूर्ण मार्गमा उनीहरूकै कब्जा थियो अथवा ती नेपालीहरूको अधिकारदेखि टाढा थिएनन् । यसै कारण अंग्रेजहरू नेपालसित व्यावसायिक सन्धि गर्ने कुरामा बल गर्दै आइरहेका थिए । किन्तु, नेपालीहरूको अंग्रेजविरोधी नीतिले गर्दा स्वीकृत भइसकेका सन्धिहरू पनि दुईपटक बेकम्मा सिद्ध भइसकेका थिए । यस अवस्थामा नेपाललाई सैनिक शक्तिले मिची आफ्नो मनोकामना पूर्ण गर्नु नै अंग्रेजहरूले श्रेयस्कर देखे ।

यता, नेपालमा पनि अंग्रेजहरूसित युद्ध गर्ने वा नगर्ने विषयमा छलफल हुँदै थियो । स्यूराज र बुटवल छोड्ने विषयमा लार्ड हेस्टिंग्स्ले पठाएको पत्रमाथि छलफल गर्न काठमाण्डूमा भारदारहरूको बैठक आयोजना गरिएको थियो । यो बैठक प्रातः नौ बजेदेखि राति आठबजेसम्म रह्यो । यद्यपि राज्यका अधिकांश अनुभवी भारदारहरू वर्तमान अवस्थामा अंग्रेजहरूसित युद्ध गर्ने पक्षमा थिएनन्, नयाँ जोसका प्रधानमन्त्री भीमसेन थापाले युद्धकै पक्षमा जोड दिएकोले अरूहरूले पनि उनीसित सहमत हुनै पर्‍यो । यस विषयमा आफ्नो राय व्यक्त गर्दै भीमसेन थापाले यस आसयको उद्गार प्रकट गरेका थिए - नेपालको प्रतापको अगाडि आजसम्म कुनै शत्रुले टिक्ने सामर्थ्य देखाउन सकेको छैन । चीनियाँहरूले एकपटक हामीसित युद्ध गर्ने इच्छा प्रकट गरेका थिए, तर अन्त्यमा उनीहरूले सन्धि गर्न बाध्य हुनुपर्‍यो । हामीहरू ५२ लाख सैनिक अंग्रेजहरूलाई आफ्नो देशबाहिर लखेट्न पर्याप्त छौं । मनुष्यनिर्मित भरतपुरको सानो किल्लासम्म अंग्रेजहरूले सर गर्न सकेनन् भने स्वयं भगवान्ले बनाएका हाम्रा पहाडहरूभित्र पस्नु उनीहरूको निमित्त असम्भवै छ । अतः मेरो रायमा आवश्य नै युद्ध गर्नुपर्दछ, र पनि मौका हेरी हामी सन्धि पनि गर्न सक्तछौं ।

युद्धको कम अनुभव भएका नौजवान भीमसेन थापा यसरी युद्ध गर्ने कुराको पक्षमा भए तापनि पुराना सैनिक अधिकारीहरू यस कामको परिणाम राम्ररी बुझिरहेका थिए । गुरुज्यू रङ्गनाथ, काजी दलभञ्जन पाँडे, काजी रणध्वज थापा, चौतरिया बम शाह, हस्तिदल शाही र अमरसिंह थापा युद्धका विरोधी थिए । यस विषयमा आफ्नो विचार प्रकट गर्दै अमरसिंह थापाले जुन पत्र काठमाण्डू पठाएका

थिए त्यसले उनको दूरदर्शिता र नेपालको तत्कालीन अवस्थामा युद्ध नगरेकै भए असल हुने कुरा प्रकट गर्दछ । उनले आफ्नो पत्रमा नेपालको नयाँ जमेको राज्यमा अहिले शासनप्रबन्धसम्बन्धी धेरै काम गर्नु बाँकी भएको कुरा देखाउँदै यो समय नेपालको निमित्त युद्धको दृष्टिले विपरित र अंग्रेजहरूको निमित्त अनुकूल भनेका थिए । उनको विचारमा यो युद्ध निकै लामो र भयंकर हुने थियो । उनकै भनाइ बमोजिम - अहिलेसम्म त नेपालीहरूले हरिणको शिकार खेलेका थिए, परन्तु यो युद्ध छेडेर उनीहरूले बाघ-शिकारको तैयारी गर्नुपरेको थियो ।

अमरसिंहहरूको विश्लेषण सही ठहरियो । नेपालले युद्धमा नराम्रो गरी हाऱ्यो । पूर्वमा टिस्टा र पश्चिममा सतलजसम्म फैलिएको समथर भूभाग सबै अंग्रेजहरूको हातमा पऱ्यो । डिसेम्बर २, १८१५ मा तयार भएको सुगौली सन्धि नेपालको राजा गिर्वाणयुद्ध विक्रमको तर्फबाट चन्द्रशेखर उपाध्याय र ब्रिटिस सरकारको तर्फबाट जनरल अक्टरलोनीबीच मकवानपुर उपत्यकामा मार्च ४, १८१६ मा दुवै पक्षबीच आदान प्रदान भयो । यो सन्धि पारित तथा स्वीकार गरिएको विज्ञप्ति (मेमोरान्डम) डिसेम्बर ८, १८१६ मा जारी भयो । सुगौली सन्धिमा नौ दफा थिए, जुन निम्नानुसार छन् :

१. नेपालका राजा र ईस्ट इण्डिया कम्पनीको बीच सदाकाल मैत्री र शान्ति-सम्बन्ध हुने भयो ।
२. युद्ध भन्दा पूर्व झगडा उठेका सम्पूर्ण भू-भागउपर नेपालका राजाले आफ्ना दावा छोड्नु पर्ने र ती भू-भागउपर ईस्ट इण्डिया कम्पनीको प्रभुत्व रहने भयो ।
३. नेपालका राजाले तल उल्लेख गरिएका क्षेत्रउपर सदाको निमित्त इस्ट इण्डिया कम्पनीको अधिकार मान्नुपऱ्यो-
   क- काली र राप्तीको बीचको तराई
   ख- बुटवल खासलाई छोडी राप्ती र गण्डकको बीचको सम्पूर्ण तराई
   ग- ब्रिटीस-सरकारद्वारा अधिकृत गण्डक र कोसीको बीचको तराई
   घ- मेची र टिस्टाको बीचको तराई
   ङ- नगरी कोट र त्यसको समस्त इलाका एवं मोरङबाट पहाडतिर जाने नगरकोटको घाटीको साथै त्यसको नजिकको समस्त स्थल एवं मेचीदेखि पूर्वको सम्पूर्ण पहाडी क्षेत्र, यस भागबाट २ डिसेम्बरदेखि चालिस दिनभित्रै समस्त नेपाली सेना हट्नु आवश्यक भयो ।
४. माथिको धाराअनुसार लिइएका भू-भागद्वारा हानीमा परेका नेपाल-राज्यका सरदार र भारदारहरूको क्षतिपूर्ति गर्न ब्रिटिश-सरकारले सालाखाला दुई

लाख रुपियाँ प्रतिवर्ष दिने भयो र यो रकम आफ्नो तजबीजअनुसार बाँड्न नेपालका राजा स्वतन्त्र भए ।

५. नेपालका राजाले कालीदेखि पश्चिमका प्रदेश र त्यसका निवासीहरूसित भविष्यमा पनि कुनै सरोकार राख्न पाएनन् ।

६. नेपालका राजाले सिक्किमका राजाको अधीन भएको कुनै भागउपर केही किसिमको दावा गर्न नपाउने भए, र साथै पछि उक्त दुवै राजा वा उनका प्रजामा केही झगडा उठे त्यसको निर्णय ब्रिटिस सरकारको मध्यस्थताबाट हुने भयो ।

७. ब्रिटिस-सरकारको अनुमतिबिना नेपालका राजा कुनै ब्रिटिस, युरोपियन वा अमेरिकनलाई आफ्नो नोकरीमा राख्न नसक्ने भए ।

८. दुवै देशको शान्ति र सुरक्षाको निमित्त दुवै सरकारले राजदूत (मिनिस्टर) को विनिमय स्वीकार गर्नुपर्‍यो ।

९. यस सन्धि-पत्रउपर पन्ध्र दिनभित्रै नेपालका राजाको स्वीकृतिको हस्ताक्षर आवश्यक भयो, र यसपछि लेफ्टिनेन्ट-कर्नल ब्रेडशामार्फत यसउपर बीस दिनभित्रै वा सम्भव भए यसभन्दा पनि शीघ्र नै गवर्नर-जनरलको स्वीकृति लिइने भयो ।

स्रोत : नेपालको ऐतिहासिक रूपरेखा




**सुगौली सन्धि अघिको नेपाल**

# ४ प्रजातन्त्र के हो



# प्रजातन्त्र के हो

# ४

प्रजातन्त्र भनेको नीति निर्माण तथा सार्वजनिक नीति माथि नियन्त्रण गर्ने जनताको अधिकारको ग्यारेन्टी हो । प्रजातन्त्रमा जनताले समानताको अधिकार उपभोग गर्छन् । यस्तो व्यवस्थामा जनताले आफ्नो प्रभाव प्रयोग गर्दछन्, समानताको अधिकार उपभोग गर्दछन् र आफ्नो आकांक्षा र भावनाको प्रतिनिधित्व भएको महसुस गर्छन् । प्रतितिधिमूलक सरकार भएको ठाउँमा उनीहरू आफ्नो तर्फबाट सार्वजनिक नीति निर्णय गर्न कसैलाई खटाउँछन् । त्यसैले प्रजातन्त्र भनेको 'सबैथोक' वा 'बेकारको चिज' दुबै होइन । यो "निर्णय कर्ता र सार्वजनिक निर्णय माथि जनताको नियन्त्रण गर्ने" आधारभूत सिद्धान्त तथा समन्वयकारी मूल्य-मान्यता हो, नियन्त्रणको प्रक्रियामा नागरिकका आवाज, हित र सम्मान बीच समानता कायम गर्ने विधि पनि हो ।

प्रजातन्त्रको विकास प्रक्रिया गतिशील ढंगले अघि बढिरहेको छ । पूँजीवादको शुरूको युगको प्रजातन्त्र बुर्जुवा प्रजातन्त्र थियो, जो मानिसको **नैसर्गिक** अधिकारको रूपमा सिद्धान्ततः स्वतन्त्रतामा मात्र केन्द्रित थियो । दोस्रो पुस्ताको प्रजातन्त्र प्रतिनिधिमूलक प्रजातन्त्र हो, जसले समानता र शासन व्यवस्थामा सबैको प्रतिनिधित्वको विषयमा मुख्य जोड दिएको छ । बीसौं शताब्दीको उत्तरार्धमा प्रजातन्त्रको यो रूप नै प्रभावी रह्यो । बीसौं शताब्दीको अन्त्य र एक्काइसौं शताब्दीको वर्तमान समयमा प्रजातन्त्रको तेस्रो पुस्ताको रूपमा सहभागितामूलक प्रजातन्त्र विकसित भएको छ, जसमा सबैको सक्रिय सहभागिता तथा भावनात्मक र कार्यमूलक **ऐक्यबद्धता** नै केन्द्रविन्दु बनेको छ ।

**प्रजातन्त्र र मानव अधिकारका तीन पुस्ता**

| पुस्ता | मानव अधिकार | प्रजातन्त्र |
|---|---|---|
| **पहिलो** | स्वतन्त्रता | वुर्जुवा प्रजातन्त्र |
| **दोस्रो** | समानता | प्रतिनिधिमूलक |
| **तेस्रो** | ऐक्यबद्धता | सहभागितामूलक |

## प्रजातन्त्रका आधारहरू

- जनताको सार्वभौमसत्ता
- बहुमतको शासन र अल्पसंख्यकका अधिकारको रक्षा
- आधारभूत मानवअधिकारको ग्यारेण्टी
- स्वतन्त्र र निष्पक्ष निर्वाचन
- संविधान र कानुनको सर्वोच्चता
- सामाजिक, आर्थिक र राजनीतिक **बहुलवाद**
- गतिशीलता, **सहिष्णुता**, सहयोग र सहकार्य मूलभूत मूल्य-मान्यता ।

**शब्दको परिभाषा**

**नैसर्गिक**

स्वाभाविक र प्राकृतिक वा जन्मजात भन्ने अर्थमा प्रयोग भए पनि नभई नहुने अधिकारको रूपमा कानून र मानव अधिकारसंग जोडेर यो शब्दको प्रयोग हुने गरेको छ।

**ऐक्यबद्धता**

एक व्यक्ति वा समूह वा संघ-संस्थाप्रति अरू व्यक्ति, समूह वा संघ-संस्थाले एकताको भावना देखाउनु वा समर्थन गर्नु नै ऐक्यबद्धता हो। राजनीतिक हिसाबले उदारवादी वा अनुदारवादी शक्तिहरुले एक अर्कालाई जनाउने समर्थन र सहयोग ऐक्यबद्धता हो।

**बहुलवाद**

समाजमा धेरै थरी विचारहरू र ती विचारलाई बोकेर हिंड्ने संघ-संस्था, संगठनहरू हुन्छन्। सबै संघ-संस्था र विचारहरुको प्रतिनिधित्व र सहभागिता निर्णय प्रक्रियामा रहने राजनीतिक परिपाटी नै बहुलवाद हो। उदाहरणका लागि चीनका नेता माओले ६० को दशकमा सयौं फूलहरुलाई फुल्न देउ, सबै विचारहरू बीच प्रतिस्पर्धा हुन देउ भन्नु बहुलवादी विचार हो।

**सहिष्णुता**

सबैका विचार, भावना र आस्थाहरूको सम्मान गर्ने असल व्यवहारलाई सहिष्णुता भनिन्छ।

**शब्दको परिभाषा**

**समावेशी**

जनताका सबै समूह, समुदाय, जातजाति र क्षेत्रलाई शासन संचालन, निर्णय, नीति र कार्यक्रमको कार्यान्वयनको सबै निकायमा सामेल गराउने प्रक्रिया नै समावेशी प्रक्रिया हो, जो वास्तविक प्रजातन्त्रका लागि अति आवश्यक मानिन्छ।

**समानुपातिक**

दुई वा दुई भन्दा बढी विषय वा वस्तुको तुलना गर्दा बराबरको मात्रा वा अवस्थालाई समानुपातिक भनिन्छ। राजनीतिमा १०० जना नागरिकको समुदायमा महिला २० र पुरुष ८० छन् भने ५ जना रहने कुनै निकायमा प्रतिनिधित्व गर्दा १ महिला ४ पुरुष रहनु समानुपातिक हुन्छ। यस्तै प्रतिनिधित्व जातीय, क्षेत्रीय वा दलगत आधारमा पनि हुन सक्छ।

प्रजातन्त्रको दुई चरण हुन्छन् । पहिलो चरणलाई हामी संक्रमणकालीन प्रजातन्त्र भन्न सक्छौं । **समावेशी**, मतदातालाई बुझ्न सजिलो हुने निर्वाचन विधि, **समानुपातिक**, विवादका क्षेत्र थोरै पारिएको, संचालनको लागि सजिलो र पारदर्शी तथा ठूलो आकारको संयुक्त सरकार जस्ता गुणहरू संक्रमणकालीन प्रजातन्त्रको विशेषता मानिन्छ । त्यसपछिको चरणलाई सुदृढ प्रजातन्त्र भनिन्छ, जहाँ उत्तरदायी, वेठीकहरूलाई दुरुस्त गर्न सक्ने, जिम्मेवार र एक पार्टीको सरकार जस्ता विशेषताहरू देखिन्छन् ।

**प्रजातन्त्रका चरण र निर्वाचन विधि**

| संक्रमणकालीन प्रजातन्त्र | सुदृढ प्रजातन्त्र |
|---|---|
| ● समावेशी<br>● मतदातालाई बुझ्न सजिलो हुने निर्वाचन विधि<br>● समानुपातिक निर्वाचन विधि<br>● विवादका क्षेत्र थोरै पारिएको<br>● संचालनको लागि सजिलो तथा पारदर्शी<br>● ठूलो आकारको संयुक्त सरकार | ● मतदातालाई धेरै अवसरको छनौट भएको<br>● मतदातामा स्वामित्वको भावना जगाउने<br>● मान्यता प्रति जवाफदेही<br>● वेठीकहरूलाई दुरुस्त गर्न सक्ने<br>● जिम्मेवार<br>● एक पार्टीको सरकार, छरितो सरकार |

## शक्ति पृथकीकरण र विकेन्द्रीकरण भनेको के हो ?

न्यायपालिका (अदालत), कार्यपालिका (सरकार) र व्यवस्थापिका (संसद) बीच शासन संचालनको अधिकार बाँडफाँड र सन्तुलनलाई शक्ति पृथकीकरण भनिन्छ । पृथकीकरण गरिएको शक्तिलाई केन्द्रबाट तल्ला स्थानीय निकायसम्म फैलाएर निर्णय र लागू गर्ने काममा बढीभन्दा बढी मानिसको सहभागिता ल्याउने कामलाई विकेन्द्रीकरण भनिन्छ। विकेन्द्रीकरणको व्यावहारिक अर्थ स्थानीय तहमा जिविस, नपा/गाविस जस्ता निकाय मार्फत जनताको शासन संचालन र कायम गर्नु हो ।

**प्रजातन्त्रको आधारभूत सिद्धान्त र समन्वयकारी मान्यता**लाई तलको तालिकामा उल्लेख गरिए अनुसार बुझ्न सकिन्छ ।

| समन्वयकारी मान्यता | आवश्यक पर्ने तत्त्व | प्राप्त गर्न चाहिने संस्थागत माध्यम |
|---|---|---|
| **सहभागिता** | • सहभागिताको लागि अधिकार<br>• सहभागिताको लागि क्षमता विकास<br>• सहभागिताको लागि आवश्यक संस्था<br>• सहभागितामूलक संस्कृति | • नागरिक र राजनीतिक अधिकारको प्रणाली<br>• आर्थिक र सामाजिक अधिकार<br>• निर्वाचन ,पार्टी र गैर सरकारी संस्थाहरू<br>• नागरिकका लागि शिक्षा |
| **अधिकार** | • संविधानको वैधता<br>• कार्यक्रम/अधिकारहरू छान्ने अधिकार<br>• निर्वाचितहरूको अनिर्वाचित माथि नियन्त्रण | • जनमत संग्रह<br>• निस्पक्ष र स्वतन्त्र निर्वाचन<br>• निर्वाचित पदाधिकारीलाई बल पुऱ्याउने प्रणाली |
| **प्रतिनिधित्व** | • तत्कालीन जनमत अनुरूपको विधायक<br>• मतदाताको सामाजिक बनोट अनुरूपको सार्वजनिक संस्थाहरूमा प्रतिनिधित्व | • मतदाता र पार्टी प्रणाली<br>• भेदभाव विरुद्ध कानुन<br>• सकारात्मक दिशा तर्फको नीतिहरू |
| **जिम्मेवारीपन** | • एकीकृत न्याय तथा प्रभावकारी एवं इमान्दार नागरिक प्रशासनको निश्चितता दिने राजनीतिक, वित्तीय र कानुनी रूपमा जिम्मेवारीपनको स्पष्ट व्याख्या | • कानूनी शासन, **शक्ति पृथकीकरण**<br>• स्वतन्त्र अनुगमन प्रक्रिया<br>• कानुनी रूपमा मान्य हुने मापदण्ड<br>• बलियो संसदीय शक्ति |
| **पारदर्शिता** | • व्यवस्थापिका र सार्वजनिक सुनवाइमा खुल्ला सरकार | • सूचनाको स्वतन्त्रता, नियम-कानुन<br>• स्वतन्त्र आम संचार |
| **जवाफदेहीपन** | • सरकारमाथि मतदाताको पहुँच हुनु र नीति निर्माण, कार्यान्वयन तथा सेवा प्रदानमा विभिन्न तहका जनताको आवाज सुनिनु | • सार्वजनिक सुनुवाइमा व्यवस्थित र खुल्ला प्रक्रिया<br>• प्रभावकारी कानुनी प्रक्रिया<br>• जनतासँग आबद्ध स्थानीय सरकार |
| **ऐक्यवद्धता** | • देश भित्रको विविधतामा सृजनशीलता<br>• प्रजातान्त्रिक सरकारप्रति समर्थन तथा देश बाहिरको प्रजातान्त्रिक आन्दोलन प्रति समर्थन | • नागरिक र मानवअधिकार शिक्षा<br>• अन्तरराष्ट्रिय मानव अधिकार कानुन<br>• सयुंक्त राष्ट्रसंघ र अन्य संस्था<br>• अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरू |

निर्वाचन प्रजातन्त्रको महत्त्वपूर्ण पक्ष हो । निर्वाचनबाट नै जनताले शासन गर्नका लागि आफ्ना प्रतिनिधि छानेर पठाउँछन् । विश्वमा शासनको लागि आफ्नो प्रतिनिधि छान्ने यस्ता फरक-फरक विधिहरू चलेका छन् । कुनै एक व्यक्ति, एक भोटमा आधारित छन् भने कुनै समानुपातिक मत प्रणालीमा आधारित छन् । कतै पार्टी वा समूहलाई भोट दिने प्रणाली प्रचलनमा छ भने कतै एकै चोटि एक भन्दा बढी व्यक्तिलाई प्राथमिकता तोकेर भोट हाल्ने प्रणाली छ । यी विधिको मुख्य-मुख्य प्रकारको उदाहरण तल दिइएको छ ।

१. **एक व्यक्ति, एक भोट** : सबैभन्दा प्रचलित र सरल यो तरिकामा भौगोलिक क्षेत्रलाई चुनाब क्षेत्रमा बाँडी हरेक चुनाब क्षेत्रबाट सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित गरिन्छ । यो पद्धतिमा जित्ने उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रको मतदाताको बहुमत पाए पनि देशभरी खसेको मतको बहुमत सत्ताधारी दलले पाएको हुनुपर्छ भन्ने छैन । यो पद्धति नेपाल, भारत, वेलायत, अमेरिका, क्यानाडा आदि मुलुकमा प्रचलित छ ।

२. **समूहको नाममा मत दिने प्रणाली** : जातीय वा अन्य विशिष्ट समूहहरूको संस्थागत प्रतिनिधित्वको लागि हरेक समूहको सीट संख्या पहिले नै तय गरिन्छ र त्यस आधारमा सम्बन्धित समूहको भागमा परेको सीटमा मतदाताले प्रतिनिधि निर्वाचित गर्दछन् । यो प्रणाली लेवनान, सिंगापुर, मरिसस लगायतका देशमा प्रचलित छ ।

३. **पार्टीको नाममा मत दिने प्रणाली** : यस प्रणालीमा मतदाताले उम्मेदवार होइन पार्टीलाई भोट हाल्छन् र जुन पार्टीले तोकिएको चुनाव क्षेत्रमा बहुमत ल्याउँछ, त्यो चुनाव क्षेत्रका सबै सीट उसैको हुन्छ ।

४. **समानुपातिक निर्वाचन प्रणाली** : देशभित्र रहेका सबै जातीय, धार्मिक वा अन्य समूह, अल्पसंख्यक वा बहुसंख्यकहरूले आफ्नो संख्याको आधारमा शासन प्रणालीमा भाग लिने प्रणाली, समानुपातिक निर्वाचन प्रणाली हो । यो प्रणालीमा प्राप्त मतको आधारमा जनप्रतिनिधि र जनप्रतिनिधिको संख्याको आधारमा सरकारमा सबै दल वा समूहको सहभागिता हुन्छ । यस्तो प्रणाली भएका देशहरूमा स्वीटजरल्याण्ड, दक्षिण अफ्रिका र नेदरल्याण्ड्स पर्दछन् ।

५. **वैकल्पिक मत प्रणाली** : यस प्रणालीमा मतदाताले उम्मेदवारहरूलाई प्राथमिकताको आधारमा "१" "२" "३" "४" गर्दै नम्बरमा राख्दै जान्छ, कुनै एकलाई मात्रै

छान्दैन । यो प्रणालीमा ५० प्रतिशत भन्दा बढी मतदाताको **एक नम्बर** प्राथमिकतामा पर्ने उम्मेदवार नै विजयी हुन्छ । यो प्रणाली अस्ट्रेलिया र फिजी लगायतका प्रशान्त क्षेत्रका केही मुलुकमा प्रचलित छ ।

६. **मत हस्तान्तरणको प्रणाली** : यस प्रणालीमा पनि मतदाताले प्राथमिकताका आधारमा उम्मेदवारलाई “१” “२” “३” “४” नम्बरमा राख्दछ । पहिलो प्राथमिकताका मत हिसाब गरी जित्नको लागि चाहिने मतको कोटा निर्धारण गरिन्छ । तोकिएको कोटा भन्दा बढी मत ल्याउने स्वतः निर्वाचित हुन्छ र जित्ने व्यक्तिको कोटाभन्दा बढी मत कोटा नपुगेका व्यक्तिहरूमा सर्दै जान्छ र सीट पूरा नभएसम्म मत सर्ने क्रम जारी रहन्छ । यो प्रणाली इस्तोनिया, आयरल्याण्ड र माल्टामा व्यापक प्रचलित छ ।

**विश्वमा चलेका निर्वाचन प्रणाली : संक्षेपमा**

| प्रणाली | तरिका | देशहरू |
|---|---|---|
| **बहुमत-अल्पमतको प्रणाली** | **एक व्यक्ति-एक भोट** | नेपाल, भारत, वेलायत, अमेरिका, क्यानाडा आदि |
| | **समूहको नाममा मत दिने/ पार्टीको नाममा मत दिने** | लेवनान, सिंगापुर, मरिसस |
| | **वैकल्पिक मत प्रणाली** | अस्ट्रेलिया र फिजी लगायत प्रशान्त क्षेत्रका केही मुलुक |
| **समानुपातिक प्रणाली** | **मेरिट लिस्टको आधारमा मत** | स्वीटजरल्याण्ड, दक्षिण अफ्रिका (१९९४) र नेदरल्याण्ड्स |
| | **मत हस्तान्तरणको प्रणाली** | इस्तोनिया, आयरल्याण्ड र माल्टा |
| **प्रत्यक्ष बहुमतको प्रणाली** | | फ्रान्स |

# ५ प्रजातन्त्र र समाजवाद



# प्रजातन्त्र र समाजवाद

५

पूँजीवादको विकास क्रममा प्राप्त सम्पूर्ण उपलब्धिहरू पूँजीवादका पेवा होइनन् र ती मानव समाजका, मानव सभ्यताका उपलब्धि हुन् । सामन्तवाद विरुद्ध आन्दोलन गरी त्यसलाई विस्थापित गरेर पूँजीवादको विकासको क्रममा स्थापित भएका राज्यसंचालनका विकसित रूपहरू समाजवादी प्रणालीमा पनि उत्तिकै सान्दर्भिक हुन्छन् । यद्यपि, प्रजातन्त्र भनेको पूँजीवाद र एकदलीय तानाशाही भनेको समाजवाद भन्ने किसिमको भ्रममा आम मानिसलाई भुलाउने पूँजीवादी चेष्टा बीसौं शताब्दी भरी नै रह्यो ।  समाजवादमा शोषणको साम्राज्यलाई सहायक हुने, असमानतालाई घनीभूत पार्ने र बहुराष्ट्रिय निगमहरू तथा ठूला व्यावसायिक समूहको हितमा केन्द्रित हुने नीति, संरचना र संयन्त्रको मात्र अन्त्य गरिन्छ । त्यसका लागि राजनीतिक प्रणालीमा, निर्वाचन प्रणाली र प्रतिनिधित्व व्यवस्थामा, जनसहभागितालाई तल गाउँदेखि राष्ट्रिय स्तरसम्म सुनिश्चित गर्ने कुरामा उपयुक्त परिवर्तन ल्याउनै पर्छ । यसो गरेर नै सामन्ती र पूँजीवादी शोषणद्वारा शिकार भएको सिंगो समाजलाई रूपान्तरण गर्ने उपयुक्त बाटो खुल्नेछ । समाजको झन् झन् प्रजातान्त्रीकरण हुँदै जानेछ ।

त्यसैले समानता, स्वतन्त्रता, उत्पादनका साधनको सामाजिकीकरण जस्ता विषयलाई प्रजातन्त्र संचालनको पूँजीवादी युगमा विकसित प्राविधिक ढाँचाले असहयोग गर्दैन । यो ढाँचामा पूँजीवाद भित्र चाहिँ समानता, स्वतन्त्रता र जनताका हक अधिकार कुण्ठित भएका हुन्छन् र प्रजातन्त्रको खोल र दुहाइ मात्र बाँकी रहेको हुन्छ । अहिले विश्वव्यापीकरणको रूपमा आएको आधुनिक पूँजीवादले यही गरिरहेको छ । समाजवादले यसै अवधिमा विकास गरिएका प्रजातन्त्रका बाहिरी ढाँचालाई समयानुकूल सुधार सहित वास्तविक जनताको प्रजातन्त्र उपयोग र संचालन गर्ने आधार बनाउनु पर्छ । त्यसैले प्रजातन्त्र र समाजवादका बीचमा कुनै वैरभाव हुन सक्दैन तथा पूँजीवाद र प्रजातन्त्रको बीचमा कुनै मेल हुन सक्दैन ।

समाजवाद भनेको पूँजीवाद भन्दा पनि प्रगतिशील एवं उन्नत समाज व्यवस्था हो ।

पूँजीवादमा प्रयोग भएको सीमित प्रजातन्त्र भन्दा उन्नत स्तरको समतामूलक प्रजातन्त्र नै समाजवादले अभ्यास गर्ने प्रजातन्त्र हो । काल्पनिक समाजवादीदेखि वैज्ञानिक समाजवादीसम्म, प्लेटोदेखि मार्क्स-एंगेल्ससम्म र आजका समाजवादी विचारकहरूको समाजवाद पनि प्रजातन्त्रको पूर्वाभ्यासको समाजवाद नै हो । यद्यपि, समाजवादको चिन्तनको विकासक्रम बांगो-टेढो बाटो हुँदै अघि बढेको छ । सोभियत संघ र अन्य मुलुकहरूमा भएका अभ्यासहरूले समाजवादको आधारभूत प्रजातान्त्रिक रूपलाई चोट पनि पुऱ्याएका छन् ।

समाजवाद एउटा लामो प्रक्रिया हो, हतार गरेर समाजवादी समाज बनाउन सकिँदैन । शताब्दीयौंको लामो यात्रालाई २/४ वर्षमा छोट्याउन सकिँदैन भन्ने कुरा पनि ती अभ्यासले साबित गरि दिएका छन् ।

शब्दको परिभाषा

**अधिनायकत्व**

शाब्दिक हिसाबले तानाशाही व्यवहार जनाउँछ । शासन संचालनमा शासक वर्गले विरोधी पक्षलाई नियन्त्रण गर्न गरिने कठोर व्यवहार नै अधिनायकत्व हो।

प्रजातन्त्र र समाजवाद एक अर्काका विरोधी हुन् र एउटालाई विस्थापित गरेर मात्र अर्को संचालन हुन सक्छ भन्ने प्रभाव आम मानिसमा पार्ने चेष्टाहरूमा नै बीसौं शताब्दी समाप्त भयो । पूँजीवादसँग प्रजातन्त्रलाई जोड्ने र **अधिनायकत्व**सँग समाजवादलाई जोड्ने प्रवृत्ति लामो समयसम्म हावी रह्यो । एकदलीय समाजवादको अभ्यास, पूँजीवादको आक्रामक प्रचारवाजी र समाजवादको मूल शक्तिशाली धाराको प्रतिनिधित्व गर्ने कम्युनिस्ट पार्टीहरूले भन्ने गरेको सर्वहारावर्गको अधिनायकत्वको विचारले गर्दा पनि प्रजातन्त्र र समाजवादलाई फरक-फरक गर्ने प्रवृत्ति बीसौं शताब्दीमा बलियो रह्यो ।

## पूँजीवादी उदारवादी र समाजवादी राज्य संक्षिप्त तुलना

| पूँजीवादी उदारवादी राज्य | समाजवादी राज्य |
|---|---|
| मानववादी दृष्टिकोण | वर्गीय पक्षधरता सहितको मानवतावादी दृष्टिकोण |
| बहुदलीय शासन प्रणाली<br>विश्वव्यापीकरण | एकदलीय वा बहुदलीय शासन प्रणाली<br>अन्तरराष्ट्रियतावादमा आधारित राष्ट्रवादी सोच |
| बहुराष्ट्रिय कम्पनी र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूको **पक्षपोषण** | बहुराष्ट्रिय कम्पनी र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूको शोषण-जालोको विरोध |
| अर्कालाई पछारेर आफूले लाभ लिने सिद्धान्त, 'मान्छेले नै मान्छेलाई सिध्याउँछ' को नीति (**जित-हार**) | एकले गरेको कामबाट अर्को पक्षलाई पनि फाइदै फाइदा भन्ने नीति (**जित-जित**) |
| उत्पादन र सेवाको विस्तारमा जोड<br>राजनीतिमा प्राविधिक व्यवस्थापन | उत्पादन र सेवाको वितरणमा जोड<br>राजनीतिक व्यवस्थापन सहभागितामा आधारित |
| पूँजीको स्वामित्व केही सम्पन्न तथा अभिजात वर्गमा मात्र सीमित | पूँजीको स्वामित्व योजनाबद्धरूपमा विकेन्द्रित गर्दै यसमाथि हरेकको पहुँच पुऱ्याउने |

शब्दको परिभाषा

**पक्षपोषण**

कुनै एक पक्षको हितमा तर्क, बहस र काम गर्नु नै पक्षपोषण हो।

| पूँजीवादी उदारवादी राज्य | समाजवादी राज्य |
|---|---|
| व्यक्तिवादी, अन्यायी प्रणाली र सामूहिकताको उपेक्षा | सामाजिक न्यायको सिद्धान्तको आधारमा संस्थागत रूपमै प्रत्येक व्यक्ति सार्वभौमसत्ता सम्पन्न |
| पूँजीको पक्षपोषण | श्रमको पक्षपोषण |
| असमानता र शोषणको वृद्धि | समानता प्रवर्धन र शोषणमा कमी |
| **मन्द विकासमूलक** | **द्रुत परिवर्तनकारी** |
| जनसहभागिता कमजोर | जनसहभागितामा आधारित |
| केहीका नाफाको लागि विगतको बचतको लगानी र उपभोग | सबैको भविष्यको लागि विगतको बचतको प्रयोग |
| गरीबको लागि सामाजिक सुरक्षा **संजाल**को अभाव | राज्यद्वारा सम्पत्तिको पुनर्वितरण गर्दै गरीबको लागि सामाजिक सुरक्षा संजाल तयार गर्ने |
| भेदभावहरू कायमै | भेदभावहरूको क्रमशः अन्त्य |

## समाजवादको विकास र विविध प्रवृत्तिहरू

समाजवादको वास्तविक अभ्यास सोभियत संघमा भएको अक्टोबर क्रान्ति पछि अर्थात् सन् १९१७ पछि शुरू भएको हो । तर, विगतको अभ्यासलाई हेर्दा त्यो समाजवादको अभ्यास संक्रमणकालीन अभ्यास नै सावित भएको छ ।

यद्यपि, पूँजीवादको विकासक्रमसँगसँगै समाजवादी चिन्तन पनि शुरू भयो । प्लेटोको साम्यवाद जस्तो प्राचीनकालीन समाजवादी चिन्तनदेखि अलग व्यावहारिक ढंगले शुरू भएको चिन्तनको इतिहास मूलतः थोमस मूरबाट शुरू हुन्छ । १६ औं शताब्दीमा थोमस मूरले सामाजिक स्वामित्वको युटोपियन अर्थात् **स्वप्नदर्शी** विचार प्रस्तुत गरे । उत्पादनका साधनहरूमाथिको निजी स्वामित्व नै सामाजिक-आर्थिक असमानता र अन्यायको मूल कारण भएकोले सामाजिक स्वामित्वको स्थापनाबाट मात्र समृद्ध र विकसित समाज निर्माण गर्न सकिन्छ भन्ने उनको निष्कर्ष थियो ।

पछि फेवियन समाजवाद, गिल्ड समाजवाद र वैज्ञानिक समाजवादका विचारहरू विकसित भए । सेन्ट साइमनले अठारौं शताब्दीमा योग्यता अनुसारको काम र काम अनुसार पारिश्रमिकको निष्कर्ष प्रस्तुत गरे । उनको मुख्य जोड श्रमलाई

**शब्दको परिभाषा**

**मन्द विकासमूलक र द्रुत परिवर्तनकारी**

मन्द विकासमूलक ढिलो गतिमा हुने विकासको प्रक्रिया हो, जहाँ प्रविधिमा परिवर्तन एकदम विस्तारो हुन्छ र समाजको विकास पनि ढिलो हुन्छ। राजनीतिक अर्थमा पूँजीवादले क्रान्तिकारी बाटोको साटो क्रमिक सुधारको मात्र बाटो लिएकोले पूँजीवादको विकास अवधारणा मन्द विकासमूलक मानिन्छ। यसको विपरित समाजवादले क्रान्तिकारी ढंगको विकासको बाटो अपनाउने भएकोले समाजवादी विकास अवधारणालाई द्रुत परिवर्तनकारी मानिन्छ।

**संजाल**

कुनै पनि संस्था वा विचारलाई व्यापक रूपमा फैलाउन वा लागू गर्न उस्तै मतका संस्थाहरू बीचमा हुने आपसी एकता र समन्वयको श्रृङ्खलालाई नै संजाल मानिन्छ।

**स्वप्नदर्शी**

अंग्रेजी शब्द युटोपियाको नेपाली उल्था स्वप्नदर्शी हुन्छ। आदर्श र रमाइलो कल्पना गर्नेलाई स्वप्नदर्शी भनिन्छ।

सामाजिक जीवनको मुख्य आधार मानी श्रम केन्द्रित, सामाजिक न्यायमा आधारित समाजवादी प्रणालीको विकास गर्नेतर्फ केन्द्रित थियो । चार्ल्स फुरिए, सिस्मण्डी र रोवर्ट ओवेनका चिन्तन र योगदानहरूले पनि समाजवादी चिन्तनको विकासक्रममा ठूलो योगदान गरेका छन् ।


प्लेटो


थोमस मूर


विलियम मोरिस


रोवर्ट ओवेन


सिडनी वेब


## काल्पनिक समाजवादका तीन ढाँचा

**युटोपियन समाजवाद वा स्वप्नदर्शी समाजवाद** : पच्चिस सय वर्ष अघिका दार्शनिक **प्लेटो**ले शासक वर्ग दार्शनिक र आफ्नो सम्पत्ति तथा परिवार केही पनि नभएको हुनु पर्छ भन्ने धारणा प्रस्तुत गरेका थिए, यसलाई प्लेटोको साम्यवाद भनिन्छ । त्यसपछि सोह्रौं शताब्दीमा **थोमस मूर**ले युटोपिया भन्ने किताब नै लेखे, जसमा उनले यस्तो समाज निर्माणको परिकल्पना गरे, जहाँ कुनै पनि व्यक्तिसँग निजी केही पनि हुँदैन तर सबै सम्पन्न र सुखी हुन्छन्, प्रत्येक व्यक्तिको समाजका प्रत्येक वस्तुमाथि अधिकार हुन्छ र असमान वितरणको कुनै सम्भावना हुँदैन ।

१९ औं शताब्दीका **विलियम मोरिसले** आधुनिक औद्योगिक विश्वमा श्रमिकहरूको समाजवादको परिकल्पना प्रस्तुत गरे । युगौंदेखि दार्शनिकहरूले कल्पना गर्दै आएको पूर्ण समानतामा आधारित श्रमिकहरूको समाजवादको कुरालाई व्यवहारमा लागू गर्ने प्रयास **रोवर्ट ओवेन**ले उन्नाइसौं शताब्दीको पूर्वार्धमा गरे । आफ्नै मीलमा समानतामा आधारित न्यू लानार्क भन्ने एउटा छुट्टै सामूहिक जीवनको उपनगर नै उनले बसाए, जो एक किसिमको सहकारी समाज थियो । युटोपियन समाजवादीहरूकै परिकल्पनाले कम्युनहरू निर्माण गर्ने आधारहरू तयार गरेको हो ।


**गिल्ड समाजवाद** : समाजवाद र अराजकतावादलाई मिलाउने प्रयत्न थियो गिल्ड समाजवाद । यसको मुख्य सार हो- “उद्योगमा स्वयंसेवी सरकार” । राज्यप्रतिको अविश्वासले गर्दा व्यवस्थापनमा श्रमिकको सहभागितालाई यसले पुष्टि गर्‍यो । गिल्ड समाजवादले प्रतिष्ठान, कारखाना र समाजमा आफैं आफ्नो व्यवस्थापन गर्ने समाज निर्माणको अवधारणा ल्याएको छ । ‘कारखाना मजदुरलाई, खानी- खानी श्रमिकलाई’ भन्ने नारा दिए **विट्रिस वेब**ले । हरेक कारखाना वा कार्यथलोमा गिल्ड अर्थात् **समूहको निर्माण गर्ने**, उद्योगको प्रशासन यस्तै गिल्डहरूको संघले संचालन गर्ने, नगर, गाउँ र जिल्लाको गिल्ड बनाउने, उद्योग आधारित क्षेत्रीय प्रशासन उद्योगहरूको संघले चलाउने, क्षेत्रीय र औद्योगिक महासंघहरूको राष्ट्रिय प्रशासन हुने परिकल्पना यसमा गरियो । कम्युनको नीति निर्णय गिल्डका प्रतिनिधिहरूको संयुक्त बोर्डले संचालन गर्दछ । स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा गिल्ड महासभा हुनेछ, जसले गिल्डहरू बीच समन्वय कायम गर्ने छ । यस अर्थमा औद्योगिक प्रशासनमा बहुमुखी संघवाद अर्थात एक प्रकारको कम्युन समाज नै गिल्ड समाजवाद हो ।

## जि.डि.एच.कोलद्वारा प्रस्ताव गरिएको गिल्ड समाजको सांगठनिक ढाँचा




**फोवियन समाजवाद** : फान्सका विद्वान फेवियसको नामबाट चिनिने फेवियन समाजवादीहरूको उद्देश्य जनमत निर्माण र परिवर्तन गर्नु थियो- समग्र सुधारको पक्षमा । १९ औं शताब्दीको अन्त्यमा 'उच्चतम नैतिक सम्भावनाहरूको आधारमा समाजको पुनर्निर्माणका लागि' भन्ने उद्देश्य राखेर **एडवर्ड पीज**ले फेवियन समाज भन्ने संस्था स्थापना गरे । **जर्ज वर्नार्ड शा** समेत यसका सदस्य थिए । आफ्नो प्रकाशन संस्था स्थापना गरेर यसले प्रकाशनहरू शुरू गऱ्यो । सार्वजनिक आमसभा र सम्मेलनहरू गरी आफ्नो विचारहरू प्रवाहित गऱ्यो । यो ब्रिटेनको सबैभन्दा पुरानो समाजवादीहरूको संगठन थियो । बालबालिकाको लागि फेवियन नर्सरी र न्यू फेवियन रिसर्च ब्यूरो पनि स्थापित भए । यसको लेवर पार्टीसँग धेरै घनिष्ठ सम्बन्ध रह्यो । फेवियन इन्टरनेशनल व्यूरो स्थापित गरी समाजवाद र युरोपको भविष्यबारे विचारको आदान प्रदान गरी यसले राजनीतिक विचारलाई प्रभावित गरिरहने काम गऱ्यो । फेवियन समाजवादको अवधारणा विकास गर्नमा **सिडनी वेबस, विट्रिस वेबस, जर्ज बर्नाड शा, एच जी वेल्स**को मूल योगदान रहेको थियो । **जि डि एच कोल** भने पछि गएर गिल्ड समाजवादतिर क्रियाशील भए । ब्रिटेनका हालका प्रधानमन्त्री टोनी ब्लेयर फेवियन सांसद मानिन्छन् ।


**जि.डि.एच. कोल**


**एडवर्ड पीज**


**विट्रिस वेब**

## मार्क्सवाद र वैज्ञानिक समाजवादको जन्म

सन् १८४८ मा कार्ल मार्क्स र उनका सहयोगी एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेखे । प्रथम अन्तरराष्ट्रिय भनेर चिनिने त्यो घोषणापत्रले वैज्ञानिक समाजवादको जन्म दियो । काल्पनिक समाजवादको चर्चा परिचर्चा गर्नुको सट्टा मार्क्स र एंगेल्सले पूँजीवादको बदलामा समाजवाद कसरी निर्माण गर्ने भन्ने विचार अघि सारे । पूँजीवादले शोषण गर्‍यो भनेर कराई रहनुको सट्टा यी दुई विद्वानले पूँजीवादको वैज्ञानिक विश्लेषण गरे । उनीहरूले भने, 'धेरै कारणले पूँजीवाद एउटा प्रगतिशील प्रणाली हो । यसले उत्पादनलाई क्रान्तिकारीकरण गरेको छ । यसले मानव सभ्यतालाई नयाँ-नयाँ प्रविधिको विकास सहित उच्चतहमा पुर्‍याएको छ । यसले लाखौं श्रमिकलाई साझा उत्पादन प्रक्रियामा संगठित गरेको छ ।'

'तर पूँजीवादले आफ्ना सबै क्रान्तिकारी शक्ति एउटै उद्देश्यमा मात्रै खर्चेको छ- त्यो हो, अल्पसंख्यामा रहेको मुठ्ठीभर पूँजीपतिले अकुत नाफा कुम्ल्याउने । त्यसैले पूँजीवादको नाता प्रविधिको विकास र ठूलो संख्याको मानव समुदायको पीडा मिसिएको प्रगति र उत्पीडनसँग जोडिएको हुन्छ । पूँजीवादभित्रको अन्तरविरोध भनेकै यही हो ।' मार्क्सवादले यसलाई 'उत्पादनका सामाजिक शक्तिहरू र शोषणमूलक उत्पादन सम्बन्ध बीचको अन्तरविरोध' भनेको छ ।

वैज्ञानिक समाजवादले यो समस्याको समाधान पूँजीवादभन्दा पछाडिको अवस्थामा फर्किएर वा पूँजीवादको उपलब्धिलाई मासेर होइन, त्यसलाई सामाजिकीकरण गरेर मात्र हुनसक्छ भन्ने मान्यता अघि सारेको छ ।

**शब्दको परिभाषा**

**प्रतिपादित**

कुनै पनि विचार वा सिद्धान्त कुनै व्यक्ति वा संस्थाद्वारा व्यवस्थित किसिमबाट तयार गर्ने तथा व्याख्या गर्ने कामलाई प्रतिपादित गरिएको मानिन्छ।

### वैज्ञानिक समाजवादका विशेषता

- मार्क्स र एंगेल्सद्वारा **प्रतिपादित**
- द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको दार्शनिक आधारमा उभिएको
- वर्ग संघर्षमा आधारित नयाँ सामाजिक-आर्थिक राजनीतिक प्रणाली
- सबै उत्पादनका साधनमा सामाजिक स्वामित्व
- योग्यता अनुसारको काम : काम अनुसारको दाम
- राजनीतिक प्रणालीको रूपगत ढाँचामा अस्पष्ट तर लेनिनद्वारा एकदलीय ढाँचाको व्यावहारिक प्रयोग
- समतामूलक वितरण प्रणालीमा केन्द्रित

कम्युनिस्ट लिग भनेर समेत चिनिने पहिलो अन्तरराष्ट्रियका लागि लेखिएको कम्युनिस्ट घोषणापत्र युरोपका स-साना क्रान्तिकारी समूहहरूमा आधारित थियो । यद्यपि, त्यो घोषणाले आधुनिक औद्योगिक सर्वहारालाई क्रान्तिको मुख्य शक्ति मानेको थियो । त्यो अन्तरराष्ट्रिय मूलतः क्रान्तिकारी सिल्पीहरू र बौद्धिक जमातबाट बनेको थियो । उनीहरूकै प्रभावको कारण पेरिस कम्युनको समेत स्थापना हुन पुग्यो, जुन १८७१ को मार्चदेखि मेसम्म झण्डै तीन महिना जति पेरिसका श्रमजीवी जनताको कब्जामा रह्यो ।

पेरिस कम्युनसँगै पहिलो अन्तरराष्ट्रियको अन्त्य भयो, तर बेलायत, जर्मनी, फ्रान्स, बेल्जियम आदि पश्चिम तथा मध्य युरोपका देशहरूमा यसले औद्योगिक पूँजीवादको विकास गर्न र ठूला-ठूला ट्रेड यूनियन आन्दोलन निर्माण गर्न आधार तयार गऱ्यो । ती ट्रेड यूनियनहरूले क्रमशः राजनीतिक माग समेत उठाउन थाले । भोट हाल्ने अधिकार तिनीहरूमध्ये प्रमुख माग थियो । किनकि त्यो बेला मजदुरहरूमा भोट हाल्ने अधिकार थिएन । यिनै ठूला ट्रेड यूनियन आन्दोलनबाटै राजनीतिक पार्टीहरूको समेत स्थापना हुन थाल्यो । ती राजनीतिक पार्टीहरूले आफ्नो नाम श्रमिक (लेबोर) वा सामाजिक प्रजातान्त्रिक (सोसल डेमोक्र्याटिक) पार्टी भनेर नामाकरण गरे । सन् १८९८ मा ती नै नयाँ ट्रेड यूनियन तथा पार्टीहरूबाट दोस्रो अन्तरराष्ट्रिय स्थापना भयो । दोस्रो अन्तरराष्ट्रियको सबैभन्दा ठूलो पार्टी जर्मन समाजवादी जनवादी पार्टी थियो, जसको सदस्य सन् १९०० मा २० लाख पुगेको थियो । पहिलो अन्तरराष्ट्रियमा मार्क्सको सिद्धान्त थुप्रै विचारधाराहरूमध्ये एक थियो भने, दोस्रो अन्तरराष्ट्रियमा यो सबैभन्दा प्रभावशाली सिद्धान्त बनेको थियो ।

प्रायः सबै युरोपका विकसित पूँजीवादी देशहरूमा १९ सौं शताब्दीको अन्तिम दशक र बीसौं शताब्दीको पहिलो दशकमा दोस्रो अन्तरराष्ट्रियका पार्टीहरूले श्रमिक वर्गको हितको लागि सञ्चालित अनगिन्ती संघर्षहरूमा विजय हासिल गरे । उनीहरूले मजदुरहरूलाई भोट हाल्ने अधिकार पनि दिलाए । केहीले त संसदमा पनि आफ्नो प्रभावशाली उपस्थिति जनाए । यसले संसदमा पनि जनस्तरको समाजवादी पार्टीले जित्न सक्दो रहेछ भन्ने संभावना देखायो ।


पूँजीवादीको विकासले आफूसँगै चर्को अन्तरविराध पनि जन्माउँछ । बेलायत, जर्मनी, फ्रान्स, इटाली जस्ता पूँजीवादी देशहरूको तीव्र प्रतिस्पर्धाको कारण १९१४ को शुरूवातबाट पहिलो विश्वयुद्ध भड्कियो । यो युद्धले दोस्रो अन्तरराष्ट्रियका पार्टीहरूको बीचमा संकट खडा गरिदियो । पार्टीहरू वामपन्थी र दक्षिणपन्थी दुई

मिखाइल बाकुनिन



(सन् १८१४-१८७६)
अराजकतावादी समाजवादी विचारक

कार्ल काउत्स्की



(सन् १८५४-१९३८)
जर्मन समाजवादी पार्टीका प्रभावशाली नेता र विचारक

एडवर्ड वर्नस्टीन



(१८५१-१९३२)
जर्मन सोसल डेमोक्रेटिक पार्टीका प्रभावशाली नेता, विकासवादी समाजवादका पक्षपाती

भ्ला. ई. लेनिन



(१८७०-१९२४)
मार्क्सवादी समाजवादलाई व्यवहारमा लागू गर्ने पहिलो विचारक र नेता, जसको नेतृत्वमा १९१७ मा सोभियत संघमा क्रान्ति सम्पन्न भई पहिलो समाजवादी राष्ट्रको स्थापना भएको थियो।

रोजा लक्जेम्बर्ग



(१८७१-१९१९)
एकदलीय ढाचाँको समाजवादको विरोधी, रचानात्मक मार्क्सवादी विचारक र सिद्धान्तकार, जसको जन्म पोल्याण्डमा भए पनि सिंगो युरोप कर्मभूमि रह्यो ।

खेमामा बाँडिए । बामपन्थी खेमाले विश्वयुद्धलाई साम्राज्यवादी बीचको युद्ध भनेर तर्क गऱ्यो । उनीहरूको विश्लेषण थियो- कुनै पनि देशका मजदुरहरू अर्को देशको मजदुरहरू विरुद्ध परिचालित हुनुहुन्न । उनीहरूको भनाई थियो- बाध्य पारिएका श्रमिकहरूले आफ्नै हाकिम र पूँजीपतिहरू विरुद्ध बन्दुकको निशाना सोझ्याउनु पर्छ र क्रान्तिकारी विद्रोहको शुरूवात गर्नु पर्छ । यस्तो विचारधाराको नेतृत्व रुसी सामाजिक जनवादी पार्टी (बोल्सेभिक) का नेता **लेनिन**ले गरेका थिए । तर दोस्रो अन्तरराष्ट्रियको दक्षिणपन्थी खेमाले भने आ-आफ्नो देशको राष्ट्रिय पूँजीपतिको समर्थन गर्नु पर्छ भन्ने तर्क गऱ्यो । उनीहरूको सबभन्दा ठूलो डर थियो- कतै लेनिनको विचारले लामो समयको संघर्षपछि पाएको भोट हाल्ने अधिकार, संसदमा प्राप्त हैसियत र यूनियन खोल्ने कानुनी अधिकार नखोसियोस् । यसरी १९१५ मा दोस्रो अन्तरराष्ट्रिय विभाजित भयो र यो विभाजन २० औं शताब्दीभरि नै समाजवादको दुई प्रमुख धारको रूपमा विश्वमा रहिरह्यो । यी दुई धारहरू पछिल्लो कालमा **कम्युनिस्ट** र **सामाजिक प्रजातन्त्रवादी** धारको रूपमा चिनिए ।

छोटकरीमा भन्नुपर्दा समाजवादीहरूका चिन्तनलाई अक्टाबर क्रान्तिपूर्व दुई भागमा बाँड्न सकिन्छ :

**काल्पनिक समाजवाद** : युटोपियन समाजवाद, गिल्ड समाजवाद ,फेवियन समाजवाद र अन्य चिन्तनहरू

**वैज्ञानिक समाजवाद** : मार्क्सवादी-समाजवादी चिन्तन र क्रान्तिकारी परिवर्तनको सिद्धान्तमा आधारित

## अक्टोबर क्रान्ति र त्यसपछि

सन् १९१७ को अक्टोबर क्रान्तिले विश्वका क्रान्तिकारी समाजवादीहरूलाई उत्साहित पाऱ्यो । र, १९१९ मा तेस्रो अन्तरराष्ट्रिय स्थापना गरियो, जसलाई कम्युनिस्ट अन्तरराष्ट्रिय पनि भनिन्छ । यस अवधिमा एशिया र ल्याटिन अमेरिकाका थुप्रै देशहरूमा पनि कम्युनिस्ट पार्टीको स्थापना भयो । जर्मनी, हंगेरी, इटाली जस्ता देशहरूमा मजदुरहरूले कारखाना कब्जा गर्न गरेको विद्रोहहरू दक्षिणपन्थी खेमाबाट दमन गरियो । यसलाई लाल क्रान्तिको विरुद्ध खैरो प्रतिक्रान्ति पनि भनियो । कमजोर पूँजीपति वर्गले मजदुरहरूको विद्रोह झेल्नु परेपछि जर्मनीको **नाजीवाद** जस्तै इटाली, स्पेन, हंगेरी लगायतका देशहरूमा **फासीवाद**को जन्म भयो । यसले शक्ति सन्तुलन खलबल्याई दियो ।

**हिटलर**



(१८८९-१९४५)
जर्मनीका अनुदारवादी नेता

## नाजिवाद

राष्ट्रिय समाजवादी जर्मन वर्कर्स पार्टीको छोटकरी जर्मन नाम 'नाजी' थियो । यो पार्टी चर्चित तानाशाह हिटलरको पार्टी थियो । यो पार्टीले शासनसत्ता कब्जा गरेपछि जर्मन नागरिकहरुको राष्ट्रवादी भावनालाई दुरुपयोग गर्दै कठोर तानाशाही शासन सन् १९३३ बाट शुरु गर्‍यो । यस पार्टी र हिटलरले गरेको चरम दमन र नरसंहारले गर्दा नाजीवाद भन्ने शब्द कठोर, निर्मम, दमनकारी, अमानवीय शासन व्यवस्थाको रुपमा स्थापित भयो । जर्मनहरुको अन्ध-राष्ट्रवाद र जर्मनहरु सर्वश्रेष्ठ छन् भन्ने घमण्डी भावनालाई नाजीवादले अघि बढायो । यो पार्टी दोस्रो विश्वयुद्धको मूल वाहक बन्यो । हिटलरको अन्त्य र दोस्रो विश्वयुद्धको अन्त्यसँगै नाजीवाद पनि समाप्त भयो । तर अहिले पनि यदाकदा 'नव नाजीवादी' का नामले जर्मनमा उपद्रवीहरु देखा पर्ने गर्छन् ।

**मुसोलिनी**



(१८८३-१९४५)
इटलीका अनुदारवादी नेता

## फासिवाद

इटालीमा १९ औं शताब्दीमा विकसित भएको विचार हो । फासिवादले ४ तत्व समेट्दछ -

१. अन्ध-राष्ट्रवाद
२. राष्ट्रहरु बीच संघर्ष र युद्ध स्वाभाविक
३. वर्ण विभाजन गरी कसैलाई श्रेष्ठ र कसैलाई निकृष्ट ठहर गर्नु
४. मानिस तर्क र विवेकले होइन, आवेश र परम्पराले चल्दछ ।

कम्युनिस्टहरुको बढ्दो प्रभावले त्यसको विरुद्ध फासिवादी विचारलाई इटालीका शासक मुसोलिनीले आफ्नो अनुकूल व्याख्या गर्दै अघि बढाए । सन् १९२२ मा शासनसत्तामा जमेपछि फासिवाद भनेको विचार होइन, 'एक्सन' हो भन्ने घोषणाका साथ उनले १९२२ बाट फासिस्ट शताब्दी वा फासिस्ट युग शुरु भएको भन्ने विचार समेत व्यक्त गरे । उनले फासिवाद भनेको विश्वास गुमाइसकेका कथित प्रजातन्त्रवादीहरुको शासन होइन बरु मातृभूमिका लागि ट्रेन्चबाट लडी-लडी रगत बगाउनेहरुको शासन हो भन्नेमा जोड दिए । सारमा भन्दा फासिवाद भन्ने शब्द पनि मुसोलिनीको युद्ध पिपासु कठोर तानाशाही शासनले गर्दा अत्यन्त बदनाम भयो । फासिवाद भन्नासाथ तानाशाही शासनको विचार भन्ने अर्थमा सर्वसाधारणले बुझ्न थाले । दोस्रो विश्वयुद्धसँगै फासिवाद पनि समाप्त भयो । तर त्यसपछि पनि तानाशाही तरिकालाई फासिवादी भन्ने प्रचलन कायम रहेको छ ।

बुखारिन



(१८८८-१९३८)

अक्टोबर क्रान्ति अघि बोल्सेभिक, तत्कालीन रूसी सामाजिक जनवादी पार्टीका प्रमुख सिद्धान्तकार । रूसी पत्रिका प्राभ्दाका सम्पादक तथा कोमिन्टर्नको नामबाट चिनिने कम्युनिस्ट अन्तरराष्ट्रियका एक समयका प्रमुख, स्तालिनको विरूद्ध लागे बापत १९३८ मा दण्डित व्यक्ति ।

सोभियत संघको रूपमा चर्चित रहेको नयाँ समाजवादी राज्य रुस एक्लो पऱ्यो । यस्तो परिस्थितिको सामना गर्न स्वयं बोल्सेभिक पार्टीभित्र पनि कस्तो रणनीति अपनाउने भन्नेमा तीव्र विवाद शुरू भयो । १९२४ मा लेनिनको मृत्यु पछि यो विवादले झन् उग्र रूप लियो ।

**बुखारिन** जस्ता केही व्यक्तिहरूको तर्क थियो, “क्रान्तिको गति कम गरौं, किसान श्रमिक वर्गको एकता सुदृढ गरौं ।” **ट्रटस्कीको** तर्क थियो, “प्रमुख पूँजीवादी देशहरूमा केन्द्रित गरेर बोल्सेभिक क्रान्तिलाई अन्तरराष्ट्रिय रूपमा फैलाऔं ।” “**स्टालिन**को विचार थियो, “समाजवादलाई एउटै देशमा बलियो पारौं ।” अन्त्यमा, स्टालिनको विजय भयो । उनले औद्योगिक आधुनिकीकरणको लागि सेना परिचालन गर्ने र योजनाबद्ध ढंगले विपक्षलाई सखाप पार्ने जस्ता नीति लागू गरे ।

सोभियत संघमा मात्रै होइन, यो घटनाले पश्चिम युरोपभरिकै कम्युनिस्ट आन्दोलनमा समेत नकारात्मक प्रभाव पऱ्यो । इटालीको फासिस्ट जेलमा बन्दी बनाइएका

लियोन ट्रटस्की



(सन् १८७९-१९४०)
रुसी कम्युनिष्ट पार्टीका प्रखर नेता जसले क्रान्तिलाई विकसित पूंजीवादी देशमा निर्यात गर्नुपर्ने विचार अघि सारेका थिए।

## अक्टोबर क्रान्ति

१९१७ को फेब्रुअरीमा भोकमरीबाट पीडित जनताले जारशाही विरुद्ध स्वतःस्फुर्त विद्रोह गरे । फेब्रुअरी क्रान्तिको नामले चर्चित, रुसको राजधानी पेत्रोग्रादमा भएको त्यो विद्रोहले राजा निकोलस द्वितीयलाई सत्ताच्युत गरी **अस्थायी सरकार** स्थापना गऱ्यो । फेब्रुअरी देखि अक्टोबरसम्म थुप्रै राजनीतिक घटनाहरू भए । यी घटनाहरू अक्टोबर महिनामा उच्च तहमा पुग्यो, त्यसले अस्थायी सरकारलाई समेत फ्याँकेर **रुसी– सामाजिक जनवादी पार्टी**को नेतृत्वमा **सोभियत संघ**को स्थापना गऱ्यो ।

अक्टोबर (अक्टोवर २५, १९१७) महिनामा भएकोले त्यो क्रान्ति, अक्टोबर क्रान्तिको नामले चिनियो, जसको नेतृत्व **विश्व प्रसिद्ध नेता लेनिन**ले गरेका थिए । अक्टोबर क्रान्तिपछि **मार्क्सवादी सिद्धान्त**मा आधारित पहिलो राज्य स्थापना भयो र २० औं शताब्दीभरि विभिन्न स्वरूपका मार्क्सवादी-लेनिनवादी राज्य स्थापनाको लागि प्रेरणाको स्रोत बन्न पुग्यो ।

विश्वलाई हल्लाउने अक्टोवर क्रान्तिद्वारा स्थापित सोभियत संघको १९९१ मा अन्त्य भयो ।

**ग्राम्स्की**ले इटाली जस्तो विकसित पूँजीवादी देशको मजदुर विद्रोह किन असफल भयो भनेर विश्लेषण गर्न थाले । उनको तर्क थियो, रुस जस्तो कमजोर पूँजीवादी देशमा अक्टोबर क्रान्तिपछि मजदुर र किसानको विद्रोहले पनि नकारात्मक असर पार्‍यो भने इटाली जस्तो विकसित पूँजीवादी देशहरूमा शिक्षा प्रणाली, धार्मिक संस्थाहरू, आम संचार र संस्कृति जस्ता सहयोगी संरचनाको बलमा पूँजीवादी राज्यले क्रान्तिकारी विद्रोहलाई दवायो । त्यसैले यस्तो अवस्थामा समाजवादको लागि गरिने संघर्ष भनेको प्रभुत्व (हेगेमोनी) विरुद्धको संघर्ष हुनु पर्छ । प्रभुत्व भनेको समाजमाथि विचारधारा, संस्कृति र राजनीतिको प्रभाव हो । त्यसैले क्रान्तिकारीहरूले सशस्त्र संघर्षबाट राज्यसत्ता कब्जा गर्ने मात्र होइन, आधुनिक समाजमा प्रभुत्व लाद्न सहयोग पुर्‍याउने यस्ता सबै संस्थाको विरुद्ध उपयुक्त संघर्ष संचालन गर्नु पर्छ ।

१९३० को शुरूवातमा तेस्रो अन्तरराष्ट्रियका एक नेता एवं बुल्गेरियाका कम्युनिस्ट लेखक **दिमित्रोभ**ले फराकिलो संयुक्त मोर्चाको प्रस्ताव अघि सारे । उनको तर्क थियो- "युरोपका कम्युनिस्ट पार्टीहरू बीचको एकताको अभावले पनि फासीवादको विजयलाई मलजल गर्‍यो ।" दक्षिण अफ्रिकाको कम्युनिस्ट पार्टीले रंगभेद विरुद्धको संघर्षलाई समाजवादी उपलब्धि सहित टुंग्याउनको लागि फराकिलो राष्ट्रिय मुक्ति आन्दोलन गठन गर्नु पर्ने आवश्यकता महसुस गर्‍यो र अफ्रिकी नेशनल कंग्रेसको नेतृत्वमा कम्युनिस्ट पार्टी, अन्य प्रजातान्त्रिक शक्तिहरू तथा ट्रेड यूनियनहरूको संयुक्त क्रान्तिकारी आन्दोलन शुरू भयो ।

यसरी **स्टालिन**, **ग्राम्स्की**, **दिमित्रोभ** र चीन तथा दक्षिण अफ्रिकी कम्युनिस्टहरूले आ-आफ्नै तरिकाले क्रान्तिको अर्थ निकाले । स्टालिनको अनुसार सोभियत संघको लागि समाजवादको निर्माण भनेको एउटा देशमा समाजवादको विकास गर्नु थियो । ग्राम्स्की र दिमित्रोभका अनुसार विकसित पूँजीवादी देशहरूको आवश्यकता भनेको फराकिलो आधारमा संघर्षरत प्रजातान्त्रिक शक्तिहरू बीचको एकता विकास गर्नु थियो । चीन, दक्षिण अफ्रिका लगायत तेस्रो विश्वका मुलुकको कम्युनिष्टहरूका लागि समाजवादी क्रान्तिको अर्थ श्रमिक वर्ग र राष्ट्रिय मुक्ति आन्दोलनलाई समाजवादी संघर्षको लागि एक गर्नु थियो ।

यद्यपि, फासीस्टहरूको प्रतिक्रान्तिले पूँजीवादभित्रको अन्तरविरोधको अन्त्य गर्न सकेन । १९३९ मा फेरि विश्व युद्ध भड्कियो । सन् १९४१ मा जर्मनीको नाजी सेनाले सोभियत संघमा आक्रमण गर्‍यो । यसरी विश्वको पहिलो मजदुर वर्गीय राज्य पनि युद्धमा तानियो । मानवअधिकारको दुरूपयोग र कार्यथलोमा रहेको

एन्टोनियो ग्राम्स्की



(सन १८९१-१९३७)
राजनीतिक सिद्धान्तकार र आन्दोलनकारी नेता जो पूँजीवादको विरूद्धमा राजनीतिक क्रान्तिले मात्र पुग्दैन, सबै पक्षहरूमा तीव्र परिवर्तनको प्रक्रिया अघि बढाउनु पर्छ भन्ने विचार राख्दथे ।


दिमित्रोभ



(सन् १८८२-१९४९)

बुल्गेरियाको कम्युनिस्ट पार्टीका नेता तथा वामपन्थी लेखक, प्रेस मजदुर तथा ट्रेड यूनियनका नेता, बुल्गेरियाको कम्युनिस्ट पार्टीको संस्थापक तथा कम्युनिस्ट अन्तरराष्ट्रिय महासचिव । बुल्गेरियाली गणतन्त्रका संस्थापक एवं प्रधानमन्त्री, स्तालिनको नीतिको विरोध गरेको कारण मृत्यु भन्दा १ वर्ष अगाडि पदच्युत ।

**जोसेफ स्टालिन**



(१८७९-१९५३)
सोभियत संघमा लेनिन पछिका शक्तिशाली नेता, जसले एउटै देशमा समाजवादलाई बलियो बनाउने विचार अघि बढाए। उनले युद्ध साम्यवादको नाममा विपक्षीहरुप्रति कठोर नीति लिए।

**माओ-त्से-तुङ**



(१८९३-१९७६)
जनवादी गणतन्त्र चीनका संस्थापक नेता।

अप्ठ्यारो सैन्यवादी अवस्थाका वावजुद सोभियत संघले उल्लेखनीय औद्योगिक आधार तयार गर्न सफलता पायो । सोभियत लाल सेनाले नाजीवाद र फासीवादलाई युद्धमा हराउन महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यहाँसम्म कि, लालसेनाले पूर्वी तथा मध्य युरोपका थुप्रै देशहरूलाई मुक्त गरि दियो । दोस्रो विश्वयुद्धको रूपमा चिनिने त्यो युद्ध पछि सोभियत ब्लक भनेर चिनिने पूर्वी युरोपका समाजवादी राज्यको समूह सोभियत संघको पक्षमा सामेल भयो ।

दोस्रो विश्वयुद्धमा फासीवादको पराजयसँगै अन्तरराष्ट्रिय स्तरमा नयाँ शक्ति सन्तुलन कायम भयो । विकसित पूँजीवादी पश्चिमी युरोपमा सामाजिक प्रजातन्त्रवादी लहर नयाँ रूपमा फैलियो । युद्धको कारण टाट फर्किएको अर्थतन्त्र र तुलनात्मक रूपमा खुम्चिएको राष्ट्रिय पूँजीपति वर्गको वावजुद सामाजिक प्रजातन्त्रवादी पार्टीहरूले श्रमजीवी वर्गको हितमा उल्लेखनीय रूपमा कल्याणकारी सुधारको कार्य गरे ।

तेस्रो विश्वका देशहरूमा दोस्रो विश्वयुद्धको पहिलो दशक उल्लेखनीय रह्यो । ती देशहरूमा समाजवादी शक्तिहरूले राष्ट्रिय मुक्तिको संघर्षमा विजय प्राप्त गरे । सन् १९४९ चीनमा **माओ**को नेतृत्वमा क्रान्ति सम्पन्न भएपछि कम्युनिस्ट पार्टी सत्तामा आयो । चीन शुरूमा सोभियत ब्लकमा रहे तापनि पछिल्लो कालमा यसले अलग पहिचान सहित अगाडि बढ्ने निर्णय गऱ्यो । सन् १९५९ मा साम्राज्यवाद विरोधी संघर्षको रूपमा क्युबामा समाजवादी क्रान्ति भयो र यस्तै सन् १९७४ मा भियतनाममा क्रान्ति सम्पन्न भयो ।

सन् १९७० पछि अन्तरराष्ट्रिय रूपमै आन्दोलनले बामपक्षीय झुकाव अपनायो । मार्क्सवादबाट प्रभावित समाजवादी विचार र राजनीतिक आन्दोलनले दक्षिणी गोलार्धका देशहरूमा विजय प्राप्त गऱ्यो । यद्यपि, १९७० र १९८० को दशकमा समाजवादी उपलब्धिले पूँजीवादीहरूको तीव्र आक्रमण झेल्नु पऱ्यो । पश्चिमी युरोप र उत्तरी अमेरिकाका श्रमिक वर्गले प्राप्त गरेको कल्याणकारी उपलब्धिहरूलाई संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको रूपमा रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्रीको रूपमा मार्गरेट थ्याचरको उदयसँगै खोसिन थालियो । उनीहरूले विश्वमा नवउदारतावादी नीति थोपर्ने अभियान नै शुरू गरे । अन्त्यमा, सन् १९८९ देखि १९९१ मा भएका विभिन्न राजनीतिक उथलपुथलको परिणामस्वरूप सोभियत संघ भंग भयो ।

माथिको चर्चाको आधारमा समाजवादका सबै धाराहरूलाई दुई मूल धारामा वर्गीकरण गर्न सकिन्छ :

- शास्त्रीय धारा
- संसदवादी धारा

शास्त्रीय धारा अन्तर्गत दुई प्रवृत्ति छन्- **एकदलीय समाजवाद** र ☞ **अराजकतावादी समाजवाद** । **एकदलीय समाजवाद**को शुरूवात लेनिनले सोभियत संघको स्थापना संगै गरे । लेनिनको त्यो प्रयोग बीसौं शताब्दीमा नै सोभियत संघ र पूर्वी युरोपमा विफल भएको छ । लेनिनवादी एकदलीय समाजवादको छुट्टै र आफ्नै देशीय विशेषताका साथ चीन, भियतनाम, क्युबा र लाओसमा जारी छ । यसको सबैभन्दा कम गतिशील तथा अलोकप्रिय अभ्यास उत्तर कोरियामा भइरहेको छ ।

शास्त्रीय धारा अन्तर्गत नै विभिन्न खाले **अराजकतावादी समाजवादी**हरू क्रियाशील छन्, मूलतः उनीहरूको गतिविधि युरोपमा सीमित छ । प्रयोगको हिसाबले उनीहरूको आकार नगण्य छ । राज्य, पार्टी, सरकार तथा औपचारिक संरचनाको विपक्षमा रहेकोले पनि शासनमा आउन सक्ने उनीहरूको कुनै सम्भावना देखिंदैन ।

**शब्दको परिभाषा**

**☞ अराजकता**

सामान्य अर्थमा जथाभावी किसिमबाट नियमकानुन वेवास्ता गर्दै अस्तव्यस्त ढंगले चल्ने तरिका हो। राजनीतिक हिसाबले राज्य सरकार र कुनै पनि सांगठनिक अनुशासन र नियन्त्रणको विपक्षमा उभिने विचारधारा नै अराजकतावाद हो।

यसबाहेक, शास्त्रीय धारा अन्तर्गतका एकदलीय समाजवादको चिन्तनमा आधारित साम्यवादी दलहरू सबै देशमा छरिएका छन् । मात्रात्मक हिसाबले कोही बढी ☞ **रुढीवादी** छन् र कोही तुलनात्मक रूपले गतिशील र सामयिक । कोही बढी प्रभावशाली हैसियत राख्छन् र कोही आफ्नै राष्ट्र र समाजमा पनि प्रभावहीन छन् । कोही सशस्त्र संघर्ष संचालनमा नै छन्, कोही सशस्त्र संघर्षको कुरा मात्र गर्छन् र कोही शान्तिपूर्ण आन्दोलनबाट परिवर्तनको पक्षमा छन् । शास्त्रीय भित्रै बहुलवादी समाजवादी धारा पनि साम्यवादीहरूबाटै विकसित भइरहेको छ । अर्कोतिर संसदवादी धाराभित्र पनि तीन मूल धारा देखिन्छन् :

**शब्दको परिभाषा**

**☞ रुढीवादी**

शब्दको हिसाबले पछौटे सोचलाई रुढीवादी भनिन्छ। राजनीतिक अर्थमा परम्परागत सोच राख्ने र समय अनुसारको परिवर्तन नचाहनेहरू रुढीवादी हुन्।

- **सामाजिक प्रजातन्त्रवादी** (साम्यवादलाई पूर्णतः नकार्ने)
- **कम्युनिस्ट समाजवादी** (समाजवादलाई यथार्थ र साम्यवादलाई आदर्श ठान्ने)
- **नववामपक्षीय समाजवादी** (सामाजिक प्रजातन्त्रबाट प्राप्त उपलब्धिलाई रक्षा गर्दै थप उपलब्धिको लागि क्रियाशील पश्चिम युरोपमा **युरोकम्युनिजम**को नाममा चर्चित धारा र पूर्व कम्युनिस्ट समाजवादीहरूको सम्मिश्रणको रूपमा विकसित भइरहेको)

कतिपय कम्युनिस्ट पार्टीहरू र क्रान्तिकारी समाजवादीहरू शास्त्रीय प्रवृत्तिका साथसाथै संसदवादी गतिविधिबाट नयाँ मार्ग खोजिरहेकोले बहुलवादी समाजवादका नयाँ गतिशील र उन्नत धाराको विकासको प्रक्रिया हाल तीव्र भएको छ ।

सान्टियागो कारिल्लो



(१९१५-१९८२)

स्पेनको कम्युनिस्ट पार्टीका महासचिव, १९७७ मा युरो कम्युनिजम तथा राज्य नामक पुस्तक प्रकाशित भएपछि बढी चर्चित । युरो कम्युनिजमका सिद्धान्तकार ।

एनरिको बर्लिङगर



(१९२२-१९८४)

इटलीको कम्युनिस्ट पार्टीका लोकप्रिय नेता तथा सिद्धान्तकार, राष्ट्रिय सार्वभौमसत्ता, समाजवादी प्रजातन्त्र र साँस्कृतिक स्वतन्त्रता जस्ता आधारभूत विषयमा भिन्न-भिन्न देशका कम्युनिस्ट पार्टीमा फरक मान्यता हुन सक्ने धारणा अघि सार्दै युरो कम्युनिजमको विकास गर्ने सिद्धान्तकार मध्ये एक ।


## युरोकम्युनिज्म

फ्रान्स, स्पेन र इटालीका कम्युनिस्ट पार्टीहरूले अघि बढाएको बेग्लैखाले अवधारणा हो, युरोकम्युनिज्म । युरोकम्युनिज्म समाजको रूपान्तरण र प्रजातन्त्र बीच नयाँ र जीवन्त सम्बन्ध स्थापित गर्ने प्रयत्न हो । सोभियत मोडेलले मानिसका स्वतन्त्रतामाथि पुऱ्याएको आघात एकातिर थियो भने प्राविधिक परिवर्तनले ल्याएको नयाँ स्थिति र नयाँ वर्गहरू अर्कातिर थिए । सोभियत समाजवादी मोडेल पूँजीवादलाई विस्थापित गर्न नसक्ने साबित भएको थियो । किनभने श्रमिक आन्दोलनमा पनि पूँजीवादले आफ्नो प्रभाव पार्न थालिसकेको थियो । १९६८ मा चेकोस्लोभाकियामा सोभियत मोडेलको सैनिक हस्तक्षेप पछि युरोपका कम्युनिस्ट पार्टीहरू सोभियत मोडेलबाट झन् रुष्ट भए । फलतः युरोकम्युनिज्मले नै पश्चिमा समाजमा समाजवाद प्रजातान्त्रिक प्रक्रियाबाट मात्र ल्याउन सकिने निष्कर्ष निकालियो । युरोकम्युनिज्मले श्रमिक तथा बुद्धिजीवीहरूको स्वतन्त्रता र प्रजातन्त्रको ग्यारेन्टी भएको समाजवाद चाहने भावनाको प्रतिनिधित्व गर्दछ । युरोकम्युनिज्मको लक्ष्य साम्यवादतर्फ अगाडि बढ्ने आधारको रूपमा समाजवादी समाजको निर्माण गर्न प्रजातान्त्रिक तरिकाबाटै पूँजीवादलाई हराउँदै विस्थापित गर्नु हो ।


यसमा श्रमिकहरूका साथ वैज्ञानिक-प्राविधिक क्रान्तिले विकसित गरेका वैज्ञानिक-प्राविधिकहरू पेशागत बौद्धिकहरूसँग सहकार्यमा जोडिने छन्, किनभने उनीहरूको ज्ञान र सृजनशीलतालाई पूँजीवादले बजारको विषय बनाउँदै सीमित पूँजीपतिको नाफा अधिकतम पार्ने काममा दुरूपयोग गर्दछ । त्यसैले उनीहरू पूँजीको दासतालाई अस्वीकार गर्छन् ।

प्रजातान्त्रिक प्रक्रिया र स्वतन्त्रताको ग्यारेन्टीले युरोकम्युनिज्म सोभियत मोडेल वा अधिनायकवादी शैलीका मोडेलहरू भन्दा फरक छ । सामाजिक रूपान्तरणको हिसाबमा जसरी सोभियत मोडेल पूँजीवादलाई विस्थापित गर्न असफल भयो, त्यसैगरी सामाजिक प्रजातन्त्रवादीहरू पनि वर्षौंसम्म सत्तामा रहे तापनि पूँजीवादी समाजको रूपान्तरण गर्न असफल रहे भन्ने युरोकम्युनिज्मका पक्षपातीहरूले ठहर गरे । यसरी आफूलाई सामाजिक प्रजातन्त्रवादीहरूभन्दा फरक अडान र चिन्तन भएको धाराको रूपमा प्रस्तुत गरे । बहुलवाद युरोकम्युनिज्मको प्राण हो । यसले अक्टोबर क्रान्तिलाई उच्च महत्त्व दिन्छ । तर लेनिन वा सोभियत संघ कसैलाई पनि क्रान्तिको मुहान वा केन्द्रको रूपमा प्रस्तुत गर्ने जडसूत्रवादी अनुकरणलाई नकार्छ । युरोकम्युनिज्मको चिन्तन युरोपको उन्नत सामाजिक-आर्थिक जीवनको लामो अध्ययन र राजनीतिक गतिविधिको लामो प्रक्रियाको परिणाम हो, जसले युरोपेली समाजको यथार्थलाई प्रतिविम्वित गरेको देखिन्छ । हाल आएर यो नव-समाजवाद वा नव वामपन्थको रूपमा अझ गतिशील हुँदै गएको अनुभव गरिएको छ ।

## समाजवादी उन्नत प्रजातान्त्रिक राज्य व्यवस्था



## समाजवादमा राज्य, संगठन र जनता



# ६ नेपालमा प्रजातान्त्रिक आन्दोलन



| संक्षेपमा नेपाली समाजको विकासक्रम | |
|---|---|
| ✓ **अर्ध सामन्ती समाज**<br>- वि.सं. १९९४ देखि अहिलेसम्म | - वि.सं. १९९४ मा कम्पनी कानुनको निर्माण<br>- आधुनिक उद्योग धन्दाको थालनी<br>- राणाकालदेखि पसेको विदेशी व्यापारिक पूँजी र नेपाली पूँजी समेतको उदयबाट बजार अर्थतन्त्रको विकास<br>- श्रम, प्रविधि, शिक्षा यातायात, विद्युत आदिमा पूँजीवादको प्रवेश<br>- सामन्तवादको क्रमिक ह्रास, संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था |
| ✓ **अर्ध उपनिवेश समाज**<br>- सुगौली सन्धिदेखि अहिलेसम्म | - वि.सं. १८७३ को सुगौली सन्धिपछि, अप्रत्यक्ष अंग्रेजी प्रभुत्व<br>- परम्परागत उद्योग-व्यापारको विनाश, विदेशी मालको प्रवेश<br>- विदेशी सेनामा भर्ती<br>- नेपाली प्रभुसत्ताको सीमितता |
| ✓ **सामन्ती समाज**<br>- ईसाको पहिलो शदीदेखि बीसौं शदीको बीचसम्म<br>- लिच्छवी, मल्ल, खस मल्ल, सेन, नेवार, सिमरौनगढे, शाह, राणा र पञ्चायती शासन | - वर्गहरूमा र श्रमविभाजनमा विविधता<br>- विर्ता, गुठी, जागीर, जमिन्दारी आदिबाट भूमिपतिहरूको विकास<br>- एकनिष्ठ विवाह, सतीप्रथा, विधवा जीवन<br>- वंशगत निरंकुश राजतन्त्रको उदय र राज्य विस्तारमा प्रतिस्पर्धा<br>- बजारहरूको विकास र व्यापारिक पूँजीको उदय<br>- वर्ण व्यवस्था (जातपात, छुवाछुत) आदिमा तीव्रता<br>- अन्तरराष्ट्रिय सम्बन्धको थालनी |
| ✓ **दास प्रथा**<br>- इ.पू. १००० देखि ईसाको पहिलो शदीसम्म<br>- किराँत, विदेह, शाक्य कोलिय आदि | - जन समाजबाट वर्गीय समाजमा प्रवेश<br>- कृषि युगमा प्रवेश, श्रमको विभाजन<br>- एकनिष्ठ विवाह (नारीमा मात्र)<br>- निजी संपत्तिको विकास, गणतन्त्रात्मक राजतन्त्रको उदय<br>- वर्ग, वर्गसंघर्ष र शोषणयुक्त समाज<br>- मानव बिक्री, संपत्तिहीन दासहरू, वर्गहरूको थालनी<br>- गाउँहरूको विकास, बजारको थालनी<br>- कपडा, भाँडाकुँडा आदि उद्योग<br>- सभ्य युगमा प्रवेश, दासस्वामी वर्गको शासन<br>- ईंट, भवन, मूर्तिकला, लिपि आदिको थालनी<br>- दर्शनको उदय |
| ✓ **पितृसत्तात्मक गणतन्त्र**<br>- ई.पू. ३०००-१००० गोपालवंशी, महिषपालवंशीहरू आदि | - जन (कवीला) समाज<br>- पशुपालक घुमन्ते स्थिति र गाउँहरूको स्थापना<br>- सरदार र गणप्रमुखहरूमा विवाहको थालनी<br>- खुकुलो युगल (जोडी) विवाह<br>- निजी संपत्तिको प्रारम्भिक उदय<br>- स्पष्ट वर्ग र शोषणहीन समाज<br>- पितृतन्त्र, निर्वाचित गण प्रधानहरूको शासन र बर्बर युग<br>- तामा र काँसका औजार र फलामे युगमा प्रवेश |
| ✓ **मातृतन्त्र**<br>- ई.पू. ३००० उता | - गण समाज (कुल समाज)<br>- विवाहहीन स्थिति<br>- वर्ग र शोषणहीन समाज<br>- जंगलीयुग<br>- घुमन्ते, आहार संग्रह<br>- निजी संपत्तिको अभाव<br>- मातृतन्त्र<br>- ढुङ्गा र काठका औजार |

# नेपालमा प्रजातान्त्रिक आन्दोलन

६

## एकीकरण पूर्वको नेपाल

वि.सं. १८२५ मा केन्द्रीय सामन्ती राज्यको स्थापना हुनु अघि नेपालमा स-साना पितृसत्तात्मक इलाकीय सामन्ती इकाइहरू मात्र थिए । आजभोलि भुरे-टाकुरे तथा टोल-ग्रामिण राज्य भनेर चर्चा गरिने गरिएको ती इकाइहरू यस्ता सामन्ती इकाइका उदाहरण हुन् । यस्ता भुरे-टाकुरे इकाइहरू बीच एक अर्काको साँध मिच्ने र आफ्नो **दवदवा** कायम गर्ने होडबाजी निरन्तर चलिरह्यो । यस प्रयोजनका लागि उनीहरूले जितेको, किनेको र गरिबीको कारणले दास बन्न पुगेका जनतालाई प्रयोग गरे ।

**शब्दको परिभाषा**

**दवदवा**

हैकमको अर्थमा यो शब्दको प्रयोग हुन्छ। एक व्यक्ति वा समूहको अरू व्यक्ति, समूह वा समाज माथि पूर्ण नियन्त्रण कायम भएको अवस्था नै दवदवा हो।

यस्ता भुर-टाकुेर इकाइलाई एकीकरण गर्ने काम लिच्छवीकालीन राजा मानदेव प्रथम (वि.सं. ५२१-५६२) ले शुरू गरे । तर, यो प्रक्रियाले निरन्तरता र स्थिरता भने पाएन ।

ती इकाइको ठाउँ गोर्खाका राजा पृथ्वीनारायण शाहको पालामा आइपुग्दा गोर्खा बाहेकका ६१ वटा राज्य रहेको ४ राज्य समूहले लिए । तिनीहरू यस प्रकार थिए-



**श्री ५ पृथ्वीनारायण शाह**

१. काठमाडौं उपत्यकाका **तीन** राज्य समूह
२. मध्य पश्चिम नेपाल (गण्डकी प्रदेश) को पाल्पा-लमजुङ्ग राज्य अन्तर्गतको **चौबीस** राज्य समूह
३. पश्चिम नेपाल (कर्णाली प्रदेश) को हुम्ला-जुम्ला राज्य अन्तर्गतका **बाइस** राज्य समूह
४. पूर्वी नेपाल (कोशी प्रदेश) को मोरङ्गका **तीन** सेन राज्यसँग मिलेर काम गर्ने **नौ** किराती राज्य

अठारौं शताब्दीको पूर्वार्धकाल (पृथ्वीनारायण शाहले नुवाकोट हमला गर्दा (वि.सं. १८००) को संघर्ष वर्गीय थिएन । त्यहाँ सामन्ती नाइकेहरू (इलाकीय राजतन्त्र) भाइ-भारदार तथा सरदारहरू एकातिर र साहुमहाजन व्यापारी, उद्योगपति, विभिन्न तहका जनताहरू अर्कातिर थिए ।

दोस्रो पक्ष इलाकीय राजतन्त्रको झगडाबाट वाक्क भइसकेको थियो । त्यसैले उनीहरू विभिन्न इलाकीय सामन्ती राज्यको सट्टा एक केन्द्रीय सामन्ती राज्य स्थापना होस्- जसले देशमा शान्ति स्थापना गर्नुको साथै उद्योग, कृषि, व्यवसायको विकास गराओस् भन्ने चाहन्थे । पृथ्वीनारायणले यही अन्तरविरोधको उपयोग गरे र एकीकरण अभियान शुरू गरे ।




## केन्द्रीय सत्ताको उदय

पृथ्वीनारायणको एकीकरण अभियानमा दुई परस्पर विरोधी पक्ष रहेको थियो । पहिलो, इलाकीय सामन्ती व्यवस्थामा आफ्नो स्वार्थको रक्षा हुने कुरामा विश्वस्त रहने पुराना भारदाहरू थिए, उनीहरू एकीकरण अभियानको विपक्षमा थिए ।

अर्कातिर इलाकीय साँध मासी केन्द्रीय सामन्ती राज्य कायम हुँदा लाभ देख्ने तत्कालीन प्रगतिशील तत्त्व र जनस्तरका व्यक्तिहरू उनको अभियानको पक्षमा थिए । क. पुष्पलालले पृथ्वीनारायण शाहद्वारा शुरू गरिएको एकीकरण अभियानलाई सन् १४५५-१४८५ मा बेलायतमा भएको दुई राजा बीचको घमासान युद्ध, जसलाई **वार अफ रोजेज** (गुलाफहरूको लडाईं) भनिन्छ, त्यसैसँग तुलना गरेका छन् । त्यो युद्धमा राजा हेनरी सातौंलाई जनसाधारणले साथ दिए झैं पृथ्वीनारायण शाहलाई पनि दोस्रो पक्षले साथ दिएको थियो ।

त्यो बेलाको अंग्रेजी साम्राज्यवादले नेपाल-चीन व्यापारमा कब्जा जमाउन नेपाललाई नियन्त्रणमा लिन चाहेको थियो । अंग्रेजी साम्राज्यवादले कब्जा जमाउँदा उद्योगी-व्यापारीको स्वार्थमा आँच पुग्ने भएकाले उनीहरू आफ्नो स्वार्थ रक्षाको लागि केन्द्रीय सामन्ती सत्ता निर्माण गर्न चाहन्थे । पृथ्वीनारायणको एकीकरणले इलाकीय सामन्ती भिडन्तको अन्त्य भयो । तत्कालीन युद्ध अर्थतन्त्रलाई दिगो बनाउन उनले 'प्रजा मोटा भया दर्वार बलियो हुन्छ, राजाका भण्डार भन्याका रैतानहरू हुन्' भन्ने नीति अघि सारे ।

### वार अफ रोजेज के हो ?

सयौं वर्षको युद्धपछि फेरि बेलायती राजाहरू बीच को राजा हुने भन्ने विषयमा घमासान युद्ध भयो, जसको कारण सन् १४५५-१४८५ मा लामो गृहयुद्ध भयो । सबै धनीमानी समेत त्यो युद्धमा मुछिए । एउटा पक्ष रातो गुलाफ चिन्ह भएको लंकासायरको राजाको नेतृत्वमा युद्धमा थियो भने अर्को पक्ष योर्कसाइड, जसको चिन्ह सेतो गुलाफ थियो । दुवै पक्ष राजा एडवार्ड तेस्रोका सन्तान थिए ।

युद्धको अन्त्यमा टुडोर वंशको नयाँ परिवारले सत्ता हत्यायो र हेनरी सातौं राजा भए । उनले अभिजात्य वर्गलाई कमजोर पारे र हाउस अफ लर्ड्सको सट्टा तल्लो वर्गको प्रतिनिधित्व भएको हाउस अफ कमन्सको पक्षमा आफूलाई उभ्याए । उनलाई बलियो राजाको रूपमा सत्तामा रहन यही तरिकाले साथ दिएको थियो ।

## एकीकरणदेखि राणा शासनको उदयसम्म




श्री ५ राजेन्द्र विक्रम



रानी लक्ष्मीदेवी

यो अवधिमा मूलतः सामन्ती घरानाहरूको बीचमा संघर्ष भयो । एकातिर केन्द्रीय सामन्ती सत्ता सुदृढ हुँदै गयो भने अर्कोतिर शाही परिवारमा राज्यको ढुकुटीमा कब्जा जमाउने विषयमा तीव्र कलह हुन थाल्यो ।

सामन्ती सत्ताको शोषणको आधार भनेको भाइ-भारदार, गुरु-पुरोहित र सेनाका हाकिम तथा जमिनदारहरूको झुण्ड हो । भारदारहरू बीचको झगडामा यी नै शक्ति कसको पक्षमा पार्ने र राज्यको ढुकुटी कब्जा जमाउने भन्नेमा होड हुने हो । यसको परिणामस्वरूप देशमा अराजकता फैलियो । वि.सं. १८९९ मंसीर महिनामा काठमाडौंमा जंगी, निजामती, पंचायतका सदस्य, साहु-महाजन र अन्य जनताको भीडले राजा राजेन्द्र विक्रममा जनधन रक्षाको माग गर्दै विन्ती पत्र पेश गऱ्यो । सुनको किस्तीमा विन्तीपत्र राखेर एक विशाल जुलुस हनुमान ढोकाको शाही दरबारमा बुझाउन गयो । बेलायतको **म्याग्नाकार्टा**सँग तुलना गर्न सकिने यो आन्दोलन पूरा एक महिना चल्यो, जुन विन्तीपत्र राजा राजेन्द्र स्वयंले बुझ्न बाध्य हुनु पऱ्यो । यसको परिणाम सोही सालको पुस महिनामा आफ्नो अधिकार रानी लक्ष्मी देवीको हातमा दिन उनी बाध्य हुनु पऱ्यो । यो घटना एकीकृत नेपालको इतिहासमा पहिलो पल्ट राजा जनताको साम् झुकेको घटना हो ।



### म्याग्नाकार्टा के हो ?

सन् १२१५ ताकाका बेलायती राजा जोन ज्यादै स्वेच्छाचारी भए, उनले त्यो बेलाको सामन्ती कानुनको समेत उल्लंघन गरी जथाभावी गर्न थालेपछि सामन्त, व्यवसायी, भारदारहरूले त्यसो नगर्न माग गरे। राजाले नटेरेपछि क्रुद्ध व्यवसायीहरूले सशस्त्र विद्रोह गरी राजालाई एउटा **बडापत्र**मा हस्ताक्षर गर्न बाध्य पारे, त्यसैलाई **म्याग्नाकार्टा** भनिन्छ । ६३ बुँदे हस्तलिखित म्याग्नाकार्टामा अधिकारसँग सम्बन्धित विषय उल्लेखित छ, जसलाई राजा जोन र उनको उत्तराधिकारीहरूले पनि मान्नै पर्ने बनाइयो । त्यो म्याग्नाकार्टाबाट राजा जोन र सबै सरकारी हाकिमहरूलाई कानुनको मातहत पारियो ।

यो बडापत्रमा पछि थुप्रै बुँदाहरू थप गरिए तापनि म्याग्नाकार्टा नै बेलायतको कानुनी व्यवस्थाको आधार बन्यो । म्याग्नाकार्टामा 'राजाले कर उठाउनेदेखि सबै महत्त्वपूर्ण निर्णय गर्दा साहु-महाजन, व्यवसायीहरूको सल्लाह लिनै पर्ने' प्रावधान राखियो । पछिल्लो कालमा यो प्रावधानलाई "जनताको प्रतिनिधिमूलक संस्था-संसदको सहमति बेगर कुनै पनि कानुन बनाउने वा कर उठाउने काम गर्न पाइने छैन" भनेर संशोधन गरियो । यहाँसम्म कि, अमेरिकाको कानुनमा उल्लेखित 'उपयुक्त कानुनी प्रक्रिया नअपनाई व्यक्तिलाई दण्ड सजायँ गर्न नपाइने कुरा' समेत म्याग्नाकार्टामा आधारित थियो । त्यसैले 'सामन्ती अधिकार' को लागि लेखिएको म्याग्नाकार्टालाई आधुनिक युगको संवैधानिक अधिकारको पनि आधार मानिन्छ ।

सन् १९५६ मा बेलायती प्रधानमन्त्री विस्टन चर्चिलले भनेका छन्- "यहाँ एउटा कानुन छ, जुन राजा भन्दा ठूलो छ - उनले चाहेर पनि उल्लंघन गर्न सक्दैनन् । यो महान कानुन र यसमा उल्लेखित भावना म्याग्नाकार्टाको योगदान हो ।"

## राणाको पारिवारिक शासनकाल

सामन्ती व्यवस्थामा जनता कँगाल बन्दै जान्छन् तर राजपरिवार, सामन्त, भाइ-भारदार र गुरु-पुरोहितहरू धनवान हुँदै जान्छन् । केन्द्रीय सामन्ती सत्तामा सामन्तहरूको जुन गुटले जालझेल, षडयन्त्र गरी अधिकार हत्याउँथ्यो त्यसले आफ्नै मान्छेलाई मात्र उच्च पदमा नियुक्ति गरी गडी-गैडा, जिल्लामा शासन (शोषण) गर्न पठाउँथ्यो । यस्ता गुटहरूको राजपरिवारका फरक-फरक व्यक्तिसँग सम्पर्क हुने र त्यो गुटले आ-आफ्नै सैनिक डफ्फा गठन गर्न थाल्थ्यो । यसको परिणामको रूपमा त्यो वेलाका कुनै पनि प्रधानमन्त्री कालगतिले मरेनन्, यहाँसम्म

कि राजपरिवारका सदस्यहरूलाई सिध्याउन विषको समेत प्रयोग भयो । थापा, पाँडे, बस्नेत, चौतारिया आदि मध्येको कुनै एउटा गुट सत्तामा आएपछि अर्को गुटको हत्या तथा सर्वस्व हरण गरी पुस्तौंसम्म नोकरीबाट बञ्चित गर्ने र आफ्नो

## नेपालमा बेलायती प्रभावको शुरूवात

वि.सं. १८७३ को सुगौली सन्धिपछि नेपालमा अंग्रेजी दूतावास राखियो । युद्धमा हारेको कारण बेलायतले अंग्रेजी सरकारको अनुमति बिना नेपालले कुनै पनि शक्तिसँग सम्बन्ध राख्न नपाउने शर्त स्वीकार्न बाध्य पाऱ्यो । यो सन्धिबाट नेपालले आफ्नो संप्रभुता पहिलो पटक गुमायो र अर्ध- औपनिवेशिक तहमा झऱ्यो । त्यसपछि नेपालको केन्द्रीय सामन्ती सत्तामा टिकिरहन प्रधानमन्त्री बन्ने सामन्तले राजा तथा राजपरिवारका शक्तिशाली गुटलाई रिझाएर मात्रै नपुगेर बेलायती साम्राज्यवादको समेत आशिर्वाद पाउनु पर्ने अनिवार्यता हुन पुग्यो ।

यस प्रसंगमा बेलायती दूतवास स्थापनाको झण्डै २५ वर्ष पछि भिमसेन थापा माथिको व्यवहार उल्लेखनीय छ । **भिमसेन थापा** अंग्रेजका कट्टर विरोधी थिए । तर आफ्नो शक्ति बलियो पार्न उनले पनि अंग्रेजलाई रिझाउने नीति अन्तर्गत बेलायतका राजा विलियम (चौथो) कहाँ माथवरसिंहको नेतृत्वमा एक प्रतिनिधि मण्डल पठाए । त्यो प्रतिनिधि मण्डललाई कलकत्तामा कम्पनी सरकारले भव्य स्वागत गऱ्यो । देखावटी रूपमा सम्बन्ध सुधारेको जस्तो त देखियो तर माथवरसिंहको टोलीलाई बेलायत जाने भिसा दिइएन । भिसा दिंदा अंग्रेजपक्षीय सामन्त गुटको नेपालमा शक्ति कमजोर भएको ठानिने हुँदा भिमसेन थापाको दवदवा अरू बढ्न नदिन र आफ्नो गुटको शक्ति यथावत कायम गर्न त्यसो गरिएको थियो ।


भिमसेन थापा

गगनसिंहको हत्या भएको दिनको घटनाले बेलायती साम्राज्यवादले नेपाली सामन्ती सत्तामा कतिसम्म सुँड घुसारी सकेको रहेछ भन्ने थप स्पष्ट भयो । हत्याको दोस्रो रात गगनसिंहको हत्याराको रूपमा वीरकिशोरीको टाउको काट्ने रानीको आदेश कसैले नटेरेपछि अनिष्ट हुने डरले राजा राजेन्द्र भागेर बेलायती दूतावासमा लुक्न गए । तर बेलायती दूतले राजालाई भेटसम्म दिएनन्, जसरी आएका थिए त्यसैगरी फर्काइ दिए । अर्कातिर त्यसको अर्को वर्ष राजारानीलाई काशीवास पठाई सुरेन्द्रलाई गद्दी आसिन बनाउने जंगबहादुरको निर्णयलाई भने बेलायतले तुरुन्त मान्यता दियो । यसले कोतपर्व बेलायतको सहमति र जानकारीमा भएको थियो कि भन्ने सहजै आशंका गर्न सकिन्छ ।

शब्दको परिभाषा

**जागीर, खुवा, खान्की, बिर्ता**

नेपालका सामन्ती राज्यव्यवस्थामा शासकवर्गले आफ्ना भाइ-भारदार, मतियार, आसेपासेहरूलाई उनीहरूले दिएको सेवाको बदला उनीहरूको जीवनवृत्तिको लागि दिइने जमीनलाई यी विभिन्न नामबाट बुझिन्छ।

मान्छेलाई **जागिर, खुवा, खान्की, बिर्ता** आदि दिएर स्रोत र शक्ति सम्पन्न बनाउन होडबाजी गर्न थाले । राज्यशक्ति हत्याउने गुटले आफूले गरेका सबै कुकर्ममा 'वैधानिकता' पाउने हुँदा ज्यानको बाजी लगाउन पनि पछि पर्दैन थिए ।

त्यो सामन्ती समाजमा जनताका आफ्ना नेता थिएनन् । उनीहरू यो वा त्यो सामन्ती सरदारको नेतृत्वमा आफ्ना गुनासाहरू पोख्दथे । अर्कातिर राजदरबारलाई केन्द्र मानी आफ्नो व्यवसायमा रम्न चाहने मध्यम वर्ग पनि यस्ता गुटबन्दीबाट आजित हुन थाल्यो ।

यसपछि एकातिर राजदरबारका सदस्यहरू बीच र अर्कातिर सामन्ती भाइ-भारदार तथा पुरेतहरू बीचको अन्तरकलहमा त्यो बेलाको जनमत बाँडियो । भिमसेन थापाको पतनपछि पञ्जावमा शरणार्थी भई बसेका माथवरसिंह थापालाई प्रधानमन्त्री बन्न नेपाल बोलाए पछि पनि यो कलह थामिएन ।

राजा, रानी र युवराज मध्ये एक गुटमा नलागी सुखै नहुने हुँदा युवराज गुटमा लागेका माथवरसिंहको वि.सं. १९०२ जेठ महिनामा दरबारमा नै हत्या भएपछि अराजकता झन् बढ्यो । यो घटनापछि दरबार भित्रको गुटबन्दी सडकमा छरियो ।

यसपछि राजाले फत्तेजंग चौतारिया, रानीले गगनसिंह र युवराजले जंगबहादुर कुँवरलाई हात लिई आ-आफ्नो सेनाको टुकडी समेत गठन गर्न थाले । राजपरिवारका तीनै जना सदस्यले आ-आफ्नो फर्मान जारी गर्ने र आ-आफ्नो मान्छेलाई लुट मच्चाउन प्रेरित गर्ने घटनाहरू हुन थाले । गगनसिंहको हत्या भयो । त्यसको भोलिपल्ट (वि.सं. १९०३ भदौ महिनामा) गगनसिंहको हत्यारा पत्ता लगाउन बोलाइएको भारदारी सभामा जंगबहादुरले आफ्ना सबै विरोधीलाई छप्काए । आधुनिक नेपालको इतिहासमा यो ज्यादै महत्वपूर्ण घटना हो । यही घटना पछि राणा परिवारको शासनको उदय भयो । यो घटनाक्रमलाई नेपाली राजनीतिक इतिहासमा कोतपर्व भनिन्छ ।



श्री ३ जङ्गबहादुर

राजपरिवारको शोषण र शासन समाप्त भयो । **जंग बहादुर**ले शक्ति हत्याए र श्री ५ र श्री ३ भन्ने दुई राज-घरानाको निर्माण गरे । अधिकार विहीन 'निस्कृय राजतन्त्र'को रूपमा राजा र शासनको 'हर्ता-कर्ता'को रूपमा राणा रहने गरी शासन शुरू भयो । जंगबहादुरले शाही परिवारका व्यक्तिलाई केन्द्र बनाई शोषण गर्ने भाइ-भारदारका विभिन्न दलको विरुद्ध उठेको जनअसन्तोषबाट पनि लाभ लिएका थिए । जंगबहादुरको उदयसँगै नेपाली जनताको आन्दोलन सामन्त सरदारकै

नेतृत्वमा सामन्तवाद तथा साम्राज्यवाद विरोधी आन्दोलनको चरणमा प्रवेश गऱ्यो ।

जंगबहादुरको उदयपछि जहानिया शासनले एक शताब्दीसम्म स्थिरता प्राप्त गऱ्यो । राजनीतिक उद्देश्यको हत्याकाण्डले विपक्षी समूहलाई नेताविहीन बनाइ दिने भएकाले नै चतुर जंगबहादुरले आफ्नो ३१ वर्षे शासन कालमा आफ्ना विरोधीहरूलाई स-शरीर समाप्त पारे ।

**श्री ३ महाराज**

कोतपर्व पछि प्रधानमन्त्री तथा प्रधानसेनापति बनेका जंगबहादुर कुँवरले राजा श्री ५ सुरेन्द्रबाट वि. सं. १९०६ मा सहीछाप गराई 'राणाजी' को उपाधि लिए। आफ्नो परिवार र राजपरिवार बीच विवाह हुन सकोस भन्ने उद्धेश्यबाट गरिएको यो कामपछि राणा परिवार र राजपरिवार बीच विवाह हुन सक्ने भयो। राणा परिवारका व्यक्तिहरुले जस्तोसुकै अपराध गरे पनि मृत्युदण्ड, सर्वस्वहरण, जातिच्युत जस्ता सजाय नहुने भयो। वि.सं. १९१३ मा अर्को निर्णय गराई जंगबहादुले कास्की र लमजुङको 'श्री ३ महाराज' पदवी पनि लिए। यसपछि उनलाई देशको शासन व्यवस्थामा मृत्युदण्ड दिने वा माफी दिने, सरकारी कर्मचारीलाई नियुक्ति वा बर्खास्त गर्ने, तिब्बत/चीन र ब्रीटिस सरकार लगायत विदेशी राष्ट्रसँग युद्ध वा शान्ति सन्धि गर्ने, अपराधीलाई दण्ड दिने र कानुन बनाउने, संशोधन गर्ने वा खारेज गर्ने अधिकार समेत प्राप्त भयो। जंगबहादुर पछिका सबै राणा प्रधानमन्त्रीले उनी सरह नै आफूलाई 'श्री ३ महाराज' र वीर शमसेरको पालादेखि थरमा राणा मात्र नभनी जंगबहादुर राणा (जबरा) लेख्न थाले ।

## राणाशासनमा जनताको आन्दोलन

राणा शासनले आफ्नो जगलाई मजबुत पार्न बेलायती साम्राज्यवादको भारतीय आधार- हिन्दू संस्कृतिको **साम्प्रदायिक** अंगलाई नेपालमा पनि मलजल गऱ्यो । राणा शासनको शुरूको समयको समाज सामन्ती, धार्मिक-रुढीवादी भएकोले नै प्रथम विश्वयुद्ध भन्दा अगाडिका जनताको आन्दोलन धार्मिक आवरणमा भए । त्यसपछि मात्र आन्दोलनले सामाजिक स्वरूप ग्रहण गऱ्यो ।

राणाहरू नेपाललाई कोतपर्व गरी आर्जन गरिएको जमिन्दारी जस्तै ठान्दथे । त्यसैले आफ्नो जमिन्दारी चिरस्थायी राख्न उनीहरूले जनताको नाममा उनीहरूको भावनामाथि टेकेर जनतालाई नै शोषण-शासन गर्ने नीति लिए ।

**शब्दको परिभाषा**

**साम्प्रदायिक**

समाजमा रहेका विभिन्न समुदाय वा धार्मिक समूहलाई छुट्टाछुट्टै अर्थमा सम्प्रदाय भन्न सकिन्छ। कुनै एक सम्प्रदायको पक्षमा विचार वा काम गर्नु साम्प्रदायिक हुनु हो। साम्प्रदायिक हुँदा पनि अन्य सम्प्रदायका विचार वा प्रचलनको सम्मान गर्नु साम्प्रदायिक सद्भाव हो। दुई वा दुई भन्दा बढी सम्प्रदाय बीच अनावश्यक विवाद बढाइने व्यवहार साम्प्रदायिक दुर्भाव हो।

"...सामन्ती शोषण माथि पर्दा हाल्न जनतालाई **यो लोक र परलोकको** भय देखाउनु जरुरी थियो । राजतन्त्रलाई बलियो आधारमा उठाउनको निम्ति हनुमान जस्तो आठ पहरिया, भरत-लक्ष्मण जस्ता भाइ, दशरथ जस्ता वचनमा बाँधिने राजाको आवश्यकता थियो । कैकेयी जस्ती रानी र मन्थरा जस्ती केटी आदिको त्रास देखाउन आवश्यक थियो । अनि राम जस्ता आर्दश दाजु र भरत जस्ता दाजुको रोल नमिच्ने भाइ देखाउनु आवश्यक थियो ।"



प्रथम शहीद लखन थापा

क. पुष्पलालले लेख्नुभएको यी पंक्तिहरू राणाशासकले धार्मिक आधारमा कसरी शोषण र शासन गर्थे भन्ने उदाहरणको लागि काफी छ । त्यसैले जंगबहादुरको शासनको ३० औं वर्षमा (वि.सं. १९३३, चैतमा) आफूलाई दैवीशक्ति प्राप्त भएको घोषणा गरी गोरखाका लखन थापा मगरले उत्पात मच्चाए । उनले जंगेलाई सत्ताच्युत गर्न देवीले आफूलाई आदेश दिएको बताए । तर त्यो बेलासम्ममा दरबार भित्र जंगबहादुरको शक्ति सुदृढ भइसकेको थियो । विरोधी गुट निष्प्रभावी थिए । त्यसैले **लखन थापा**को विद्रोहको निर्मम दमन गरियो । नयाँ सिद्धान्तको अभावमा परम्परागत नीतिद्वारा जनताले शासक वर्गलाई हाँक दिएको यो इतिहासको पहिलो घटना थियो ।



आदिकवि भानुभक्त

धार्मिक आवरणमा जनस्तरमा आन्दोलन पुऱ्याउने प्रयत्नको अर्को रूप **भानुभक्त**को **रामायणको प्रकाशन**लाई लिन सकिन्छ । सामन्तवादको प्रमुख खम्बाको रूपमा रहेको गुरु-पुरेतहरूले हेला गरेको नेपाली भाषामा रामायण लेखी उनीहरूको हातबाट धर्ममाथिको एकाधिकार अन्त्य गर्न यसले मद्दत पुऱ्यायो । युरोपमा रोमन क्याथोलिक धर्मको विरुद्ध प्रोटेस्टेन्ट धर्मले पोप-पादरीहरूको धार्मिक ठेक्कामा आक्रमण गरी युरोपेली राष्ट्रिय स्वतन्त्रतामा बल पुराए भैं देउता र जनताको बीच पुल बनेर बसेका पुरेत-पण्डितहरूको स्वार्थमाथि यसले आक्रमण गऱ्यो । यसले पुरेतको स्वार्थमा मात्र आक्रमण गरेकोले नै प्रचारमा राणा शासक वर्गले प्रश्रय दियो । तर त्यसै समयमा **माधवराज शास्त्री**ले प्रकाशन गरेको **सत्यार्थ प्रकाश** नामक पुस्तकले भने धर्मको नाममा भोग विलासी जीवन बिताउने गुरु-पुरोहितहरू र सम्पूर्ण हिन्दू कर्मकाण्ड तथा 'अवतारवादी सिद्धान्त' को भण्डाफोर गरेकोले यसमाथि भने दमन गरियो ।

पहिलो विश्वयुद्ध पछि नेपाली जनआन्दोलनले राजनीतिक-समाजिक स्वरूप बोक्न थाल्यो । यसको श्रेय रुसी समाजवादी क्रान्तिलाई पनि जान्छ । प्रथम विश्वयुद्धमा लडेका नेपाली र प्रवासमा रहेका नेपालीहरू यो चेतनाका बाहक बन्न पुगे । बनारस र देहरादुनबाट प्रकाशित **गोर्खाली**, **गोर्खा संसार**, **तरुण गोर्खा** नामक

पत्रिकामा प्रकाशित राणा विरोधी प्रकाशनलाई यस प्रसंगमा उल्लेख गर्न सकिन्छ।



खड्गमान सिंह

यसैताका स्थापित (वि.सं. १९७८ मा) **गोर्खा लिग** नामक नेपालीहरूको संस्थाले समाज सुधारको अभियान थाल्यो। राणा र तिनीहरूको अंग्रेजपरस्त नीतिको यसले भण्डाफोर गर्न थाल्यो। यस्ता घटनाले देशभित्र राणाबाट र भारतमा बेलायतीहरूद्वारा दमन शुरू भयो। वि.सं. १९८७ मा **खड्गमान सिंह**हरूद्वारा गठित **प्रचण्ड गोर्खा** नामक राजनीतिक संस्था यसैको परिणाम थियो।

प्रचण्ड गोर्खाको लक्ष्य जनवाद थिएन राणाशासनको अन्त्य थियो। त्यसैले प्रचण्ड गोर्खाले महाराजाधिराजको नामकत्वमा प्रजातान्त्रिय शासनको स्थापनाको उद्देश्य

## भारतीय प्रभावको शुरूवात



श्री ३ चन्द्र शम्सेर

सुगौली सन्धि पछि अर्ध-औपनिवेशिक अवस्थामा खसेको हाम्रो देशमा चन्द्र शम्सेरको शासनकालमा ब्रिटिस-भारतको हस्तक्षेपले पनि प्रवेश पायो। चीन र भारत बीच रहेको नेपालले तत्कालीन समयमा लिएको लाभ भनेकै भारतको माल भोटमा र भोट (तिब्बत) को माल भारतमा बेचेर लिइने मुनाफा थियो। बेलायती साम्राज्यवादलाई वीर गोर्खालीको खुकुरीले तर्साएकोले भारत-चीन निल्दा पनि नेपाललाई छुन नसकेको भन्ने "अति बहादुरी" को कथा इतिहासमा भेटिन्छ। कतिपयले भने "बाँदर लड्ने भीर देखेर बेलायती" नआएको "हिनता बोकेको" कथा भन्ने पनि गरेका छन्। तर बेलायती साम्राज्यवादले नेपाललाई आर्थिक रूपमा गुलाम बनाउन शुरूदेखि नै 'नेपाल-भोट, नेपाल-भारत' व्यापार रोक्न चाहेको थियो। उसको त्यो चाहना नेपाल-भोट बीच सम्बत् १९५५ मा भएको सन्धि विपरित वि.सं. १९६१ मा कर्नेल फ्रांसिस योङ्गहस्वैण्डको अभियानलाई धनजनले चन्द्र शमसेरले सहयोग गरेपछि पूरा भयो। एकातिर ब्रिटिस साम्राज्यवाद, अर्कातिर नेपालको उसप्रतिको स्वामिभक्ति, यो देखेर तिब्बतले बाध्य भएर अंग्रेजसँग सम्झौता गऱ्यो र नेपालको कोदारी-काठमाडौं नाका बन्द गरिदियो। यसको सट्टा भोटले सिक्किम र कालिङपोङको नाका खोली दियो। यसपछि नेपाल-तिब्बत व्यापार बन्द भयो र उद्योगधन्दा, व्यवसायको लागि भारतमाथि भर पर्नु पऱ्यो। यसरी नेपालको भाग्य बेलायत पछि भारतीय एकाधिकार पूँजीवादसँग गाँसिन पुग्यो। यसैको कारण हो जुद्ध समसेरको पालामा पूर्वी नेपालमा उद्योग धन्दा खोल्दा अरू कुनै देशका उद्यमी आएनन्, ब्रिटिस-भारतका एकाधिकार पूँजीपतिहरूले प्रवेश गरे। जुन आजका मितिसम्म जारी छ।

बोकेको थियो । स्वाभाविक रूपमा प्रचण्ड गोर्खाले अख्तियार गर्ने संगठन र संघर्षको विधि पनि जनवादी नभएर सामन्तहरूकै जस्तो गुटवन्दी, षडयन्त्रपूर्ण र आतंककारी नै थियो । शाही परिवार भित्र गुप्त रूपमा सम्पर्क राखी राणाहरूको हत्या गर्ने योजनामा रहेका उनीहरू असफल भए र गिरफ्तारी पछि कठोर कारावासको संजाय भोग्न बाध्य भए ।

त्यसपछि वि.सं. १९९३ मा **नेपाली नागरिक अधिकार समिति** गठन गरियो । जसको अगुवा शुक्रराज शास्त्री, राजालाल कलवार, गंगालाल जस्ता  क्रान्तिकारीहरू थिए । यसले पनि धार्मिक समारोहमा स्वयंसेवा गर्ने सामाजिक कार्यद्वारा आफ्नो काम थाल्यो र पण्डित-पुरेतहरूले प्रचार गर्ने गरेको 'गीता' लाई राजनीतिक रूपमा व्याख्या गर्न थाल्यो । क. पुष्पलालले लेखे अनुसार समितिका अध्यक्ष शुक्रराजले पहिलो सभामा गीताको व्याख्या यसरी गरे- 'आत्मा अजर छ अमर छ । शरीर **नश्वर** हो । राणा शाहीले नश्वर शरीरलाई नष्ट गर्न सके तापनि आत्मालाई सक्दैन । अतः कर्मको पथमा सबै अगाडि बढ्नु पर्छ ।'

**शब्दको परिभाषा**

**नश्वर**

नश्वर शब्दले नष्ट हुने प्रकृतिको वस्तु  जनाउँछ। यो अध्यात्मको क्षेत्रमा धेरै प्रयोग भएको  शब्द हो। मानिसको शरीरलाई नश्वर भन्ने चलन छ।

यो सभा काठमाडौंमा राणाशाही स्थापना भएको ८१ वर्ष पछि मध्यम वर्गको नेतृत्वमा भएको थियो, ठीक यस्तै सभा नेपालमा केन्द्रीय सामन्ती सत्ता स्थापना भएको ८१ वर्ष पछि राजपरिवारको विरुद्ध सामन्तहरूको नेतृत्वमा भएको थियो । यो घटना, आन्दोलनको नेतृत्व माथिल्लो वर्गबाट तल्लो वर्गमा सरेको प्रमाणको रूपमा पनि लिन सकिन्छ। तर धर्मको आडमा गरिएको यो राजनीतिक अभियानको पनि निर्मम दमन भयो । त्यसको ४ वर्ष पछि भने (वि.सं. १९९७) **प्रजा परिषद** नामक राजनीतिक संगठन खडा गरी विशुद्ध राजनीतिक आन्दोलन नै शुरू भयो ।

**दोस्रो विश्वयुद्ध**को शुरूवात र समाप्तिसँगै आएको चेतना र अवसरले पनि प्रजा परिषदको अभियानलाई तीव्रता दियो । जुद्ध समसेर प्रधानमन्त्री रहेकै समयमा उद्योग विभागको गठन, कम्पनी कानुनको निर्माण र विराटनगर जुट मील, दि जुद्ध म्याच फ्याक्ट्री, कटन मील, प्लाइ उड एण्ड बबिन कम्पनी, हाइड्रो इलेक्ट्रिक, सलाइ तथा साबुन फ्याक्ट्री जस्ता २१ वटा लिमिटेड कम्पनी खुल्नुले औद्योगिक श्रमिकहरूको प्रवेश औपचारिक रूपमै हुन पुग्यो ।

जनताको आन्दोलनलाई निस्तेज पार्न र जनताको भावनाको शोषण गरी इतिहासको कालखण्डमा हरेक शासक वर्गले रजाइ गर्दै आएका छन् । कोतपर्व मच्चाएर सत्ता हत्याउँदा जंगबहादुरले "राजालाई शिरमा र जनतालाई काखमा राखी राज्य गर्नेछु" भन्ने प्रतिज्ञा गरे । जुद्ध शम्सेरले "नेपाललाई जापान बनाउने" घोषणा गरे । पद्म

शम्सेरले आफूलाई "जनताको सेवक" भन्दै जनमत आफूतिर तान्ने प्रयत्न गरेका थिए । यी सबै वाचा र प्रतिज्ञाले सम्बन्धित कालखण्डको जनताको असन्तोषप्रति शासकवर्गको सतर्कतालाई संकेत गर्दछ ।



शहीद गंगालाल

यस्तै वातावरणमा प्रजापरिषदले विशेष गरी भारतको पटनाबाट प्रकाशित हुने "जनता" नामक अखवारबाट राणाशाही विरोधी प्रचार अभियान थाल्यो भने देशभित्र पनि जनतालाई सचेत पार्न पर्चावाजी शुरू गर्‍यो । यसरी काठमाडौं खाल्डो राणा विरोधी चर्चाको केन्द्र बन्न पुग्यो ।



शहीद दशरथ चन्द

**प्रजापरिषदको आन्दोलन**मा राजपरिवार, असन्तुष्ट राणाहरू र भारदारहरूको समेत समर्थन रह्यो । त्यसैले राणाशाहीले यसलाई ठूलो खतरा ठानी आम गिरफ्तारी शुरू गर्‍यो । वि.सं. १९९७ मा काठमाडौंमा मात्रै धार्मिक-सामाजिक सुधार कार्यमा संलग्न व्यक्तिहरू समेत ३०० भन्दा बढीलाई गिरफ्तार गरियो । यो आन्दोलन अंग्रेजको विरुद्ध समेत भएकोले भारतमा पनि आम गिरफ्तारी शुरू भयो ।




शहीद शुक्रराज

गिरफ्तार व्यक्ति विरुद्ध ९६ दिनसम्म चलेको मुद्दाको सुनवाइको क्रममा राजा त्रिभुवनको पनि आन्दोलनकारीसँग गुप्त सम्बन्ध रहेकोले उपस्थित गराइयो । अन्त्यमा गिरफ्तार व्यक्तिमध्ये **गंगालाल, दशरथ चन्द, शुक्रराज र धर्मभक्त**लाई मृत्युदण्ड र टंक प्रसाद लगायत ३६ जनालाई ३ वर्ष देखि आजीवन कारावासको सजाय भयो । सम्वत् १९९७ सालमा चार आन्दोलनकारीलाई दिइएको मृत्युदण्ड पछि यो आन्दोलन काठमाडौंमा मात्र सीमित रहेन, राष्ट्रव्यापी बन्न पुग्यो । "१९९७ सालको पर्व" पछि नेपाली जनआन्दोलन मध्यम वर्गीय तहलाई छिचोली निम्न-मध्यम वर्ग, किसान तथा मजदुरहरूको तहमा पुग्यो ।



शहीद धर्मभक्त

यो घटना पछि "यस्तो पापी राजमा बाँच्नु भन्दा मर्नु कल्याण" भन्दै वि.सं. १९९८ साल असार महिनामा सामन्ती संस्कार र परम्परालाई चुनौती दिदै धार्मिक हिसाबले सामाजिक कुरीतिको विरुद्ध सक्रिय रूपमा लागेकी **योगमाया न्यौपाने**ले आफ्ना ६८ अनुयायी सहित अरुण नदीमा हामफाली सामूहिक आत्महत्या गरिन् । यो घटना सभ्य समाजको जरा हल्लाउने घटना थियो ।



योगमाया न्यौपाने

सन् १९४२ को "**भारत छोडो**" आन्दोलनको नेपाली जनआन्दोलनमा पनि महत्वपूर्ण प्रभाव रहेको छ । यही आन्दोलनबाट नेपाली र भारतीय जनताको तहमा आन्दोलनको ऐक्यबद्धता आदानप्रदान हुन पुगेको छ । आधुनिक नेपालका चर्चित राजनेताहरू- **बीपी कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी** आदिको त्यस आन्दोलनमा भएको

संलग्नता र त्यसले नेपालको प्रजातान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान धेरैलाई कण्ठै छ । त्यसका अतिरिक्त राणा शासकले अंग्रेजहरूको निर्देशनमा गिरफ्तार गरी हनुमान नगरमा थुनामा राखेका भारतीय क्रान्तिकारीहरूलाई सप्तरीका जनताले जेल फोडी मुक्त गरिदिएको घटना (जसलाई **सप्तरी काण्ड** भनिन्छ) दुई देशको आन्दोलनमा भएको आपसी एकताको उदाहरणको रूपमा यहाँ उल्लेख गर्न सकिन्छ ।

## भारत पछि अमेरिकी प्रभावको शुरूवात

दोस्रो विश्व युद्धको समाप्तिसँगै अन्तरराष्ट्रिय शक्ति सन्तुलन फेरियो । आफ्नो साम्राज्यको घाम कहिल्यै नअस्ताउने सपना बोकेको बेलायती साम्राज्यवाद खुम्चियो । तर अमेरिका विश्व साम्राज्यवादको नेताको रूपमा अगाडि आयो । हिजोका दिनमा डाँडा-काँडाले ढाकिएको फुच्चे नेपालको अन्तरराष्ट्रिय वृत्तमा जति चर्चा हुन्थ्यो, दक्षिणी छिमेकी भारतमा पूँजीवादी र उत्तरी छिमेकी चीनमा समाजवादी व्यवस्था लागू हुनासाथ यसको **सामरिक** महत्व बढ्यो । यो परिवेशमा अन्तरराष्ट्रिय शक्ति केन्द्रको ध्यान नेपालप्रति खिंचिनु स्वाभाविक थियो ।

**शब्दको परिभाषा**

**सामरिक**

युद्धसँग सम्बन्धित, युद्धको संचालन तथा शस्त्र अस्त्र सम्बन्धी व्यवस्था ।

सुगौली सन्धि देखि नै बेलायत नेपाली सत्ता राजनीतिको फेरवदलमा हर्ताकर्ता बनिसकेको थियो। २००७ सालको परिवर्तनमा राजा र राजनीतिक व्यक्तित्वलाई आश्रय दिने भारत बेलायती उपनिवेशबाट मुक्त भएदेखि नै नेपालमा राजनीतिक परिवर्तनको अर्को खेलाडी बनिसकेको थियो । मोहन शम्सेरले श्री ३ महाराज हुनासाथै बेलायतका अतिरिक्त अमेरिकासँग दौत्य सम्बन्ध हुनुपर्ने कुरामा जोड दिएदेखि नै अमेरिकाले नेपाली राजनीतिमा प्रवेश पायो ।

राणा-कांग्रेस संयुक्त सरकार बनेको बेलाका घटनाबाट यी तीन देशको भूमिका स्पष्ट अनुभूत गर्न सकिन्छ । बेलायत र अमेरिकाको नेपाल प्रवेशको सामाजिक आधार राणाहरू र भारतीय शासक वर्गको सामाजिक आधार राजा-कांग्रेस भएकाले त्यो संयुक्त सरकारको अन्तिम कालसम्म बेलायत-अमेरिकाको राणाप्रति र भारतको कांग्रेसप्रतिको समर्थनलाई यहाँ उल्लेख गर्न सकिन्छ । यसरी बेलायत-भारत-अमेरिका तीन देशबाट नेपालको राजनीतिलाई आकार दिने र सोही अनुरूपको विदेश नीति तय गर्ने गतिविधि आजसम्म पनि जारी छ ।

## नेपाली राष्ट्रिय कांग्रेसको गठन र त्यसपछि



श्री टंकप्रसाद आचार्य

वि.सं. २००३ सालको माघ १२-१३ गते भएको कलकत्ता सम्मेलनद्वारा राणाशाही विरोधी सम्पूर्ण आन्दोलनकारीहरूले वृहत्तर राजनीतिक संगठनको स्थापना गरे । नेपाली जेलमा रहेका **टंकप्रसाद**लाई सभापति चुनिएको त्यो संस्थाको नाम नेपाली राष्ट्रिय कांग्रेस राखियो । नेपाली राष्ट्रिय कांग्रेस राष्ट्रव्यापी रूपमा पहिलो राजनीतिक संगठन थियो । तर वर्गीय रूपमा त्यो असमान व्यक्तिहरू सम्मिलित साझा थलो थियो । यस भित्र जनस्तरका किसान-मजदुरका प्रतिनिधिदेखि असन्तुष्ट राणा सहितका भाइभारदारहरू समेत संलग्न थिए ।

यो संगठनको स्थापनाको लगत्तै (फागुन २१, २००३) विराटनगरमा **पहिलो मजदुर आन्दोलन** शुरू भयो । चैत १२ गतेका दिन सम्पूर्ण नेताहरू गिरफ्तार गरी गरिएको चर्को दमनले पनि आन्दोलन थामिएन, झन चर्कियो । चैत १४ बाट देशका विभिन्न भागमा राणा विरोधी प्रदर्शन हुन थाल्यो । काठमाडौंमा विशाल प्रदर्शन भयो । यो आन्दोलनमा महिलाहरूको विशेष सहभागिता रह्यो । समाजका सबै अंग आन्दोलनमा सरिक भएकाले राणाशासकहरू पछि हट्न बाध्य भए । प्रधानमन्त्री पद्म शम्सेरले त्यो आन्दोलनको क्रममा गिरफ्तार सम्पूर्ण बन्दीलाई आफ्नो दरवारमा उपस्थित गराई १२ दिन भित्र संवैधानिक सुधार गर्ने घोषणा सहित उनीहरूलाई रिहा गरे ।



श्री ३ पद्म शम्सेर

यो समयसम्म नेपालको राजनीतिमा ब्रिटिस-भारतको अंकुश पनि स्थापित भइसकेको थियो । त्यसैले **पद्म शम्सेर**ले भारतीय सल्लाहकारको राय अनुरूप "श्री ५ र श्री ३ महाराजको गद्दीको रोलक्रमलाई अपरिवर्तनीय र अक्षुण्ण राख्दै श्री ३ प्रति उत्तरदायी रहने मन्त्री मण्डलको गठन गर्ने" घोषणा गरे । भारदारी सभा नाम गरेको माथिल्लो सदन राणापरिवार, जंगी तथा निजामतीका हाकिमहरूद्वारा चुनिएका प्रतिनिधिबाट गठन गर्ने र राष्ट्रसभा नाम गरेको तल्लो सदन पंचायतबाट चुनिएर आएको व्यक्ति तथा श्री ३ बाट मनोनित गरिएकाहरूबाट गठन गर्ने गरी दुई सदनात्मक व्यवस्थापिकाको प्रस्ताव गरे । यो सुधारको घोषणाले राष्ट्रिय कांग्रेस भित्रका 'सी' वर्गका राणा तथा भारतीय प्रभावका पूँजीवादी तत्त्वलाई निस्तेज पार्‍यो । नेपाली राष्ट्रिय कांग्रेसमा उनीहरूकै वर्ग हैकम रहेकोले वि.सं. २००४ जेठमा मा "शान्तिपूर्वक नै काम चल्ने देखेर .... जन शक्तिको क्षयलाई बचाउन" राष्ट्रिय कांग्रेसको कार्यकारिणी समितिले आन्दोलन बन्द गरेको घोषणा गर्‍यो ।

नेपाली जनवादी आन्दोलनको इतिहासमा आन्दोलन एउटा मोड प्राप्त गर्ने तहमा पुगेपछि आन्दोलनकारीहरू बीच तीव्र आन्तरिक संघर्ष हुने र जनताले रगत बगाएर



बीपी कोइराला

**शब्दको परिभाषा**

**क्षुब्ध**

आकुल, ब्याकुल, छट्पटाएको, हड्बडाएको रिसाएको अर्थमा प्रयोग गरिने शब्द ।

प्राप्त गर्न लागेको फलमा किरा लाग्ने घटना त्यो बेलादेखि नै हुँदै आएको छ । पद्म शम्सेरको घोषणा पछि त्यसको पक्ष र विपक्षमा आन्दोलनकारी शक्ति विभाजित हुन पुगे । **बीपी कोइराला** जेलबाट छुटेपछि नेपाली राष्ट्रिय कांग्रेसको स्वयं घोषित नेता बन्ने र त्यो दल फुटी डिल्लीरमण र उनको नेतृत्वमा अलग दुई समूह बन्ने घटनालाई यसै प्रसंगमा हेर्न सकिन्छ । जेलमा रहेका टंकप्रसादले झोक्किएर “तपाईंको कामले वर्णन नै गर्न नसकिने गरी मलाई **क्षुब्ध** पारेको छ .... आशा छ, अब संयुक्त मोर्चाको ठीक बाटो समात्नु हुनेछ” भन्ने व्यहोराको बीपीलाई लेखेको पत्रले दल भित्रको कचिंगललाई चित्रित गर्दछ ।

अर्कोतिर, श्री ३ पद्म शम्सेर र कमाण्डर ईन चिफ मोहन शम्सेर बीच तीव्र संघर्ष छँदै थियो । दुई राणाहरू बीचको दृष्टिकोणमा पनि देखिने प्रकृतिकै अन्तर थियो । पद्म शम्सेरले ‘एक परिवारमा आधारित सामन्ती वर्गको राज्य व्यवस्थाको” रूपमा चलिरहेको राणाशासनलाई असन्तुष्ट सामन्त तथा ‘**बी**’ र ‘**सी**’ वर्गका राणाहरूको विद्रोहबाट जोगाउन आफू प्रधानमन्त्री हुने वित्तिकै जमिन्दार सम्मेलन बोलाई जमिन्दाहरूलाई थामथुम पार्ने र बी र सी क्लासका राणाहरूलाई सहुलियत दिने नीति अपनाए । श्री ३ सहितको भारदारी सभा तथा राष्ट्रसभा सम्मिलित व्यवस्थापक सभाको प्रस्ताव यसैको परिणाम थियो । तर मोहन शम्सेर भने भाइ-भारदार, गुरु-पुरोहितहरू, उच्च तहका कर्मचारी सहितको साँघुरो “पार्लियामेन्ट” गठनको पक्षमा थिए । यसरी पद्म शम्सेरको नेतृत्वमा सीमित संख्यामा जनप्रतिनिधिलाई शासनमा सरिक गराई माथिल्लो वर्गलाई सहुलियत दिन चाहने राणाहरू र मोहन समसेरको नेतृत्वमा परम्परागत राणाशासन चलाउन चाहने राणाहरू गरी स्पष्ट रूपमा दुई चिरामा उनीहरू बाँडिए । अन्त्यमा पद्म शम्सेरको घोषणा लागू भएन, उनको ठाउँमा मोहन शम्सेर श्री ३ महाराज बने ।

### “ए”, “बी”,“सी” वर्गका राणाहरु

वि.सं. १९९७ मा चन्द्र शमसेरले धीर शमसेरका सन्तानहरुलाई ‘ए’, ‘बी’, ‘सी’ गरी तीन श्रेणीमा विभाजन गरे। हिन्दु धार्मिक परम्परा अनुसार विवाह गरी ल्याएको जात मिल्ने क्षत्री-ठकुरी पट्टिबाट  जन्मिएका सन्तानहरु ‘ए’, जात मिल्ने तर धार्मिक विधि पूरा नगरी ल्याएकी पट्टिबाट जन्मिएका सन्तान ‘बी’ र पानीसम्म चाहिँ चल्ने तर जात नमिल्ने ल्याइते, रखैलबाट जन्मिएका सन्तानहरुलाई ‘सी’ वर्गका राणाको रुपमा वर्गीकरण गरे। यो वर्गीकरण पछि ‘बी’ र ‘सी’ वर्गका राणाहरु श्री ३ तथा प्रधानमन्त्री बन्ने रोलक्रमबाट हटाइए।

उता, नेपाली राष्ट्रिय कांग्रेसको फुटबाट लाभ उठाई **महेन्द्र विक्रम शाह**को अध्यक्षतामा गठित (वि.सं. २००५ साल पुस १७ गते) **नेपाल प्रजातन्त्र कांग्रेस** र नेपाली राष्ट्रिय कांग्रेस पनि मोहन शम्सेरले 'राणाशासन' लाई 'जनवादीकरण' गर्न नमानेपछि फेरि एक हुन बाध्य भए । छरिएको जनशक्तिको एकता गर्ने नारामा नेपाली राष्ट्रिय कांग्रेसको 'राष्ट्रिय' र नेपाल प्रजातन्त्र कांग्रेसको 'प्रजातन्त्र' हटाई **नेपाली कांग्रेस** ( २००६ चैत २७ गते) गठन गरे । यसै बीच वि.सं. २००६ बैशाखमा समाजवाद तथा साम्यवादको लक्ष्य बोकेको **नेपाल कम्युनिस्ट पार्टी**को समेत गठन भइसकेको थियो ।

यसपछि **तीन शक्ति-** राणाहरूलाई अपदस्थ गरी शाही परिवारको नेतृत्वमा सत्तामा जान चाहने **सामन्त वर्ग**, राजाको वैधानिक नेतृत्वमा प्रजातान्त्रिक व्यवस्था चाहने **राणा विरोधी पूँजीवादी वर्ग** र मजदुर-किसान एकताको आधारमा जनवादी गणतन्त्र स्थापना गर्न चाहने **श्रमजीवी वर्ग** भिन्नाभिन्नै उद्देश्य बोकी संयुक्त संघर्षमा सामेल भए । उनीहरूको एकताको आधार साझा शत्रु 'राणाशाही' मात्र थियो ।

यस्तो पृष्ठभूमिमा नेपाली कांग्रेसको वि.सं. २००७ भदौको अधिवेशनले नेपालमा सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । मातृका प्रसादलाई त्यसको सर्वशक्तिमान नेता चुन्यो । त्यो निर्णयको छोटो समयमै (कात्तिक २१ गते) राजा **त्रिभुवन** नाति ज्ञानेन्द्र बाहेक सम्पूर्ण शाही परिवार सहित भारतीय दूतावासको शरणमा पुगे । उनी भारतीय दुतावासको सहयोगमा ५ दिन पछि भारत पुगे । त्यसपछि कांग्रेसको नेतृत्वमा सशस्त्र संघर्ष शुरू भयो, जुन चर्चित **दिल्ली सम्झौता**बाट अन्त्य भयो । यसरी २००७ साल फागुन ७ गते मोहन शम्सेरको नेतृत्वमा संवैधानिक राजतन्त्र अन्तर्गत राणा-कांग्रेस संयुक्त सरकार बनेपछि प्रधानमन्त्रीको हिसाबमा ९ प्रधानमन्त्री, पुस्ताको हिसाबले ३ पुस्ता र समयको हिसाबले १०४ वर्षसम्म चलेको राणा शासनको औपचारिक रूपमा अन्त्य भयो ।



**श्री ५ त्रिभुवन**

## त्रिपक्षीय दिल्ली संझौतामा के छ?

**नेपाल र भारतसरकार बीच भएको शान्ति र मैत्रीको सन्धिपत्र**

नेपालसरकार र भारतसरकारले दुई मुलुकका बीचमा अनेकौं शताब्दीसम्म आनन्दपूर्वक कायम रहिआएको प्राचीन सम्बन्धलाई ध्यानमा राखी त्यो सम्बन्धलाई झन्-झन् बलियो गर्न र विकास गराउन र दुई मुलुकका बीचमा अटूट शान्ति कायम राख्ने इच्छा गरी परस्परमा शान्ति र मित्रताको एउटा सन्धिपत्र गर्ने ठहऱ्याई सो कामको निमित्त निम्नलिखित व्यक्तिहरूलाई नियुक्त गरी



श्री ३ मोहन शम्सेर

नेपालसरकारतर्फबाट श्री ३ महाराज **मोहनशम्शेर** जंगबहादुर राणा प्राइमिनिस्टर एण्ड सुप्रिम कम्याण्डर-इन-चीफ नेपाल, र भारतसरकारका तर्फबाट नेपालस्थित भारतका राजदूत हिज एक्सिलेन्सी श्री चन्द्रेश्वर प्रसाद नारायण सिंहले परस्परको प्रमाणपत्र जाँची ठीक र रीतपूर्वक ठहऱ्याएकोले देहायका दफाहरू मंजूर गरेका छन् :-

**पहिलो दफा** :- नेपालसरकार र भारतसरकारका बीचमा अटल शान्ति र मित्रता रहनेछ । दुवै सरकारले परस्परमा एकले अर्कोको पूर्ण राज्यसत्ता, राज्यक्षेत्रको अक्षुणता र स्वाधीनता स्वीकार र आदर गर्न मजूर गर्दछन् ।

**दोस्रो दफा** :- कुनै छिमेकी राष्ट्रसँग केही ठूलो खटबड वा फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्रीको सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबूल गर्दछन् ।

**तेस्रो दफा** :- पहिलो दफामा उल्लेख भएको सम्बन्धस्थापना र कायम गर्नाका निमित्त दुई सरकारले आफ्ना कामकाज रीतपूर्वक चलाउनलाई चाहिने कर्मचारीवर्ग सहित प्रतिनिधिहरूद्वारा परस्परमा प्रचलित अन्तरनैतिक सम्बन्ध राख्न मंजूर गर्दछ ।

ती प्रतिनिधिहरू र तिनका मंजूर भएका कर्मचारीहरूले अन्तरराष्ट्रिय विधानद्वारा पारस्परिक रूपमा प्रचलित तौरले दिइएका सबै अन्तर्राजनैतिक विशेषाधिकारहरू र विमुक्तिहरू उपभोग गर्नेछन् । यी अधिकारहरू कुनै हालतमा पनि दुईमध्ये कुनै एक सरकारले आफूसँग अन्तरराजनैतिक सम्बन्ध गर्ने अर्को कुनै राष्ट्रका समान दर्जाका मानिसहरूलाई दिइएको अधिकारभन्दा कम हुने छैनन् ।

**चौथो दफा** :- दुवै सरकारले परस्परमा कन्सुलेट जनरलहरू, कन्सुलेटहरू, वाइस-कन्सुलेटहरू, अरू प्रकारका कन्सुलर प्रतिनिधिहरूको नियुक्ति मंजूर भएका शहर, बंदरगाह र अरू स्थानहरूमा निवास गर्नेछन् ।

कन्सुलेट जनरलहरू, कन्सुलेटहरू, वाइस-कन्सुलेटहरू र अरू कन्सुलर प्रतिनिधिहरूलाई उनको नियुक्तिको एकसेकेटर अथवा अरू प्रकारको बहालीअधिकारपत्र दिइनेछ । यस्तो एकसेकेटर अथवा अधिकारपत्र दिने मुलुकले आवश्यक ठहरिएमा सो वापस लिन सक्दछ । सो वापस लिनाको कारणको जनाऊ यथासम्भव

दिइनेछ । अरू कुनै राष्ट्रका समान दर्जाका मानिसहरूलाई दिइएको सबै हक विशेषाधिकार माफी र विमुक्तिहरू माथि नाम गरिएका मानिसहरूले पनि पारस्परिक तौरमा उपभोग गर्नेछन् ।

**पाँचौं दफा** :- नेपाल सरकारलाई भारतको राज्यक्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाको निमित्त चाहिने हातहतियार, कल-पूर्जा, गोली-गठ्ठा, खर-खजाना माल-सामानको पैठारी गर्ने अधिकार छ । दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तलाई चालू गराउने कार्यवाहीको तय गर्नेछन् ।

**छैटौं दफा** :- भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीकस्वरुप दुवै सरकारले आफ्ना राज्य-क्षेत्रमा रहेका अर्का सरकारका रैतीलाई आफ्ना मुलुकको औद्योगिक र आर्थिक विकास, औ त्यस्तो विकास-सम्बन्धी रियायत र ठेकाहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिने कबूल गर्दछन् ।

**सातौं दफा** :- नेपालसरकार र भारतसरकारले आफ्ना राज्यक्षेत्रमा रहेका अर्को मुलुकका रैतीलाई निवास, सम्पत्तिको भोग, व्यापार-बाणिज्यमा भाग लिन, चलफिर गर्न र अरू यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिनालाई कबूल गर्दछन् ।

**आठौं दफा** :- जहाँतक यहाँ जिकर गरिएका कुराहरूको सम्पर्क छ, ती सबैमा यो सन्धिपत्रले भारतको तर्फबाट ब्रिटिससरकार औ नेपालसरकारका बीचमा भएका अघिका सबै सन्धिपत्र, स्वीकारपत्र र कबूलनामाहरूलाई खारेज गर्दछ ।

**नवौं दफा** :- यो सन्धिपत्र दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ ।

**दशौं दफा** :- कुनै एक मुलुकले एक वर्षको भाखा दिई यो सन्धिपत्रको अन्त गर्न नखोजेसम्म यो सन्धिपत्र जारी रहनेछ ।

आज मुकाम काठमाडौंमा विक्रम सम्वत् २००७ साल श्रावण १६ गते रोज २ मुताविक ईसवी सन् १९५० जुलाई महिनाको ३१ तारीखका दिन यो सन्धिपत्रको दुवै प्रतिमा सहीछाप भयो-शुभम् ।

## राणाशाही अन्त्य पछिको परिदृश्य

०७ सालको राजनीतिक घटनाले समाजको क्रान्तिकारी रूपान्तरण गर्न सकेन, त्यसले तत्कालीन अवस्थाका तीन शक्तिहरू- राणा, राजा र कांग्रेस बीच सत्ता साझेदारीको वातावरण मात्र तयार गर्‍यो । सपरिवार विदेशिएका राजा त्रिभुवनलाई पुनः सत्तासीन गराइएपछि फेरि त्रिकोणात्मक शक्ति संघर्षको बीउ रोपियो । राजा भारतीय प्रतिक्रियावादी शक्ति तथा देशभित्रको सामन्ती शक्तिको बलमा थप शक्ति हत्याउने योजनामा लागे । राणाहरू कांग्रेस कमजोर भएको हेर्न चाहन्थे । कांग्रेस "राजालाई प्रतिक्रियावादीको घेराबाट मुक्त गर्नु पर्छ" भन्ने नीतिमा थियो । अन्ततः कांग्रेस सफल भएन, त्यो पार्टी भित्रकै स्वार्थी तत्त्वलाई 'दरबारिया शक्ति' ले खेलाउन थाल्यो । संविधान सभाको निर्वाचन र नयाँ संविधान, जनताको हातमा सार्वभौमसत्ता जस्ता विषय राजनीतिक बहसकै विषय मात्र हुन थाल्यो । एक पछि अर्को अल्पायुका सरकार गठन हुने र ढल्ने श्रृङ्खला शुरू भयो । दलहरू प्रति वितृष्णा पैदा गर्ने र सैन्य शक्तिलाई दरबारको नियन्त्रणमा पार्ने प्रक्रिया तीव्र भयो ।

अर्कातिर नव-स्थापित कम्युनिस्ट पार्टीको नेतृत्वमा 'जनवाद' प्राप्तिको आन्दोलन जारी थियो । त्यतिबेला राजनीतिक संगठनहरूमा दुई प्रवृत्ति थियो । वामपक्षीय शक्तिहरू 'दरबारिया षडयन्त्र विरुद्ध' जनआन्दोलन निर्माण गर्ने नीतिमा थिए भने कांग्रेस सहितका सत्ताका साझेदारहरू दरबारिया राजनीतिमा प्रवेश गर्ने मुडमा थिए । यही द्वन्द्व बीच २००८ सालमा "संविधान सभा" को शीघ्र निर्वाचनको मुख्य माग सहित विभिन्न तह र तप्काका जनताको आन्दोलन शुरू भयो । तिनीहरू निम्नानुसार थिए -

- **किसानहरूको आन्दोलन-** विभिन्न जिल्लामा जाली-फटाहा, सामन्ती विरुद्ध केन्द्रित/पश्चिम नेपालमा भीमदत्त पन्तको विद्रोह ।
- **महिलाहरूको आन्दोलन-** दिल्ली संझौताको विरोध, महिलाको लागि मताधिकारको माग सहित महिला-पुरुष समानताका विषयमा केन्द्रित
- **युवा/विद्यार्थी, सांस्कृतिककर्मीहरूको आन्दोलन-** मूल राजनीतिक मुद्दामा केन्द्रित ।
- **न्यूनवैतनिक कर्मचारीको आन्दोलन-** पेशागत मागमा आधारित, सरकारको केन्द्रीय सचिवालय र अड्डा, अदालतसम्म हप्तौं ठप्प रहेको ।
- **मजदुर आन्दोलन-** यूनियन अधिकार, श्रम कानुन र ज्याला सुविधाको माग सहितको हडताल ।

- **मुक्तिसेनाको विद्रोह**- दिल्ली संझौताको विरोधमा फौजी हेडक्वार्टर, केन्द्रीय सचिवालय, रेडियो स्टेसन, बैंक र अन्य सरकारी अड्डा कब्जा गरिएको ।

स्मरणीय कुरा के छ भने नेकपा सहितका प्रजातान्त्रिक शक्तिहरूले दरबारिया षडयन्त्रको विरुद्ध तत्कालीन समयमा **राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा** गठन गरेका थिए । मूलरूपमा वामपन्थीहरूको वर्चश्व रहेको त्यो मोर्चामा प्रजापरिषद जस्ता पुराना पार्टीहरूको पनि संलग्नता थियो, जसलाई नेकाँले भने हाँसोमा उडाएको थियो । वि.सं. २००८ मंसिर महिनामा उद्घाटन गरिएको उक्त मोर्चाको सम्मेलनले एक घोषणापत्र मार्फत 'नेपालमा मजदुर, किसान, मध्यम वर्ग र राष्ट्रिय पूँजीपतिहरूलाई प्रतिनिधित्व गर्ने पूर्ण जनवादी सरकार गठन गर्ने' आफ्नो ध्येय सार्वजनिक गऱ्यो ।

तत्कालीन समयको आन्दोलनमा तीन शक्ति बीच तीन प्रकृतिको राजनीतिक दाउपेच रहेको थियो । प्रमुख राजनीतिक दलको रूपमा स्थापित नेपाली कांग्रेस "नेपालमा कम्युनिस्टहरूको खतरा" देखाई शक्ति विस्तारको रणनीतिमा थियो । उत्तरी छिमेकमा कम्युनिस्ट पार्टीको विजय र नेपाली समाजमा रहेको वामपन्थी जनमतलाई उसले आफ्नो विश्लेषणको आधार बनाएको थियो । अर्कोतिर राजदरबार नव-स्थापित प्रजातन्त्रमा आफ्नो हैकम स्थापित गर्न चाहन्थ्यो । राजपरिवारको आँखामा पनि नेपाल राज्य आफ्ना पुर्खा पृथ्वीनारायणले जोडि दिएको 'विर्ता' थियो । ऐतिहासिक घटनाक्रमले दरबारको षडयन्त्रलाई पुष्टि गरेको छ ।

राजा त्रिभुवनले पहिले नेपाली कांग्रेसलाई कमजोर पार्ने नीति अख्तियार गरे र मातृका प्रसाद तथा खुकुरी दलको उत्पातको आडमा सुप्रिम कमाण्डर इन चिफको पद राजामा सारे । एघार सालमा त उनले आफूलाई सर्वोच्च न्यायाधीशको रूपमा समेत स्थापित गरे । त्रिभुवनको देहावसान पछि राजा महेन्द्रले किताबखाना, प्रचार विभाग, गुप्तचर विभाग र **कौसीतोसाखाना**को सर्वोच्चको पद समेत हत्याई तीन पटकसम्म अन्तरिम विधान संशोधन गरेको घटनालाई २०१८ साल माघ १२ गते प्रकाशित नेपाल कम्युनिस्ट पार्टीको "राष्ट्रको नाममा जारी गरिएको अपिल" मा उल्लेखित विवरणलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । तेस्रो शक्तिको रूपमा क्रियाशील कम्युनिस्ट पार्टी भने दरबारिया राजनीतिबाट अलग रही जनआन्दोलन विस्तार गर्ने रणनीतिमा रहेको देखिन्छ । तर त्यो पार्टी भित्र नेतृत्व तहमा रहेका गैर कम्युनिस्टहरूको विगविगीले "नीति अनुरूपको काम" हुन नसकेको प्रष्टै छ ।

**शब्दको परिभाषा**

**कौसीतोसाखाना**

राणा शासनकालमा नेपालको जिल्ला सदरमुकामको धनसम्पत्ति राख्ने ढुकुटी अड्डालाई कौसीतोसाखाना भनिन्थ्यो, यो प्रचलन विभिन्न प्रकारका बैंक चल्तीमा आउनुअघिको पूर्वरूप हो। यसलाई अहिलेको राष्ट्र बैंकसँग तुलना गर्न सकिन्छ।

यस्तै राजनीतिक तानातानको बीच २००७ सालको क्रान्तिले तय गरेको "संविधान सभाको निर्वाचनको विषय" त्यतिकै खेर गयो र राजा महेन्द्रले नेपाल अधिराज्यको

संविधान जारी गर्दै पहिलो संसदीय निर्वाचनको घोषणा गरे । २०१५ साल फागुन ७ गते शुरू भएको निर्वाचनमा दरबारिया शक्तिको समर्थन गोर्खादल, तराई कांग्रेस, राष्ट्रिय महासभा तथा स्वतन्त्रता संघ जस्ता सामन्ती तत्त्वहरूको पार्टीप्रति थियो भने आन्दोलनकारी शक्तिको रूपमा चिनिएका नेपाली कांग्रेस, नेकपा, नेपाली राष्ट्रिय कांग्रेस, नेपाल प्रजापरिषद आदि आ-आफैंमा प्रतिस्पर्धा गरिरहेका थिए । चुनाबमा कांग्रेसले दुई तिहाइ सिट जित्यो । सम्पूर्ण गैरदरबारिया शक्तिले ६० प्रतिशत मत प्राप्त गरे । तर पराजित सामन्ती शक्तिको पक्षमा परेको ४० प्रतिशत मतले प्रजातन्त्र विरुद्ध फेरि चलखेल शुरू गर्ने आधार दियो । उनीहरू राजालाई

विज्ञको भनाइ



प्रा. सूर्यमणि अधिकारी

## वीपीको समाजवाद : संक्षेपमा

१. व्यक्तिगत स्वतन्त्रता
२. मौलिक अधिकार
३. पार्टी गठन गर्न पाइने अधिकार
४. वालिग मताधिकारबाट चुनाबको व्यवस्था
५. संसदप्रति प्रधानमन्त्री तथा मन्त्रिमण्डलको उत्तरदायित्व
६. राजाको वैधानिक स्थान
७. कानुनी शासन
८. जाली फटाहाहरूको उन्मूल
९. पिछडिएका वर्ग र जातिलाई उनीहरूको उन्नतिका लागि हर क्षेत्रमा विशेष र तत्कालिक प्रोत्साहन
१०. शासनको विकेन्द्रीकरण
११. भोरा समस्याको र नयाँ वसोवासको तत्कालीन समाधान, जोत्ने व्यक्तिहरूका नाउँमा जमीन दर्ता गराएर
१२. भूतपूर्व सैनिकहरूलाई राष्ट्रिय हितलाई ध्यानमा राखेर विकास कार्यमा बढी भन्दा बढी मौका दिने
१३. उत्पादन वृद्धिका लागि राष्ट्रिय पूँजीलाई दुरूपयोग हुनबाट जोगाउने व्यवस्था
१४. किसानहरूको कानुनी अधिकारको दृढतापूर्वक संरक्षण
१५. शिक्षा पद्धतिमा प्रजातान्त्रिक नियमानुसार सुधार र शिक्षण संस्थाहरूको स्वतन्त्रताको रक्षा
१६. मजदुरहरूको कामको सुरक्षाद्वारा शोषणको अन्त्य
१७. अक्षरशः तथा इमान्दारीपूर्वक तटस्थ परराष्ट्र नीतिको पालना

'राष्ट्र नायक' र 'प्रजातन्त्रको प्रहरी' जस्ता संज्ञाबाट स्थापित गर्ने र पार्टीपक्षीय शक्तिलाई पाखा लगाउने अभियानमा जुटे ।

कम्युनिस्ट चीन र गैर कम्युनिस्ट भारत बीच रहेको नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण केवल राजाको नेतृत्वबाट मात्र हुन सक्छ भन्ने दृष्टिकोण प्रचार गर्न थालियो । सामन्ती वर्गको यस्तो षडयन्त्रलाई विजय उन्मादमा रहेको नेपाली कांग्रेसको नेतृत्वले बुझ्न सकेन वा बुझ पचायो । सामन्तको विपक्षमा जनवादी शक्ति एक हुनु पर्नेमा आफ्नै पुरानो अडान अनुरूप "कम्युनिस्ट बढ्ने" त्रास दरबारलाई देखाई सत्ता टिकाउने योजनामा कांग्रेस लाग्यो । तर चलाख राजनीतिज्ञको रूपमा चिनिने राजा महेन्द्रले कांग्रेसी कथालाई बेवास्ता गर्दै २०१७ साल पुस १ गते मौजुदा संसदलाई विघटन गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिए । हेर्दाहेर्दै १०४ वर्ष लडेर पाएको सीमित प्रजातान्त्रिक अधिकार खेर गयो, निरंकुशताले टाउको उठायो ।

## पञ्चायतको उदय र अवसान

राजा महेन्द्रको नेतृत्वमा २०१७ साल पुस १ गते भएको फौजीकाण्डले राजनीतिक संगठनहरूलाई थप छिन्नभिन्न पारिदियो । फलस्वरूप एकातिर प्रतिक्रियावादी सामन्ती शक्ति राजसंस्थाको वरिपरि संगठित हुन पुगे भने तिनीहरूको शासनमुनि शासित हुन जनता बाध्य भए । त्यो समयका राजा **महेन्द्र**, बीपी कोइराला र पुष्पलाल तीन प्रवृत्तिको विचारको नेतृत्व गर्ने नेताहरू थिए । **पुष्पलाल** आफ्नै पार्टी भित्रको कचिंगल र गुटवन्दीका कारण कमजोर बनेका थिए । बीपी र महेन्द्रको बीचको टक्करमा बीपी पाखा लगाइएका थिए । राजा महेन्द्र ब्रिटिस-भारतको समयदेखि बन्द भएको कोदारी-तिब्बत नाका खोल्ने जस्ता कुटनीतिबाट राजनीतिमा हावी हुँदै थिए । परिस्थितिबाट फाइदा लिंदै उनले निरंकुश राजतन्त्रको शासन व्यवस्थालाई संस्थागत गर्दै "नेपाली हावा-पानी र माटो सुहाउँदो" निर्दलीय पंचायती व्यवस्थाको घोषणा गरे । राजा महेन्द्रको यो कदमलाई नेपाली कांग्रेसभित्रका कतिपय हस्तीहरू र नेकपाका नेताहरूले समेत साथ दिए ।



**श्री ५ महेन्द्र**



**क. पुष्पलाल**

यसरी एकातिर लोकप्रिय नेताहरू थुनिनु र प्रवासिनु, अर्कोतिर पथभ्रष्टहरूको शासनमा हालीमुहाली हुनुले १०४ वर्षे निरंकुश शासन फ्याँकी प्रजातन्त्रको आकांक्षा बोकेका सचेत जनतामा आक्रोश पैदा गरिदियो । त्यसैले तीस वर्षसम्म पंचायत विरुद्ध विभिन्न आन्दोलनहरू संचालित भयो, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- **०१७ सालको शाही कदम विरुद्ध नेपाली कांग्रेसद्वारा संचालित सशस्त्र विद्रोह** : नेकांको प्रवासिएको हिस्साद्वारा शुरू गरिएको यो विद्रोहको क्रममा राजा महेन्द्रलाई बम हान्ने सम्मको कार्यहरू भए ।
- **०२८ सालको सशस्त्र झापा आन्दोलन** : विभाजित कम्युनिस्ट आन्दोलनबाट विरक्तिएका र भारतको नक्सलवादी आन्दोलनबाट प्रभावित युवा कम्युनिस्टहरूले 'झापा किसान आन्दोलन' को नाममा सशस्त्र संघर्ष शुरू गरे । व्यक्ति हत्याबाट थालिएको यो आन्दोलन पछि नेपालको कम्युनिस्ट आन्दोलनलाई पुनर्एकीकरण गर्ने र प्रजातान्त्रिकरण गर्ने मूलधारको रूपमा विकसित भयो ।
- **ओखलढुंगा काण्ड** : राजा महेन्द्रको ०१७ सालको शाही कदमको सशस्त्र प्रतिरोध गर्ने अभियानको दोस्रो चरणको रूपमा नेपाली कांग्रेसले २०३०/३१ सालमा पूर्वी नेपालको ओखलढुंगालाई केन्द्र बनाई क्याप्टेन यज्ञ बहादुर थापाको नेतृत्वमा सशस्त्र आन्दोलन शुरू गर्‍यो, जुन व्यापक धरपकड, हत्या र दमनका साथै काँग्रेसले भर गरेको भारतीय शासक वर्गको असहयोग सँगै सेलायो । २०१७ देखि २०३६ सालका अवधिमा यी बाहेक विभिन्न समूहद्वारा छिटफुट घटना भएका छन् । जसमध्ये हर्रे-बर्रे संघर्ष (पुष्पलाल समूहद्वारा गरिएको), जुगेडी-जुटपानीको किसानको संघर्ष, ०३१ सालको सर्लाहीको 'भकारी फोर' आन्दोलन आदिलाई लिन सकिन्छ ।
- **०३५/३६ को विद्यार्थी आन्दोलन** : पाकिस्तानका तत्कालीन प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई फाँसी दिएकोमा विरोध जनाउने निहुँमा शुरू भएको ०३५ सालको विद्यार्थी आन्दोलन नेपाली कांग्रेसका नेताहरूद्वारा राष्ट्रिय मेलमिलापको नीति अघि सारेपछिको सबैभन्दा प्रभावकारी आन्दोलन थियो । यो विद्यार्थी आन्दोलनले निरंकुश पंचायती व्यवस्थालाई जनमत संग्रहको कठघरामा उभ्याइ दियो र 'सुधारिएको' नामको पंचायती शासन संचालन गर्न निरंकुश राजतन्त्रलाई बाध्य पार्‍यो । यो घटनापछि मजदुर, किसान, विद्यार्थी र महिला लगायतका जनताका संगठनहरू अर्ध-खुल्ला रूपमा संचालित हुन थाले ।
- **०४१/४२ को आन्दोलन र जनवादी मोर्चाको बमकाण्ड** : २०४१ सालदेखि शिक्षक लगायतका जनसंगठनहरूको माध्यमबाट वामपक्षीय शक्तिहरूले पंचायती व्यवस्था विरुद्ध आन्दोलन शुरू गरेका थिए । २०४२ सालको शुरूमा नेपाली कांग्रेसले पनि पंचायत विरुद्ध सत्याग्रह शुरू गर्‍यो । त्यसैबेला **नेपाल जनवादी मोर्चा** नाम गरेको भूमिगत संस्थाले काठमाडौंमा बम विस्फोट गरायो । सिंहदरबार भित्र, राजदरबारको बाहिरी ढोका र अन्नपुर्ण होटल जस्ता चर्चित ठाउँमा विस्फोट गराइएको बम काण्डको निहुँमा पंचायती शासक वर्गले त्यो वेलाको आन्दोलनलाई निमर्मतापूर्वक


दमन गऱ्यो ।

- **०४६ सालको जन आन्दोलन** : अन्ततः ३० वर्षे पंचायती व्यवस्थालाई **नेपाली कांग्रेस र संयुक्त वाममोर्चा**को संयुक्त पहलमा ०४६ फागुन ७ गतेबाट शुरू भएको जनआन्दोलनले पल्टाइ दियो । राजा **वीरेन्द्र** ०४६ चैत २६ गते पार्टीमाथिको प्रतिबन्ध फुकाउन बाध्य भए । कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि पंचायत र पंचायती संविधानको औपचारिक रूपमा अन्त्य भयो । ०४७ कात्तिक २३ गते '**नेपाल अधिराज्यको संविधान**' घोषणा भएपछि बहुदलीय संसदीय व्यवस्थामा आधारित नयाँ राजनीतिक व्यवस्था नेपालमा शुरू भयो । ००७ सालमा राणालाई हुत्याउने एजेण्डामा मात्र एक भएका राजतन्त्रवादी सामन्तहरू, संवैधानिक राजतन्त्रवादी वुर्जुवाहरू र गणतन्त्रवादी, जनवादी शक्तिहरू प्रजातन्त्रलाई संस्थागत गर्ने एजेण्डामा विभाजित भए जस्तै पंचायत फ्याँक्न एक भएका नेका र वामपन्थीहरू बहुदल प्राप्ति पछि राष्ट्रिय सहमतिको एजेण्डा तय गर्न भने एक हुन सकेनन् ।



**श्री ५ वीरेन्द्र**

**वि. सं. २०४६ पछि** प्रमुख राजनीतिक दल मध्ये नेपाली कांग्रेस विद्यमान बहुमत-अल्पमतमा आधारित औपचारिक प्रजातन्त्रको कट्टर अनुयायीको रूपमा अगाडि आयो । संवैधानिक लक्ष्य विपरित 'बजार-अर्थतन्त्र' र 'असन्तुलित विकास' को मोडेलमा यो आधारित थियो । यथास्थितिवादी भएकै कारणले नेकांमा पूर्वपंच र सामन्तहरूको ठूलो जत्थाले शरण पनि पायो । फलस्वरूप बीपीको समयको नेकांको 'प्रजातान्त्रिक- समाजवाद' बेलाबखतमा भाषण गर्ने र गरीब जनता ठग्ने विषय मात्र बन्न पुग्यो ।



वामपन्थीहरूमा पनि समाज र प्रजातन्त्रलाई व्याख्या गर्ने सन्दर्भमा एकरूपता आएन । यसभित्र मूलतः तीन प्रवृत्ति देखा पऱ्यो । पहिलो नेकपा एमालेद्वारा प्रस्तुत '**जनताको बहुदलीय जनवाद**' मा आधारित **परम्परागत मार्क्सवादी सिद्धान्तलाई प्रजातान्त्रिकरण गर्ने** धार, दोस्रो **परम्परागत मार्क्सवादी एकदलीयतामा आधारित** नेकपा (माओवादी) को **उग्रवादी धार र तेस्रो परम्परागत मार्क्सवादी सिद्धान्तलाई एकदलीय जडसूत्रवादी सिद्धान्तको रूपमा व्याख्या गर्ने** नेमकिपा, एकताकेन्द्र-मशाल लगायतका पार्टीहरूले बोकेको धार ।

यसरी हाम्रो समाजमा एकातिर जनवाद प्राप्तिको लडाइ जारी छ भने अर्कातिर ३० वर्षको कठिन संघर्षद्वारा ०४६ सालमा प्राप्त प्रजातन्त्रमाथि हाल अति दक्षिणपन्थी प्रतिक्रियावादी र अतिवामपन्थी उग्रवादीहरूको आक्रमण पनि जारी छ । अझ राजतन्त्रलाई 'रचनात्मक' बनाउने नाममा सक्रिय र निरंकुश बनाउन चाहने परम्परागत पुरातनवादी शक्ति समेत राजा वीरेन्द्रको वंशनास पछि क्रियाशील रहिरहेको छ ।


# ८ जनताको बहुदलीय जनवाद

## समाजवादतर्फको नेपाली प्रजातान्त्रिक बाटो



# मार्क्सदेखि मदनसम्म

## मार्क्सवादको सृजनात्मक प्रयोग र विकास



- ✓ विकसित पूँजीवाद भएको देशमा क्रान्ति हुन्छ ।
- ✓ मजदुर वर्ग यो क्रान्तिको नेता हुन्छ ।
- ✓ समाजवाद स्थापना हुन्छ ।
- ✓ योग्यता अनुसारको काम – काम अनुरूप दामको नीति लागू हुन्छ ।

- ✓ कमजोर पूँजीवाद भएको देशमा पनि क्रान्ति हुन्छ र समाजवादमा पुग्नु अघि जनवादी क्रान्तिको चरण रहिरहने अवधारणा प्रस्तुत ।
- ✓ कम्युनिस्ट पार्टीको एकदलीय शासन प्रणाली शुरू
- ✓ जनवादी केन्द्रीयता र सर्वहारा वर्गको अधिनायकत्व लागू ।





- ✓ अर्ध सामन्ती–अर्ध औपनिवेशिक देशमा पनि क्रान्ति हुन्छ ।
- ✓ समाजवादमा संक्रमण गर्ने नौलो जनवादी क्रान्तिको अवधारणा प्रस्तुत
- ✓ बहुदलीय सहयोगात्मक प्रणालीमा आधारित कम्युनिस्ट पार्टीको शासन शुरू
- ✓ जनताको जनवादी अधिनायकत्व लागू ।

- ✓ जनवादी क्रान्तिमा संलग्न क्रान्तिकारीहरूका अन्य पार्टीले पनि बहुदलीय निवार्चनमा प्रतिस्पर्धा गर्ने ।
- ✓ पहलकदमी तथा प्रतिष्पर्धामा विजयी भएर नै कम्युनिस्ट पार्टीले शासन गर्ने,
- ✓ जनताको जनवादी राज्यसत्ता लागू हुने,
- ✓ जनताको बहुदलीय जनवादको अवधारणा प्रस्तुत ।



# जनताको बहुदलीय जनवाद
## समाजवादतर्फको नेपाली प्रजातान्त्रिक बाटो

७

> "समाजमा बहुलता छ, जीवनमा बहुलता छ र प्रकृतिमा पनि बहुलता छ । बहुलताको अभावमा द्वन्द्व हुँदैन र द्वन्द्व बिना प्रगति हुँदैन । विकासको प्रतिस्पर्धा प्रकृतिबाट शुरू हुन्छ र प्रतिस्पर्धा बहुलतामै मात्र हुन्छ । प्रतिस्पर्धाबाटै श्रेष्ठता सावित हुन्छ । यसर्थ प्रकृति, जीवन र समाजको यो द्वन्द्वात्मक सत्य राजनीतिमा पनि लागू हुन्छ ।"
>
> - **जनताको बहुदलीय जनवाद** : नीतिगत कार्यपत्रबाट

अहिले हाम्रो देशमा ब्रिटिस-भारतीय मोडेलको बहुदलीय संसदीय शासन प्रणाली जारी छ । २०४६ सालको जन-आन्दोलन पछिका झण्डै एक दशकसम्म शहर केन्द्रित र मध्यम तथा उच्च वर्ग केन्द्रित विकास तुलनात्मक रूपमा हुन गयो । शिक्षा, स्वास्थ्य र संचारको क्षेत्रमा पहिलो ३० वर्षको तुलनामा ज्यादै विकास पनि भयो । सबै भन्दा धेरै त जनताको राजनीतिक चेतना स्तरको विकास हुन गयो । बितेको समयमा प्रहरी प्रशासनको तल्लो तहका कर्मचारी देख्दा समेत लगलग काम्ने जनसमुदाय मन्त्री-प्रधानमन्त्रीको नाकै मुनि औंला पुऱ्याउन सक्ने तहमा हिम्मतिला बन्न पुगे ।

फेरि पनि अहिले हाम्रै समाजमा हिंसात्मक द्वन्द्व र विद्रोह किन ? कस्तो विचारधारामा आधारित समाज व्यवस्थाले नेपाली जनतालाई एकताको धागोमा उन्न सक्ला त? नेपाल ट्रेड यूनियन महासंघ आफूले हातेमालो गर्दै आएको राजनीतिक पार्टी नेपाल कम्युनिस्ट पार्टी (एमाले) द्वारा अघि सारिएको नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादले मात्रै यी समस्या हल गर्नेमा विश्वास गर्दछ । समाजलाई पछाडि तिर फर्काउने खालको राजसंस्थालाई 'रचनात्मक' बनाउने प्रतिगामी सोच र समाजलाई फलामे पर्दाभित्र हुल्ने कम्युनिस्ट पार्टीको एकदलीय शासन व्यवस्था प्रति यसको गम्भीर असहमति छ ।

कुनै पनि आन्दोलन **शक्ति, स्रोत** (सम्पत्ति र आम्दानी) **र अवसरमा** आन्दोलनकारीहरूको **स्वामित्व स्थापित गर्न**को लागि गरिन्छ । उत्पादक शक्ति र उत्पादन सम्बन्ध बीचको अन्तरविरोधबाट क्रान्ति हुने हुँदा त्यसले उत्पादक शक्तिको विकासको स्तर अनुरूपको प्रगतिशील उत्पादन सम्बन्ध कायम गर्छ । तर ०४६ सालको राजनीतिक आन्दोलन पछि स्थापित शक्ति सन्तुलनले बहुदलीय-संसदीय व्यवस्थाको रूपमा "औपचारिक प्रजातन्त्र" लाई मात्र संस्थागत गरी आन्दोलनको उपलब्धि निम्न-मध्यम तथा उच्च वर्गमा मात्र केन्द्रित गऱ्यो, श्रमजीवी जनताको पहुँचबाट पर पुऱ्याई समाजलाई यथास्थितिमा राखेकोले यो परिवर्तन पनि अपर्याप्त रहेको छ ।

## जनताको बहुदलीय जनवाद के हो ?

सामन्तवाद-साम्राज्यवाद विरोधी समाज व्यवस्थाको रूपमा विभिन्न नाममा '**जनवादी व्यवस्था**' विश्वमा लागू भएका छन् । पूँजीपति वर्गको नेतृत्वमा पूँजीवादी शासन व्यवस्था स्थापित गर्न लागू गरिएको व्यवस्था "पुरानो जनवादी व्यवस्था" को रूपमा चिनिएकोले श्रमजीवी जनताको समेत संलग्नतामा लागू गरिएको समाज व्यवस्थालाई चीन लगायतका देशहरूले 'नयाँ जनवाद' 'जनताको जनवाद' 'राष्ट्रिय जनवाद' आदि नाममा अपनाएका छन् । नेकपा (एमाले) ले आफ्नो पाँचौं राष्ट्रिय महाधिवेशनद्वारा पारित गरेको कार्यक्रम जनताको बहुदलीय जनवाद अहिले सम्म विभिन्न देशको मुक्ति आन्दोलन पछि स्थापित विभिन्न मोडेलका जनवादहरूको प्रयोगका क्रममा समेटिएका राम्रा/नराम्रा अनुभवको मूल्यांकनबाट परिस्कृत गरी तयार पारिएको कार्यक्रम हो । जनताको बहुदलीय जनवादले पूर्व सोभियत संघ र पूर्वी युरोपेली मुलुकका कम्युनिस्टहरूले व्यहोरेको नकारात्मक शिक्षा र चीन, क्युबा, भियतनाम लगायतका देशहरूका समाजवाद निर्माणको क्रममा हासिल गरिएको सकारात्मक उपलब्धिलाई पनि आफ्नो आधार बनाएको छ ।

यो कार्यक्रमको नाम- जनताको बहुदलीय जनवादमा **जनताको जनवाद** र **बहुदलीयता** गरी **दुई** प्रकारका शब्दहरू प्रयोग गरिएका छन् । **जनताको जनवाद**ले जबजको **सार**लाई बोकेको छ । जनताको जनवादको सार भनेको क्रान्तिकारीहरूको संयुक्त राज्य सत्ता हो, विगतका कम्युनिस्ट पार्टीहरूले भन्ने गरेको जस्तो सर्वहारा वर्गको मात्र अधिनायकत्व होइन । यो श्रमजीवी वर्गको जनवाद हो, राष्ट्रिय पूँजीको विकास गर्न चाहने निम्न मध्यम वर्गदेखि राष्ट्रिय पूँजीपति वर्गसम्मको जनवाद हो । यो जनवाद सामन्तवाद-साम्राज्यवाद विरोधी सम्पूर्ण देशभक्त, जनवादी र प्रगतिशीलहरूको जनवाद हो ।

जनताको जनवाद जनताको सहभागितामा आधारित लोकतन्त्र हो । त्यसैले जनताको जनवाद आजभोलि भन्ने गरेको सबै जात-जाति र समुदायका जनताको संलग्नतामा हुने 'समावेसी' जनवाद पनि हो । यसले सीमित व्यक्ति वा राजनीतिक नेतृत्वको हातमा शक्ति केन्द्रीकरण गर्ने कुराको विरोध गर्दछ । विकेन्द्रित शासन व्यवस्था र शक्ति पृथकीकरणको नियन्त्रण र सन्तुलन सिद्धान्तको पक्षपोषण गर्दछ । कम्युनिस्ट पार्टीको नेतृत्वमा संचालित कतिपय राज्यहरूमा जस्तो कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई पार्टीको निर्देशनमा संचालन गरिने नियन्त्रित जनवादलाई यसले अस्वीकार गर्दछ ।

## जननेता मदन भण्डारी

कमरेड मदन भण्डारीको जन्म २००९ साल असार १४ गते पूर्वी पहाडको ताप्लेजुंगमा एउटा मध्यम वर्गीय बाहुन परिवारमा भएको थियो । २०२४ सालबाट कम्युनिस्ट कार्यकर्ताको रूपमा आफ्नो गतिविधि शुरू गरेका तीक्ष्ण बौद्धिकता र आकर्षक व्यक्तित्वका धनी कमरेड मदन भण्डारी धाराप्रवाह रूपमा बोल्न सक्ने एवं प्रभावशाली वक्ता, उच्च विश्लेषण क्षमता भएका गतिशील एवं सृजनशील नेताहरू मध्ये विरलै पाइने एक शिखर व्यक्तित्व थिए । उनको त्यही क्षमताले नै उनलाई असल नेता बनायो र जनताको अगाध आस्था उनीप्रति समर्पित भयो ।

२०३५ सालमा नेकपा (माले) को संस्थापक केन्द्रीय सदस्यको रूपमा नेतृत्व पंक्तिमा सामेल भएका कमरेड भण्डारी, २०३७-३९ मा पार्टी भित्रको वैचारिक बहसमा सबैभन्दा खरो सावित हुन पुगे । उनले आम तथा ठोस कार्यक्रम, प्रधान अन्तरविरोध, रणनीति र कार्यनीति जस्ता कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित विवादको चित्त बुझ्दो व्याख्या गरे । उनी २०४१ सालमा पार्टी पोलिटब्युरोको सदस्य भए । २०४६ सालमा नेकपा (माले) द्वारा आयोजित नेकपाको चौथो राष्ट्रिय महाधिवेशनबाट उनी पार्टीको महासचिव चुनिए ।

कमरेड भण्डारी २०४६ सालको जन आन्दोलनका एक प्रमुख योजनाकार थिए । नेकपा (माले) र (मार्क्सवादी) बीच एकीकरण भएपछि पनि उनैले महासचिवको रूपमा पार्टीको नेतृत्व सम्हाले । जन आन्दोलनको सफलता पछि अन्तरिम सरकारको संचालन तथा नयाँ संविधान निर्माणमा उनले पार्टीको नेतृत्व गरे । कमरेड भण्डारी २०४७ साल कार्तिक २३ गते नयाँ संविधानको घोषणा भएपछि मात्र पार्टी महासचिवको रूपमा सार्वजनिक जीवनमा प्रकट भए ।

जननेता मदन भण्डारी- नेपाली जनक्रान्तिको ऐतिहासिक व्यक्तित्व, विचारक, प्रखर वक्ता र समयको आवाज बुझ्ने निर्भिक नेता थिए । विश्व कम्युनिस्ट आन्दोलनले व्यहोरेको गम्भीर धक्काले आएको उथल-पुथल बीच कमरेड भण्डारीले नेपाली आवश्यकता अनुरूप कम्युनिस्ट आन्दोलनमा देखा परेको दायाँ वा बायाँ दुवैतिरको अतिवादलाई चिर्दै 'जनताको बहुदलीय जनवाद' को सिद्धान्त प्रतिपादन गरे, जसलाई नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनले नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा अत्यधिक मतले पारित गर्‍यो । समाजवादतर्फको नेपाली प्रजातान्त्रिक बाटोको रूपमा प्रसिद्ध 'जनताको बहुदलीय जनवाद' को प्रणेता कमरेड भण्डारीको २०५० साल जेठ ३ गते प्रतिक्रियावादीहरूले षडयन्त्रमूलक ढंगले जिप दुर्घटना मार्फत दासढुंगामा हत्या गरे ।



**जननेता मदन भण्डारी**
**(वि.सं. २००९-२०५०)**

जनताको जनवादले समाजमा व्यवस्था कायम गर्न 'जनताको जनवादी राज्य सत्ता' प्रयोग गर्ने नीति अघि सारेको छ । राज्य वर्गीय हुन्छ । राज्यसत्ता भनेको जनवाद र नियन्त्रणको सम्मीश्रण हो । हरेक राज्यले आफ्नो पक्षधर वर्गलाई जनवाद दिने र आफू विरोधी वर्गलाई नियन्त्रण गर्छ अर्थात उसमाथि तानाशाही लाद्छ ।

उदाहरणको लागि हाम्रो देशको अहिलेको राज्य नवउदारतावादी राज्य हो । यसले बलियाको पक्षपोषण गर्छ र निर्धा-निमुखालाई बेवास्ता गर्छ । अर्को भाषामा भन्दा 'बजार अर्थतन्त्र' को नियम अनुरूप बलिया र निर्धा दुवैलाई प्रतिस्पर्धामा छोडिदिन्छ । यस्तो अवस्थामा स्वाभाविक छ, बलियाले जनवादको उपभोग गर्छ, निर्धामाथि अधिनायकत्व थोपरिदिन्छ । यसले राजनीतिको अवमूल्यन गर्दछ र राज्यको लोकहित गर्ने सम्भावनालाई कमजोर बनाउँछ ।

जनवाद भनेको जनताको **मौलिक हक-अधिकार** हो । बहुसंख्यामा रहेका जनताले त्यसको उपभोग गर्ने वातावरण राज्यले दिनुपर्छ । जनताको जनवादले श्रमजीवी तथा बहुसंख्यक जनतालाई जनवाद दिन्छ र अल्पसंख्यामा रहने जाली-फटाहा, असामाजिक तत्त्वमाथि नियन्त्रण गर्छ ।

**शब्दको परिभाषा**

**मौलिक अधिकार**

मौलिक अधिकार भनेको जनताको आधारभूत मानव अधिकार हो। यसभित्र सभा-सम्मेलन गर्ने, चुन्ने-चुनिने, संघ-संस्था खोल्न पाउने, बोल्ने, प्रकाशन गर्न पाउने र राज्यबाट समान व्यवहार पाउने जस्ता अधिकार पर्दछन्।

जबजमा प्रयुक्त अर्को शब्द '**बहुदलीयता**' हो, जसलाई यो 'कार्यक्रम' मा विशेष महत्त्वका साथ उठाइएको छ । 'बहुदलीयता' ले 'जबज' को शासन प्रणालीको स्वरूपलाई व्यक्त गरेको छ । विश्वको कम्युनिस्ट आन्दोलनले एकदलीय वा बहु पार्टी सहयोगात्मक प्रणालीमा आधारित कम्युनिस्ट पार्टीको शासनलाई मात्र प्रयोगमा ल्याएकोले २० सौं शताब्दीभरी नै बहुदलीय पद्धति भनेको गैर कम्युनिस्ट, गैर-जनवादी पद्धति हो भन्ने गलत धारणा प्रचार-प्रसार गरियो । यो कार्यक्रमले प्रकृति, समाज र जीवनमा रहेको बहुलतालाई स्वाभाविक र आवश्यक ठान्ने पार्टीले राजनीतिमा रहने बहुलतालाई किन अस्वीकार गर्ने भन्ने प्रश्न उठाएको छ । बुर्जुवा वर्गले सदियौंदेखि सहज रूपमा व्यवहारमा स्वीकारेको 'बहुलता' लाई त्यो भन्दा पनि प्रगतिशील विचार/दर्शनले अस्वीकार गर्नु गलत हो भन्ने ठोकुवा जबजले गरेको छ । जबजमा उल्लेखित बहुदलीयताले दलहरू बीचको प्रतिस्पर्धा र पहलकदमीलाई स्वीकारेको छ । जबजका प्रमुख सिद्धान्तकार जननेता मदन भण्डारीका अनुसार "कम्युनिस्ट पार्टी आफैं व्यापक जनताको बीचमा परिचित, प्रिय, सम्मानित र पत्यारिलो नेता हुन सक्छ र हुनु पर्छ । जनताको दैनन्दिन संघर्ष र सम्पर्कबाट टाढा, गुप्त कुनामा लुकेको, घाम-पानी नभेलेको कम्युनिस्ट पार्टीले कुनै पनि आन्दोलनको नेतृत्व गर्न सक्दैन ।"

'बहुदलीयता' सँगै जोडिएर दलहरूको पारस्परिक-अस्तित्वको विषय आउँछ। बितेको शताब्दीमा समाजमा रहेको बहुलता र उही वर्गका बीचमा रहेको विविधतालाई नबुझी "एउटै कम्युनिस्ट पार्टी हुनु पर्ने" गलत मान्यताले जनवादी शक्ति बीच एकले अर्कालाई नकार्ने वा प्रतिस्पर्धीलाई मासेर एकछत्र रजाइ गर्ने **अतिवादी** सोचले प्रश्रय पायो । पूँजीवादी क्रान्ति पछि स्थापित तत्कालीन सोभियत संघमा अन्य दल वा वर्गको संगठनको अस्तित्व स्वीकार्ने कुरा त परै जाओस् सत्ताधारी पार्टीकै नेताहरू बीचमा रहेको फरक मतलाई पनि सहन गरिएन । 'जनवादी क्रान्ति' का साझेदार पार्टीहरूलाई क्रान्ति पछि चीनले सत्ता संचालनमा प्रतिस्पर्धा गर्न दिएन, कम्युनिस्ट पार्टीको सहयोगीको तहमा झारी दियो । तर हाल आएर विस्तारै नागरिक समाजले आफ्नो दायरा फराकिलो पार्दै लगेको छ ।

**शब्दको परिभाषा**

**अतिवादी**

सीमा भन्दा बढी हुनु नै अतिवाद हो। राजनीतिक अर्थमा दक्षिणपन्थी वा उग्र वामपन्थी दुवैलाई अतिवादी मान्ने चलन छ।

बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली कुनै निश्चित एकखालको सारतत्त्व भएको राज्यसत्ताको रूप मात्र होइन । अनेक सारतत्त्व भएका राज्यहरूको स्वरूप बन्न सक्छ । यसबेला दुनियाँमा बहुदलीय शासन प्रणाली अन्तर्गत अनेक खालको राज्यहरूले काम गरिरहेका छन् । अर्ध-सामन्ती, अर्ध-औपनिवेशी राज्यहरू पनि बहुदलीय प्रणाली अपनाइरहेका छन् । पूँजीवादी राज्यहरूले पनि त्यो प्रणाली अपनाउँदै आएका छन् ।

त्यसैले, जनताको बहुदलीय जनवादले "पूँजीवादीहरू बीच दलगत रूपमा एक आपसमा प्रतिस्पर्धा हुन सक्छ भने जनवादी शक्तिहरू बीच दलीय आधारमा प्रतिस्पर्धा हुन किन नहुने" भन्ने प्रश्न उठाएको छ । अप्रजातान्त्रिक राज्यको स्वरूप पूँजीवादी हुँदा पूँजीवादी विधान अन्तर्गत दलहरू बीच हुने पहलकदमी र प्रतिस्पर्धाले पूँजीवादी राज्य व्यवस्थालाई नै सुदृढ बनाएको छ । सदियौंदेखि एउटा पूँजीवादी दल असफल हुँदा अर्को पूँजीवादी दलले विकल्पको रूपमा राज्यसत्ताको वागडोर सम्हाल्न पुगेको छ । जनवादी राज्यमा चाहिँ जनवादी विधान आत्मसात गर्ने दलहरू बीच प्रतिस्पर्धा हुन किन नहुने भन्ने प्रश्न यसमा उठाइएको छ ।

एउटा श्रमिकको जीवनमा 'योग्यता अनुसारको काम र काम अनुसारको मजदुरी' को नीति स्वाभाविक र सही हुन्छ भने क्रान्तिको नेतृत्व गर्ने कुनै दल कसैसँग प्रतिस्पर्धा नै नगरी एक छत्र राज्य सत्ताको प्रयोग गर्ने अधिकार पाउने कुरा कसरी प्रजातान्त्रिक हुनसक्छ ?

संक्षेपमा जबजको विशेषतालाई यसरी उल्लेख गरिएको छ -

१. **संविधानको सर्वोच्चता** : कुनै पनि वर्ग, व्यक्ति, संस्था वा पार्टी विशेष संविधान भन्दा माथि रहँदैनन् ।

२. **बहुलवादी खुल्ला समाज** : प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूको बारेमा आफूलाई लागेको कुरा स्वतन्त्र रूपमा बोल्ने अधिकार हुन्छ ।

३. **शक्ति पृथकीकरणको सिद्धान्त** : एउटै संस्था कार्यकारी, विधायिकी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनु हुँदैन ।

४. **मानव अधिकारको रक्षा** : 'मौलिक अधिकार' पूँजीवादीहरूको पेवा होइन, बहुसंख्यक जनताको पक्षमा जनवादको ग्यारेन्टी गर्नेले नै साँचो अर्थमा मानव अधिकारको रक्षा गर्दछ ।

५. **बहुदलीय प्रतिस्पर्धाको प्रणाली** : बहुलता रहेको समाजमा संवैधानिक रूपमा र राज्यको बल समेत प्रयोग गरेर एउटा मात्र पार्टीको एकछत्र अधिकार कायम गर्न खोज्नु निरंकुशता र तानाशाही हो । त्यसैले राजनीतिमा जनताको निर्णायक भूमिका स्थापित गर्न बहुदलीय प्रतिस्पर्धाको प्रणाली अपनाउनु पर्छ ।

६. **आवधिक निर्वाचन** : विचार, कार्यक्रम र नीतिको आधारमा निश्चित अवधि भित्र आम निर्वाचनबाट जनादेश प्राप्त पार्टीले नै राजकीय अधिकार प्रयोग गरी शासन चलाउनु पर्छ ।

७. **बहुमतको सरकार र अल्पमतको विपक्ष** : संगठित प्रतिस्पर्धामा बहुमत प्राप्त गर्नेले नेतृत्व गरेको सरकारको काम-काजलाई अल्पमतमा रहेको विपक्षले आलोचना गर्ने तथा गलत कुराको विरोध गर्ने संवैधानिक व्यवस्था हुनु पर्छ ।

८. **कानुनको शासन** : कानुन अनुसार अधिकार प्राप्त निकायको औपचारिक निर्णयबाट मात्र कसैमाथि दण्ड सजायँ गर्नु पर्छ । सरकार र शक्ति हातमा भएका निकायको स्वेच्छाचारिता अन्त्य गरिनु पर्छ ।

९. **जनताको जनवादी व्यवस्थाको सुदृढीकरण** : समाजवाद त्यसै आकाशबाट झर्दैन । यसको लागि पुरानो व्यवस्थाका शोषण-उत्पीडनका अवशेष सबै क्षेत्रबाट अन्त्य गर्नु पर्छ । नयाँ उत्पादन सम्बन्धको आधारमा क्रमशः भौतिक तथा सांस्कृतिक क्षमतामा वृद्धि गर्नु पर्छ र समाजवादमा संक्रमणको लागि समाजवादको तत्त्वको विकास गर्नु पर्छ ।

१०. **विदेशी पूँजी र प्रविधि** : 'ढोका बन्द' नीतिको सट्टा राष्ट्रिय हितलाई ख्याल गरेर विदेशी पूँजी र प्रविधिको लगानी, संरक्षण तथा उपयोग गर्नु पर्छ ।

११. **क्षतिपूर्ति** : नयाँ समाजको निर्माणमा सकारात्मक योगदान गर्ने सामन्ती वर्गलाई पनि क्षतिपूर्ति दिएर उद्योग, व्यापार व्यवसाय तर्फ स्थानान्तरित गराउने नीति अपनाउनु पर्छ ।

१२. **विदेश नीति** : एकीकृत विश्व कम्युनिस्ट आन्दोलन हाल विद्यमान नरहेकोले आफ्नो देशको क्रान्ति र निर्माणको प्रत्यक्ष लाभ-हानीको हिसाबबाट मात्र विदेश नीति संचालन गर्नु पर्छ ।

१३. **नेतृत्व र अधिनायकत्व** : नेतृत्व संघर्ष, सेवा, पहलकदमी र प्रतिस्पर्धाबाट मात्रै हातमा लिन सकिन्छ । अधिनायकत्व भनेको राज्य हो, जुन मार्क्सवादी दृष्टिकोण अनुसार वर्गीय हुन्छ ।

१४. **जनताको बहुदलीय जनवाद** : सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवाद विरोधी कार्यक्रम हो ।

# ८ जनताको बहुदलीय जनवाद र समाजवाद



# जनताको बहुदलीय जनवाद र समाजवाद

# ८

नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनदेखि नेपालमा पनि एउटा बहस शुरू भएको छ- "जनताको बहुदलीय जनवाद" र वर्तमान बहुदलीय व्यवस्था बीचको भिन्नता के हो ?

'बहुदल' र बहुदलीयता भनेपछि **अहिलेको व्यवस्था**लाई नै जनताको **बहुदलीय जनवाद भन्न किन नहुने** भन्ने तर्क केही केहीले उठाएका छन् । चुनावमा बहुमत हासिल गरी सरकार गठन गर्ने र शान्तिपूर्ण जन आन्दोलनको बाटोबाटै राज्य सत्ता हासिल गर्ने प्रसंगलाई जोडेर जबज र अहिलेको बहुदलमा भिन्नता छैन भन्ने कुरा जोडदार ढंगले उठाउने पनि छन् । अझ २०५१ सालमा एमालेले अल्पमतको सरकार गठन गरेर केही लोक कल्याणकारी गतिविधि गरेपछि त 'जनवादी क्रान्ति' नै सम्पन्न भइसकेको भ्रम पाल्नेहरू पनि नभएका होइनन् ।

अहिले एउटा राजनीतिक प्रणाली, सरकारको गठन र संचालन गर्ने व्यवस्थाको रूपमा बहुदलीय व्यवस्था त कायम भएको छ तर सामन्तवाद तथा साम्राज्यवादको आर्थिक, सामाजिक र साँस्कृतिक आधार तोडिएको छैन, उस्तै नै छ । त्यसैले सरल अर्थमा बुझ्दा अहिलेको राज्य व्यवस्था जनताको बहुदलीय जनवाद होइन, संवैधानिक रूपमा लोक-कल्याणकारी आदर्श बोकेको भारतीय-बेलायती नमूनामा आधारित "औपचारिक प्रजातान्त्रिक" व्यवस्था हो । तर व्यावहारिक रूपमा अहिलेको राज्य व्यवस्था अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक जगमा उभिएको केवल नव-उदारतावादी राज्य व्यवस्था हो । यस्तो व्यवस्थाले समाजमा समता होइन, श्रमजीवी जनता र शोषक वर्ग बीच खाडल फराकिलो पार्दै लैजान्छ । समाजवाद तर्फ होइन, स्वेच्छाचारी पूँजीवाद तर्फ संक्रमण गराउँछ ।

यसको विपरित जनताको बहुदलीय जनवाद, समाजवाद तर्फ अघि बढ्ने संक्रमणकालीन राज्य व्यवस्था हो । सामन्तवाद, साम्राज्यवाद विरोधी आर्थिक, सामाजिक, साँस्कृतिक आधारमा उभिने नयाँ खालको समाज व्यवस्था हो । सामान्यतया 'जनवादी राज्य सत्ता' शान्तिपूर्ण ढंगले नै समाजवादमा संक्रमण गर्ने छ । कम्युनिस्ट पार्टी सत्तामा रहेमा त्यसको अधिकतम लक्ष्य नै समाजवाद हुने हुनाले 'शान्तिपूर्ण रूपमा संक्रमण गर्ने' काम झन् स्वाभाविक हुन्छ तर जनताको बहुदलीय जनवादको स्थापना पछिको संक्रमणकालीन अवधि अपेक्षाकृत लामो हुन्छ भन्ने तर्कको आधारमा 'अहिले जनवादी बनौं, समय आएपछि समाजवादी बनौंला" भनेर यथास्थितिमा रम्ने हो भने समाजवाद आकाशबाट झर्दैन, त्यसै कसैको भागमा आउँदैन । यसको लागि 'जनताको जनवाद' लाई राजनीतिक, आर्थिक,

सामाजिक, साँस्कृतिक सबै हिसाबले सुदृढ बनाउनु पर्छ। प्रतिगमनको खतरालाई पूर्ण रूपले समाप्त पार्न र समाजवादमा फड्को मार्न गम्भीर भौतिक तयारी गर्नु पर्छ। समाजवादको लागि भौतिक तयारी गर्ने भनेको समाजवादको लागि क्षमता वृद्धि गर्ने, समाजवादको दिशामा गतिविधि बढाउने र समाजवादका तत्त्वहरूको क्रमिक विकास गर्नु हो। यसको लागि जोर जबर्जस्ती गरेर होइन बहुमत जनताको मन जितेर उनीहरूकै समर्थनमा समाजवादमा संक्रमण गर्नु हो।

## समाजवाद सम्बन्धी हाम्रो दृष्टिकोण

"समाजवाद एउटा उन्नत स्तरको समाज व्यवस्था हो, जहाँ मानिसमाथि मानिसले गर्ने शोषणको अन्त्य हुनेछ। वर्ग भेदहरू क्रमशः मेटिँदै जानेछन्। मानिस पूर्ण रूपले समाजमाथि निर्भर रहने छ। यस्तो समाजमा श्रमजीवी वर्ग सम्मानित हुन्छ, श्रमिक जनताको जीवन समृद्ध हुन्छ।"

जिफण्टको चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित सचिवालयको प्रतिवेदनमा समाजवाद सम्बन्धी हाम्रो मान्यता यसरी प्रस्तुत गरिएको छ। यसको अर्थ हो- एउटा समाज व्यवस्था समाजवादी हुन त्यो समाजमा श्रमजीवी वर्गको मर्यादित स्थान कायम हुनु पर्छ। यसका अतिरिक्त त्यो समाज व्यवस्थामा मुख्यतः निम्न चार प्रकारका गुण हुनु आवश्यक छ। यी चारवटै तत्त्वहरू महत्त्वपूर्ण छन् र एक आपसमा सम्बन्धित तथा परस्पर आधारित पनि छन्।

- जनवाद
- समानता
- स्वतन्त्रता
- अर्थतन्त्रको प्रभावशाली भागको सामाजिकीकरण

## समाजवादी जनवाद

समाजवादमा व्यक्तिको भोट हाल्ने अधिकार, मौलिक मानव अधिकार, लोक कल्याणकारी न्यायोचित संवैधानिक व्यवस्था, स्वतन्त्र न्यायालय जस्ता विषयहरू खत्तम गरिँदैन। कुनै समयमा कम्युनिस्ट आन्दोलनले गल्ती गरेझैं यस्ता विषयलाई "बुर्जुवा प्रजातन्त्र" भन्दै उपेक्षा गर्ने काम हामीले गर्नै हुँदैन। नेपालको सन्दर्भमा त युगौंसम्म सामन्ती सरदारहरूको हैकम, राणाहरूको एक शताब्दी भन्दा लामो जहानिया निरंकुश शासन र निरंकुश राजतन्त्रको ३० वर्षे एक दलीय तानाशाही शासनबाट वाक्क भएका जनताले जनवादी अधिकारको विपक्षमा सोच्न पनि

सक्दैनन् । त्यसैले समाजवादमा जनवाद भनेको जनवादी अधिकारलाई समाजको सबै पक्षको जरा-जरामा पुऱ्याउने काम हो । जबजको आधारमा भन्नु पर्दा यस्तो जनवादमा विकेन्द्रीकरणको सिद्धान्त अनुरूप तल्लो तहका सामाजिक इकाइलाई सबल र सुदृढ पार्दै शासन व्यवस्थामा सबै तह र तप्काका जनतालाई समावेश गराउने काम हुनेछ । शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा पारस्परिक सहयोगमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई स्वतन्त्र एवं स्वायत्त ढंगले परिचालित गर्ने सहभागितामूलक जनवाद हुनेछ । त्यसैले जनवादमा परम्परागत **आभिजात्य**हरूको वर्गीय हैकम वा बुर्जुवा वर्गको केवल बहुमत अल्पमतको निर्वाचन प्रणालीमा आधारित "औपचारिक जनवादी" अधिकार मात्र होइन वर्ग, जात-जाति, समुदाय तथा क्षेत्रीय सन्तुलनमा आधारित समावेशी जनवादी समाज व्यवस्था कायम हुनेछ ।

तर "समाजवादी-स्वर्ग" मा सबै थोक पाइ हालिन्छ भनेर अहिले जनताको संघर्षद्वारा प्राप्त उपलब्धिलाई उपेक्षा गर्ने मुर्ख्याइँ गऱ्यौं भने 'समाजवादी-जनवाद' लाई समाजको जरा-जरामा पुऱ्याउने भन्ने विषय बौद्धिक छलफलको कुरा मात्र हुन जानेछ । जिफन्टको चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित सचिवालयको प्रतिवेदनमा उल्लेख गरिए झैं "समाजवाद एउटा स्वैर-कल्पना वा आफसेआफ प्रकट हुने 'अद्‌भूत' नतिजा नभएर एउटा निरन्तर प्रक्रिया भएको" ले हालसम्मको संघर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै थप अधिकारको लागि जनतालाई अधिकार सम्पन्न गर्नु पर्छ । यसो नगरे व्यापक अर्थको प्रतिनिधिमूलक, सहभागितामा आधारित प्रत्यक्ष एवं कार्यमूलक जनवादी संस्थाहरू सुदृढ गर्ने क्रममा हाम्रो समाजमा विद्यमान परम्परागत आभिजात्य वर्ग, बुर्जुवा वर्ग र श्रमजीवी जनता बीच सृजना हुने द्वन्द्वमा श्रमिक वर्गले पराजय भोग्न बाध्य हुनु पर्नेछ ।

**शब्दको परिभाषा**

**आभिजात्य**

कथित कुलघरानाका धनाढ्य परिवारहरूको रहन-सहन, जीवन शैली, रवाफ र समाजका अरू सदस्यमाथि उनीहरूले गर्ने हैकमी व्यवहार नै आभिजात्य हो। वंशानुगत शासन व्यवस्था हुँदै आभिजात्य संस्कृतिको शुरूवात राजा महाराजाबाट भई भाइ-भारदार र शासनका उच्च पदस्थ मानिसहरूमा स्थापित भयो। सामन्ती समाज र पूँजीवादी समाज दुबैमा उच्च वर्गमा रहेको व्यक्तिले यसलाई अपनाउन तथा कायम राख्नुमा आफ्नो इज्जत बढेको ठाने। सम्भ्रान्त र कुलीन भनेर पनि आभिजात्य वर्गका मानिसलाई चिनिन्छ।

## समाजवादमा समानता

समाजवाद भन्नासाथै 'समानता' मा आधारित समाज व्यवस्था भनेर सबैले बुझ्छन् । त्यसैले **समानता** भनेको शोषणमूलक समाज व्यवस्थामा रहेको **आम्दानी, सम्पत्ति, शक्ति र अवसरमा रहेको असमानतालाई अन्त्य** गर्नु हो ।

तर, कतिलाई के भ्रम छ भने समाजवादी समानता भनेको ठूलो ड्रममा भात पकाएर सबैले दामासाहीमा बाँडेर खाने कुरा हो । अझ नेपालका पूँजीवादी लेखकहरूले त "कम्युनिस्टहरूले भनेको समानता सम्पत्तिको वितरण होइन, गरीबीको वितरण हो" समेत भनेका छन् । छिमेकमा रहेको मित्र राष्ट्र चीनको जनताले नयाँ

जनवादी क्रान्ति लगत्तै लगाउने गरेको 'खैरो माओ-कोट' र उत्तर कोरियाका जनताले लगाएको 'किम इल सुङ -कोट' लाई देखाएर कतिले त समाजवाद भनेको "खैरे समानता' हो, उस्तै लुगा, उस्तै खाना, उस्तै काम र उत्ति नै तलब थाप्ने काम हो भन्ने जस्ता गलत मान्यता बोकेका छन् ।

'हातका पाँच औंला बराबर हुँदैनन्' भने झैं समाजवादी समाजमा पनि सबै जनता, सबै तह र तप्का "उस्तै उस्तै" हुँदै हुँदैनन् । त्यहाँ पनि जनता- जनता बीच भेद रहन्छ । उनीहरूको क्षमता, स्वाद, रुचि, भावना, संस्कृति फरक फरक हुन्छ । त्यस्तो समाजमा पनि कामको विभाजन हुन्छ । सबै 'मजदुर- सबै मालिक' भन्ने हुँदैन । सबै डाक्टर, सबै इन्जिनियर, सबै प्रोफेसर वा समाज शास्त्री, अर्थ शास्त्री हुँदैनन् ।" त्यहाँ पनि व्यवस्थापन हुन्छ, श्रमिकदेखि सुपरभाइजर-म्यानेजर... सबै पदाधिकारिहरू हुन्छन् । प्रत्येक व्यक्तिको रुचि, क्षमताको आधारमा 'योग्यता अनुसारको काम - काम अनुसारको मजदुरी' को व्यवस्था हुन्छ । पूर्व सोभियत संघमा जस्तो 'आवश्यकता अनुसारको दरवन्दी, दरवन्दी अनुसारको तलबी रोजगारी' को कर्मचारीतन्त्र हुँदैन । त्यसैले समाजवादी समानता भनेको जनता-जनता बीच रहेको भिन्नतालाई सामाजिक न्यायको हिसाबले व्यवस्थापन गर्ने काम पनि भन्न सकिन्छ ।

## समाजवादी स्वतन्त्रता

जनवादको विस्तारको माध्यमबाट समाजमा रहेको असमानता हटाउनु नै स्वतन्त्रताको आधार हो भन्न सकिन्छ । पूँजीवादी प्रवक्ताहरूले पूँजीवादमा 'व्यक्तिगत स्वतन्त्रता' र 'रुचि अनुसारको काम गर्ने स्वतन्त्रता' हुने ठूलो हल्ला-खल्ला गर्ने गरेको पाइन्छ । तर हामी सबैले भोगेको कुरा के हो भने शोषणमूलक सबै समाज व्यवस्थामा बहुसंख्यामा रहेका श्रमजीवी जनताको निजी जीवनमा **वैयक्तिक** स्वतन्त्रता र अवसर कहाँ रहेको छ ? पूँजीवादी प्रणालीले तोकि दिएको घेरामा उनीहरूको सम्पूर्ण रुचि र अवसर कैद गरिन्छ । यसको विपरित समाजवाद भनेकै 'एक कदम अगाडि रहेको' समाज व्यवस्था भएकोले त्यहाँ जनताको व्यक्तिगत वा सामूहिक इच्छा आकाँक्षा घटाउने वा सीमित पार्ने होइन थप्ने र विस्तार गर्दै लैजाने काम हुन्छ । त्यसैले समाजवादी स्वतन्त्रता भनेको अन्धविश्वास, गरीबी र भोक, अपमान र अशिक्षा, डर-त्रास र बेरोजगारी र वर्गीय, जेण्डर तथा जात-जाति आधारित उत्पीडनबाट हुने स्वतन्त्रता हो भन्न सकिन्छ ।

**शब्दको परिभाषा**

**वैयक्तिक**

शाब्दीकरूपमा वैयक्तिक भनेको व्यक्तिगत भनेको हो। यसलाई व्यक्तिलाई प्राप्त स्वतन्त्रता वा व्यक्तिद्वारा लेखिएका कुरा पूरा गर्न वाध्य हुने र पूरा नगरेको खण्डमा निर्धारित दण्डस्वरूप दिनलाई स्वतः जिम्मेवार हुने गरी लेखिएको प्रतिज्ञा पत्रको प्रसंगमा पनि उल्लेख गरिन्छ।

**समाजवाद र सामाजिकीकरण** : समाजवाद भनेको **अर्थतन्त्रको प्रभावशाली भागको सामाजिकीकरण गर्ने** काम हो । यो जनवादको निर्वाध विस्तार, दिगो समानता र स्वतन्त्रताको लागि अत्यावश्यक आधार हो । विगतका समयमा अर्थतन्त्रको 'सामाजिकीकरण गर्ने नाममा कल/कारखाना, उद्योग व्यवसायलाई 'राष्ट्रियकरण' गर्ने र सत्तामा रहेको वर्गद्वारा राज्यको केन्द्रीय योजना निर्माण गर्ने जस्तो भ्रामक काम हुन गयो ।

त्यसैको आधारमा कतिपय सैनिक तानाशाहहरूले पनि उद्योग धन्धा राष्ट्रियकरण गर्दै आफ्नो शासन व्यवस्थालाई "समाजवादी" भनेर समाजवादको वेइज्जती गर्न पुगे । जबकि अर्थतन्त्रको सामाजिकीकरण भनेको व्यापक र समृद्ध अवधारणा हो । यसले अर्थतन्त्रमा कानुनी रूपमा राज्यको स्वामित्व स्थापित गर्ने काम मात्र गर्ने नभएर श्रमजीवी जनतालाई राष्ट्रिय पूँजीको विकासमा सहभागी गराउँछ र उनीहरूलाई सशक्त पार्छ। त्यसैले सरल भाषामा भन्नु पर्दा अर्थतन्त्रको सामाजिकीकरण भनेको सम्पत्तिमाथि श्रमिक वर्गको अधिकार स्थापित गर्ने काम हो । यसले कार्यथलोमा श्रमिकहरूको वास्तविक शक्ति स्थापित गर्छ, त्यहाँ गरिने आवश्यक निर्णय प्रक्रियामा उनीहरूको संलग्नता स्वतः हुन जाने हुँदा कार्यथलोमा उत्पादन प्रक्रिया र उत्पादन विस्तारको व्यवस्थापनमा समेत श्रमिक वर्गको नियन्त्रण स्थापित हुन पुग्छ । यसले उनीहरूको अर्थतन्त्रमाथिको स्वामित्वमा विस्तार गर्छ । राष्ट्रिय वचतलाई सामाजिक कार्यमा लगानी गर्न र राष्ट्रिय बजेट निर्माणमा समेत उनीहरूको हस्तक्षेप विस्तार हुन जान्छ । तर सामाजिकीकरणको नाममा गरिने अर्थतन्त्रको राष्ट्रियकरण तथा शासक वर्गबाट हुने त्यसको दुरूपयोग र विकेन्द्रीकरण वा निजीकरणको नाममा गरिने सार्वजनिक संपत्तिको खुल्ला विक्री-वितरण दुवै समाजवादका लागि घातक कार्य हुन् भन्ने कुरा यहाँ बिर्सनु हुँदैन । संक्षेपमा, अर्थतन्त्रको सामाजिकीकरणले विभिन्न रूपको सामाजिक स्वामित्वका क्षेत्रलाई विस्तार गर्छ । जुन निम्नानुसार छन्-

- विभिन्न सार्वजनिक संस्थानहरूमा राज्यको स्वामित्व वा व्यवस्थापन
- नागरिक समाजका संस्थाहरू (जस्तै उपभोक्ता समूह, ट्रेड यूनियन, संसदीय समितिहरू, आम संचार क्षेत्र आदि) बाट प्रजातान्त्रिक नियन्त्रण
- सहकारी क्षेत्रको निरन्तरता र विस्तार
- संचयकोष, नागरिक लगानी कोष, पेनसन कोष आदि जस्ता कोषमा संचित सामाजिक पूँजीको सक्रिय प्रयोग

- निजी क्षेत्रका साना तथा घरेलु उद्योगको विकास ।

त्यसैले समाजवादी समाज व्यवस्थामा -

- अर्थतन्त्रको प्रभावशाली अंश सामाजिक क्षेत्रमा हुनु पर्छ । उदारहणको लागि शिक्षा, स्वास्थ्य, संचार, संस्कृतिका खास क्षेत्र र सार्वजनिक आवास जस्ता विषयलाई यसमा उल्लेख गर्न सकिन्छ ।
- राष्ट्रिय तथा स्थानीय तहमा योजना निर्माणमा जनताको प्रजातान्त्रिक संलग्नता र सहभागिता हुनु पर्छ ।
- नागरिक जीवनमा जनवादी संस्कृतिको विस्तार हुनु पर्छ ।
- आम्दानी, सम्पत्ति, शक्ति र अवसरमा जनता-जनता बीच निश्चित प्रकृतिको समानता हुनु पर्छ ।

# १ सामाजिक क्रान्तिको सन्दर्भमा

## श्रमिक वर्गको भूमिका



# सामाजिक क्रान्तिको सन्दर्भमा श्रमिक वर्गको भूमिका

९

हाम्रो राजनीतिक लक्ष्य समाजवाद प्राप्त गर्ने बाटो सहज र सरल छैन । मजदुर वर्गको मात्रै प्रयत्नले समाजवाद प्राप्त हुने पनि होइन । समाजवादको स्थापना र विकासमा राजनीतिक दलहरूको नेतृत्वदायी भूमिका हुन्छ । त्यसकारण नै हामीले विचार मिल्ने, भावना मिल्ने राजनीतिक दलहरूसँगको सहकार्यलाई उच्च प्राथमिकता दिएका हौं । समाजवाद प्राप्तिका लागि रचनात्मक, सृजनशील र व्यावहारिक ढंगले काम गरिरहेका राजनीतिक दलसँग सहकार्य गरेर नै नेपाली समाजको क्रान्तिकारी रूपान्तरण र समाजवाद प्राप्ति तथा विकासमा मजदुरको भूमिकालाई प्रभावकारी बनाउन सकिन्छ । दलहरूसँग सहकार्य नगरी अराजनीतिक देखिन खोज्ने शैलीले मजदुरवर्गको भूमिकालाई आर्थिक मागको सामूहिक सौदावाजीमा मात्र सीमित गरिदिन्छ । हामी मजदुर वर्गको परिवर्तनकारी रूपान्तरणकारी भूमिकालाई सीमित बनाउन चाहँदैनौ, अझ जीवन्त र व्यापक बनाउन चाहन्छौ । समाजवादी आन्दोलनको पहिलो चरणमा ट्रेड यूनियनहरूले राजनीतिक माग पूरा गर्न आफैले दल खोले । दोस्रो विश्व युद्धपछि भने अधिकांश राजनीतिक दलहरूले आ-आफ्नो ट्रेड यूनियन बनाए । यस्तो पृष्ठभूमिमा ट्रेड यूनियन र दलहरूबीचको सम्बन्ध कस्तो हुनु पर्छ भन्नेमा बहस जारी छ । हाम्रो विचारमा ट्रेड यूनियनहरूको सम्बन्ध दलहरूको "मजदुर शाखा" को रूपमा भन्दा घनिष्ठ सहयात्रीको रूपमा हुनु बढी उपयुक्त हुन्छ । तर एक दलसँग अत्यन्त घनिष्ठ सम्बन्ध हुँदैमा अरूसंग सामान्य सम्बन्ध पनि नरहने खालको स्थिति पनि स्वीकार्य हुन सक्दैन । व्यक्तिगत रूपमा ट्रेड यूनियनका नेता-कार्यकर्ताहरू जुनसुकै राजनीतिक दलको सदस्य बन्न वा कुनै पनि राजनीतिक दलका सदस्य नबन्न स्वतन्त्र हुन्छन् । यसले श्रमिक वर्गको भूमिकामा तात्विक अन्तर ल्याउँदैन । यसरी ट्रेड यूनियन संगठनहरू र राजनीतिक दलहरू बीचको सम्बन्ध नङमासुको सम्बन्ध भएर पनि नङ र मासु फरक-फरक नै हुन्, नङ मासु होइन र मासु नङ होइन भन्ने कुरामा हामी स्पष्ट रहनु पर्छ ।

सामाजिक क्रान्तिमा श्रमिकवर्गको भूमिकालाई यसरी बुँदामा उल्लेख गर्न सकिन्छ-

१. सामाजिक रूपान्तरणमा सहकार्य, राजनीतिक दल र सामाजिक आन्दोलनसँग उन्नत समाजवादी प्रजातन्त्रको लागि र सामाजिक न्यायको लागि गरिने सबैखाले प्रयत्नहरू र आन्दोलनहरू

२. औद्योगिक प्रजातन्त्रको विकास- उत्पादनको आधुनिकीकरण, ज्याला र सामाजिक सुरक्षा लगायत श्रमजीवी वर्गको जीवनस्तर र समृद्धिको लागि आर्थिक क्षेत्रबाट गरिने कामका लागि सरकार, रोजगारदाता र अन्य सामाजिक संगठनहरूसँग अन्तरक्रिया र सहकार्य तथा आन्दोलनहरू

३. राष्ट्रिय नीतिहरूमा हस्तक्षेप- श्रमिकवर्गको जीवनलाई प्रभावित गर्ने सबै खाले नियम-कानुन नीति कार्यक्रममा श्रमिकमुखी परिवर्तनका लागि गरिने लविईङ र हस्तक्षेप

४. परिवार, कार्यथलो र समाजमा सामाजिक रूपान्तरणका लागि वैचारिक संघर्ष, चेतना अभिवृद्धि कार्यक्रम, ट्रेड यूनियन शिक्षा अभियान

५. तीव्र गतिले श्रमजीवीहरूको यूनियनीकरण र श्रमिक हित तथा कल्याणका लागि कानुनी, सामाजिक र राजनीतिक संघर्षहरू

श्रमिकहरू इतिहासका निर्माता हुन् । हरेक समाज व्यवस्थामा उनीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । सामाजिक क्रान्तिको सन्दर्भमा त उनीहरू अगुवा तत्त्व नै हुन् । त्यसैले क्रान्तिको नेताको रूपमा मजदुर वर्गलाई उल्लेख गर्ने गरिएको हो । मजदुरहरूको संगठित संस्था भनेको ट्रेड यूनियन हो । यस अर्थमा सामाजिक क्रान्ति र समाजवाद निर्माणमा ट्रेड यूनियनको भूमिका कुनै पनि जन-संगठन भन्दा प्रमुख हुन्छ ।

समाजवाद र श्रमिक वर्गको सन्दर्भमा जिफन्टको चौथो राष्ट्रिय महाधिवेशनले ठहर गरेको छ- “सबै श्रमजीवी वर्गका लागि उन्मुक्त, स्वतन्त्र र समृद्ध जीवन हाम्रो अन्तिम गन्तव्य हो । र, त्यसैले समाजवाद हाम्रो राजनीतिक लक्ष्य हो ।”

यही लक्ष्य प्राप्त गर्नका लागि केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय स्तरका ट्रेड यूनियनहरूमा “**समाजवादी अध्ययन समूह**” गठन गरी राजनीतिक प्रशिक्षण अभियान शुरू गर्ने निर्णय महाधिवेशनले गरेको हो । समाजवादका विभिन्न मोडेलहरू विश्वस्तरमा प्रयोग भइसकेका छन् । त्यसैले नेपाली मोडेलको समाजवादको लागि आफ्नो क्षमता वृद्धि गर्न र समाजवादको आधार तयार गर्न हाम्रो अभियान जारी छ ।

## ट्रेड यूनियन र राजनीतिक पार्टीको सम्बन्ध – केही उदाहरण

विश्वमा ट्रेड यूनियन र राजनीतिक पार्टी बीचको सम्बन्ध फरक-फरक प्रकृतिको रहेको छ । कतै ट्रेड यूनियन आन्दोलनले राजनीतिक पार्टी स्थापना गरेको छ भने कहीं राजनीतिक आन्दोलनले ट्रेड यूनियनलाई जन्म दिएको छ । पहिलो विश्वयुद्ध अघि जहाँ जहाँ श्रमिक आन्दोलन भयो, त्यहाँ त्यहाँ ट्रेड यूनियनहरूले पार्टी गठन गरेको पाइन्छ । उदाहरणको लागि युरोपलाई लिन सकिन्छ ।

**स्वीडेनमा** सन् १८८१ मा पहिलो ट्रेड यूनियन गठन भयो । त्यसको आठ वर्षपछि सन् १८८९ मा ट्रेड यूनियनहरूले **सोसल डेमोक्रयाटिक पार्टी** गठन गरे । यो ऐतिहासिक कारणले आजसम्म स्वीडेनको ट्रेड यूनियन आन्दोलनको पार्टी राजनीतिमाथि निकै ठूलो प्रभाव कायम छ । त्यहाँको ट्रेड यूनियन- **एल ओ** को अध्यक्ष सधैं पार्टीको केन्द्रीय कमिटीमा सदस्य रहने व्यवस्था छ ।

त्यस्तै **जर्मनीको** ट्रेड यूनियन केन्द्र **डिजिबी** का अध्यक्ष पनि त्यहाँको **सोसल डेमोक्रयाटिक पार्टी**को केन्द्रमा अनिवार्य चुनिन्छन् । लगभग यस्तै प्रकारको परम्परा पश्चिम युरोपका सबै सामाजिक जनवादी पार्टी तथा ट्रेड यूनियनहरू बीच रहि आएको छ ।

**दक्षिण अफ्रिकामा** ट्रेड यूनियन, आम राजनीतिक आन्दोलन तथा कम्युनिस्टहरूले वृहत राष्ट्रिय मोर्चा निर्माण गरेका छन् । चर्चित नेता नेल्सन मंडेलाको पार्टी अफ्रिकी राष्ट्रिय कांग्रेस (**एएनसी**) ट्रेड यूनियन केन्द्र तथा कम्युनिस्ट पार्टीले गठन गरेको हो । हाल यी तीन संस्था बीच त्रिपक्षीय संयन्त्र (ट्राइपार्टाइट अलायन्स) नामक साझा संयन्त्र निर्माण गरिएको छ । यी तीनवटै संगठन स्वायत्त हुन् र स्वतन्त्र रूपमा काम गर्दछन्, साथ साथै एउटै व्यक्ति तीनवटै संगठनमा सदस्य पनि छन् । सरकार चलाउने, सांसद उठाउनेदेखि राज्यको नीति निर्माण गर्नेसम्मका काम केन्द्रदेखि तलैसम्म खडा गरिएको यस्तै संयन्त्रको निर्णयमा मात्र गरिन्छ । कँग्रेस अफ साउथ अफ्रिकन ट्रेड यूनियन्स (**कोसाटु**) जस्तो ट्रेड यूनियन केन्द्र, दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी (**एसएसीपी**) जस्तो वर्गीय पार्टी र अफ्रिकी राष्ट्रिय कांग्रेस जस्तो खुकुलो राजनीतिक संगठनका आ-आफ्नै गुनासा र दावी साझा संयन्त्रमा छलफल गरेर हल गरिन्छ ।



**दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति मण्डेला**

**ब्राजिलको** ट्रेड यूनियन- **कुट**ले त्यहाँको सत्ताधारी पार्टी - **पिटी** (श्रमिक पार्टी) लाई निर्देशित गर्छ । **कुट**का पूर्व **अध्यक्ष लुला** अहिले त्यहाँको राष्ट्रपति छन् ।



**ब्राजिलका राष्ट्रपति लुला**

र उनको अन्तरराष्ट्रिय छवि ट्रेड यूनियन नेताको रूपमा प्रशिद्ध छ ।

पूर्वी एशियामा **दक्षिण कोरियाको** सघर्षशील ट्रेड यूनियन **केसिटियू**ले कोरियाली प्रजातान्त्रिक लेबोर पार्टी (**डिएलपी**) बनाएको छ । त्यसको केन्द्रीय कमिटीमा केसिटियूका अध्यक्ष पदेन सदस्य छन् । डिएलपी एक दशकभन्दा छोटो अवधिमै दक्षिण कोरियाको प्रगतिशील विकल्प एवं तेस्रो ठूलो दल बनिसकेको छ ।

नेपाल लगायत **दक्षिण एसिया** तथा कतिपय अन्य एसियाली मुलुकमा भने अलि फरक परम्परा रहि आएको छ । विशेष गरी भारतीय प्रभाव अनुरूप यहाँ बहुदलीय परिपाटी अनुरूपको दल बन्दछन् र ती दलहरूले आ-आफ्नो ट्रेड यूनियन लगायतका जनसंगठन निर्माण गर्छन् । दक्षिण अफ्रिका, ब्राजिल, युरोप र दक्षिण कोरिया लगायतका देशहरूमा श्रमिकहरूको अधिकार राजनीतिक आन्दोलनमा स्थापित गर्न ट्रेड यूनियनले पार्टीमा नेता खटाए जस्तै यहाँ पार्टीहरूले ट्रेड यूनियनहरूमा आफ्नो राजनीति स्थापित गर्न पूर्णकालीन नेता खटाउने परम्परा रहि आएको छ ।

# एकीकृत नेपाल अधिराज्यको राजनीतिक घटनाक्रम

१८२५ पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरी नेपाल अधिराज्यको स्थापना

१८४९ चीनले तिब्बतलाई आफूमा गाभेपछि नेपालको उत्तरी सीमा विस्तारको अन्त्य

१८७१ नेपाल भारत युद्ध र सुगौली सन्धिसँगै नेपालको सीमाना घटेर हालको अवस्था कायम

१९०३ राणा शासनको शुरूवात

१९८० नेपालको सार्वभौमसत्ता सम्बन्धी बेलायतसँग सम्झौता

२००३ नेपाली काँग्रेसको पार्टीको स्थापना

२००६ नेपाल कम्युनिस्ट पार्टीको स्थापना

२००७ राणा शासनको अन्त्य र राणा-कांग्रेस संयुक्त सरकार गठन

२००८ पहिलो पटक सगरमाथामा मानव पाइला

२०११ नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त/ राजा त्रिभुवनको देहावसान, राजा महेन्द्रको शासन शुरू

२०१५ बहुदलीय शासन व्यवस्था सम्बन्धी संविधान घोषणा र पहिलो आम निर्वाचन सम्पन्न

२०१७ राजा महेन्द्रद्वारा संसदको खारेजी गर्दै, दलमाथि प्रतिबन्ध

२०१९ नयाँ संविधानको घोषणा गर्दै पंचायती व्यवस्थाको शुरूवात

२०२० राष्ट्रिय पंचायतको पहिलो निर्वाचन

२०२८ राजा महेन्द्रको निधन र श्री ५ वीरेन्द्रको राज्यारोहण

२०३५ नेकपा मालेको गठन

२०३७ विद्यार्थी आन्दोलनको कारण "सुधारिएको पंचायत वा बहुदलीय व्यवस्था" को विकल्पसहितको जनमत संग्रह

२०४२ नेपाली कांग्रेसले बहुदलीय व्यवस्थाको पुनर्स्थापनाको लागि सत्याग्रह, जनवादी मोर्चाद्वारा विभिन्न भागमा वम विस्फोटन

२०४३ नेकपा मालेद्वारा राष्ट्रिय पंचायतको निर्वाचनको उपयोग र पाँच जना जनपक्षीय उम्मेदवारहरू निर्वाचित

२०४६ नेपाल भारत व्यापार तथा पारबहन सन्धिको विवाद र नाकाबन्दी

नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) को स्थापना

२०४६ जन आन्दोलनको सफलता र बहुदलीय व्यवस्थाको स्थापना

२०४७ नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा

२०४८ पहिलो आम निर्वाचन सम्पन्न, संसदमा नेपाली कांग्रेसको बहुमत

२०५० दासढुंगा काण्डमा मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय हत्या

२०५१ कोइराला सरकारद्वारा संसद भंग, दोस्रो आम निर्वाचनको घोषणा

नेकपा एमाले सबैभन्दा ठूलो पार्टीको रूपमा निर्वाचित र मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन

२०५२ नेकपा एमालेको सरकार विघटन र देउवाको नेतृत्वमा संयुक्त सरकार गठन

नेकपा माओवादीद्वारा गणतन्त्रको माग गर्दै

शसस्त्र आन्दोलनको शुरूवात

२०५५ तेस्रो आम निर्वाचन सम्पन्न, नेपाली काँग्रेसलाई पुनः बहुमत प्राप्त र कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त

२०५६ कृष्णप्रसाद भट्टराईलाई सरकारबाट हटाई गिरिजा प्र. कोइराला पुनः प्रधानमन्त्रीमा नियुक्त

२०५८ जेठ १९ गते राजदरबार हत्याकाण्ड, श्री ५ वीरेन्द्रको वंश नास

जेठ २२ गते श्री ५ ज्ञानेन्द्र राजगद्दीमा आसिन

असारमा देउवा सरकारको गठन र माओवादीसँग पहिलो वार्ता शुरू

मंसिरमा विना निष्कर्ष वार्ता भंग र शाही सेनाको व्यारेकमा माओवादी आक्रमणको शुरूवात

संकटकालको घोषणा र माओवादी आन्दोलन विरुद्ध सैनिक परिचालनको शुरूवात

२०५९ जेठ, संसद विघटन र कार्तिकमा आमनिर्वाचनको मिति घोषणा

असोज, निर्वाचन चौध महिना पछि सार्नको लागि देउवाद्वारा गरिएको सिफारिस अस्वीकार गर्दै १८ गते निर्वाचित सरकार विघटन गरी राजाद्वारा कार्यकारी अधिकार आफैंले लिएको घोषणा

राजाद्वारा लोकेन्द्र बहादुर चन्दलाई प्रधानमन्त्री नियुक्ति

माघमा माओवादी-सरकार बीच युद्ध विराम

२०६० बैशाख २१ गते राजाको प्रतिगमन विरुद्ध जनआन्दोलनको घोषणा

जेठ महिनामा चन्द सरकारको राजीनामा, पार्टीहरूद्वारा एमाले महासचिव माधव नेपाललाई प्रधानमन्त्रीको सर्वसम्मत उम्मेदवार प्रस्ताव, पार्टीहरूको सिफारिसलाई वेवास्ता गर्दै सूर्यबहादुर थापालाई राजाद्वारा प्रधानमन्त्री नियुक्त

भदौमा सरकार माओवादी बीचको वार्ता भंग, पुनः युद्धको शुरूवात, प्रतिगमन विरोधी आन्दोलन दवाउने नाममा काठमाडौंलाई दंगाग्रस्त क्षेत्र घोषणा

चैत्र १९ बाट प्रतिगमन विरोधी काठमाडौं केन्द्रित आन्दोलन शुरूवात

२०६१ बैशाख, सूर्यबहादुर थापाद्वारा राजीनामा, राजाले असक्षमको आरोपमा बर्खास्त गरेका देउवा पुनः प्रधानमन्त्रीमा नियुक्त, एमाले सहितको संयुक्त सरकार गठन ।